
# दोस्रो आवधिक योजना

## (आ.व. २०८३/८४-२०८७/८८)




## शहिद लखन गाउँपालिका

### गोरखा

# दोस्रो आवधिक योजना

(आ.व. २०८३/८४–२०८७/८८)

## शहिद लखन गाउँपालिका

गोरखा

# विषय सूचि


| शिर्षक | पृष्ठ |
|---|---|
| **परिच्छेद एकः पृष्ठभूमि** | **१** |
| १.१ आवधिक योजनाको पृष्ठभूमि | १ |
| १.२ प्रथम आवधिक योजनाको उपलब्धी समीक्षा | २ |
| **परिच्छेद दुईः गाउँपालिकाको परिचय** | **५** |
| २.१ भौगोलिक अवस्थिति तथा भू-उपयोग | ५ |
| २.२ गाउँपालिकाको जनसंख्या | ६ |
| **परिच्छेद तीनः दोस्रो आवधिक योजना** | **९** |
| ३.१  पृष्ठभूमि | ९ |
| ३.२ विकासका समस्या तथा चुनौती | ९ |
| ३.३ सम्भावना तथा अवसर | ११ |
| ३.४ दोस्रो आवधिक योजनाको आधार | १३ |
| ३.५ दीर्घकालीन सोच तथा लक्ष्य | १३ |
| ३.६ विकासमा विभिन्न क्षेत्रको भूमिका | १५ |
| ३.७ योजनामा गरिने लगानी रकम र सोको स्रोत व्यवस्थापनयोजना अवधिको पाँच वर्षमा सरकारले | १५ |
| ३.८ योजना तर्जुमाका सीमितता | १७ |
| **परिच्छेद चारः उत्पादनमुलक क्षेत्र** | **१९** |
| ४.१ कृषि तथा पशुपन्छी | १९ |
| ४.२ पर्यटन क्षेत्र | २६ |
| ४.३ सहकारी क्षेत्र | ३० |
| ४.४ उद्योग, वाणिज्य तथा आपूर्ति | ३३ |
| ४.५ प्राकृतिक स्रोत | ३७ |
| **परिच्छेद पाँचः सामाजिक क्षेत्र** | **४१** |
| ५.१ शिक्षा | ४१ |
| ५.२ स्वास्थ्य | ४९ |
| ५.३ जनसंख्या | ५६ |
| ५.४ लैङ्गिक समानता र सामाजिक समावेशीकरण | ५९ |
| ५.५ युवा तथा खेलकुद | ६६ |
| ५.६ भाषा, संस्कृति र कला | ७० |
| **परिच्छेद छः पूर्वाधार क्षेत्र** | **७३** |
| ६.१ सडक तथा यातायात | **७३** |
| ६.२ ऊर्जा | **७७** |
| ६.३ खानेपानी तथा सरसफाई | **८०** |
| **परिच्छेद सातः वातावरण संरक्षण र जलवायु परिवर्तन** | **८३** |
| ७.१ वातावरण संरक्षण र जलवायु परिवर्तन | **८३** |
| ७.२ प्राकृतिक र मानव सिर्जित  विपद् जोखिम न्यूनीकरण | **८७** |
| **परिच्छेद आठः अन्तरसम्वन्धित क्षेत्र** | **९१** |
| ८.१ श्रम तथा रोजगार | **९१** |

| शिर्षक | पृष्ठ |
|---|---|
| ८.२ गरिबी निवारण | **९५** |
| ८.३ खाद्यसुरक्षा तथा पोषण | **९८** |
| **परिच्छेद नौः सुशासन तथा न्याय** | **१०१** |
| **परिच्छेद दशःयोजना निर्माण, अनुसन्धान तथा तथ्यांक प्रणाली** | **१०५** |
| **परिच्छेद एघारः योजना कार्यान्वयन, अनुगमन तथा मुल्यांकन ढाँचा** | **१०८** |
| **परिच्छेद बाह्रः योजना तर्जुमा विधि** | **११०** |

# परिच्छेद एक

# पृष्ठभूमि

## १.१ आवधिक योजनाको पृष्ठभूमि

नेपालमा योजनावद्ध विकासको थालनी भएको लगभग सात दशक व्यतित भैसकेको छ। यस अवधिमा नेपाल सरकारका दशवटा पञ्चवर्षीय र पाँचवटा त्रिवर्षीय गरी १५ वटा योजनाहरु तर्जुमा भई कार्यान्वयन भैसकेको छ भने अहिले सोह्रौं योजना कार्यान्वयन भैरहेको छ। नेपाल सरकारको पन्ध्रौं योजनामा वि.सं २०८२ मा नेपाललाई अतिकम विकसितबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकासका लक्ष्यहरु हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य तय गरिएको थियो भने सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) ले 'सुशासन, सामाजिक न्याय र समृद्धि' को सोच राखेको छ। नेपालको संविधानको व्यवस्था र भावनालाई हृदयंगम गरी नेपाल सरकारले योजनावद्धरुपमा 'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय लक्ष्य हासिल गर्न वि.सं. २०७५ मा दीर्घकालीन सोच २१०० तय गरेको छ। विगतका योजना, तत्कालीन राजनीतिक व्यवस्था, नेतृत्वको विकास सोच, अर्थतन्त्रको परिवेश, वित्तीय स्रोतको उपलब्धता, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय परिदृष्य, वैदेशिक सहायताको प्रतिवद्धता आदिलाई दृष्टिगत गरी तर्जुमा गरिएको देखिन्छ। यी योजनाहरुमा आर्थिक वृद्धि, पूर्वाधार विस्तार, कृषि तथा औद्योगिक विकास, गरिबी न्यूनीकरण, विकेन्द्रित विकास अवधारणा, वातावरण संरक्षण, सुशासन, सहश्राब्दी विकास लक्ष्य, दिगो विकास लक्ष्य आदि विविध विषयलाई प्राथमिकतामा राखिएको देखिन्छ।

योजनावद्ध विकासको पछिल्लो कालखण्डमा राजनीतिक क्षेत्रमा युगान्तकारी परिवर्तन भएको छ। नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने लक्ष्य राखेको छ। त्यस्तै, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुको दायरालाई फराकिदो बनाउँदै आर्थिक समृद्धिसहितको सामाजिक न्याय र समानता सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त अवलम्बन गरिएको छ। राज्य पुनःसंरचनामार्फत सात प्रदेश तथा ७५३ स्थानीय तहहरु निर्माण भई स्थानीय तहहरुले राजनीतिक, आर्थिक तथा प्रशासनिक अधिकार प्राप्त गरेका छन्। साथै, अधिकार क्षेत्रभित्र रही तोकिएको करहरु उठाउने, वार्षिक बजेट तर्जुमा गरी खर्च गर्ने, संघीय नीतिसँग नबाझिने गरी स्थानीय तथा प्रदेशस्तरीय नीति निर्माण गर्ने र आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने स्वायत्तता पाएका छन्। तद्अनुरुप स्थानीय सरकारहरुले आ-आफ्नो नगर/गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयनको अभ्यास सुरु गर्दै आएका छन्। शहिद

लखन गाउँपालिकाले पनि पहिलो आवधिक योजना (आ.व. २०७८/७९-२०८२/८३) कार्यान्वयन सम्पन्न गरी दोस्रो आवधिक योजना सुरुवात गर्ने चरणमा छ।

## १.२ प्रथम आवधिक योजनाको उपलब्धी समीक्षा

शहिद लखन गाउँपालिकाले २०७८ सालमा '**कृषि, पर्यटन, र पूर्वाधारको दिगोपनः समृद्ध, सुसंस्कृत शहिद लखन**'को दीर्घकालीन सोच राखी पहिलो आवधिक योजना (आ.व. २०७८/७९-२०८२/८३) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको थियो। योजनाले कृषि, पर्यटन, पूर्वाधारको विकास गरी सुसंस्कृत र समृद्ध गाउँपालिका निर्माण गर्ने लक्ष्य राखेको थियो। उक्त योजनाले 'न्याय र समतामा आधारित दिगो आर्थिक विकास' को समष्टिगत लक्ष्यका साथै निम्नअनुसारको समष्टिगत उद्देश्य राखेको थियोः

१. कृषि र पर्यटन क्षेत्रको समावेशी विकासमार्फत शहिद लखनवासीको रोजगारी र आयमा वृद्धि गरी जीवनस्तर सुधार गर्नु,
२. गुणस्तरीय भौतिक पूर्वाधारको विकास र विस्तार गर्नु,
३. शिक्षा, स्वास्थ्य, युवा, महिला, बालबालिका लगायत सामाजिक क्षेत्रको समतामूलक विकास गर्नु,
४. वन, वातावरण, जैविक विविधताको संरक्षण र प्रवर्द्धनका साथै जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन सम्वन्धी कार्य प्रभावकारी रुपमा सञ्चालन गर्नु,
५. संस्थागत सुदृढीकरण गर्दै सुशासनको प्रत्याभूत गर्नु।

यसका साथै, कृषि क्षेत्रको व्यवसायीकरण, पर्यटन क्षेत्रको प्रवर्द्धन, स्थानीय उत्पादनमा आधारित उद्योग व्यवसायको प्रवर्द्धन, गुणस्तरीय र रोजगारमूलक शिक्षा, सर्वसुलभ आधारभूत स्वास्थ्य सेवा, सहभागितामूलक र समावेशी शासन प्रणाली, यातायात, विद्युत, सिँचाइ जस्ता पूर्वाधारको गुस्णस्तरीय निर्माण, विकास र वातावरण बीच सन्तुलन, विपद् व्यवस्थापन र सेवा प्रवाहमा सुशासन अभिवृद्धि जस्ता १० वटा समष्टिगत रणनीतिहरु राखिएको थियो। गाउँपालिकाको समग्र विकासमा सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र तथा गैह्रसरकारी संस्था र सामुदायिक क्षेत्रको भूमिका समेटिएको यस योजनाले योजना अवधिमा कुल गार्हस्थ उत्पादनको वार्षिक औसत ८.४ प्रतिशतले वृद्धि हुने जसमा कृषि क्षेत्रको वृद्धि ०.८ प्रतिशत, उद्योग क्षेत्रको वृद्धि ५.५ प्रतिशत र सेवा क्षेत्रको १३.६ प्रतिशतले वृद्धि हुने अनुमान गरेको थियो।

**कुल लगानी प्रक्षेपण र यथार्थ लगानी**ः शहिद लखन गाउँपालिकाको पहिलो योजनाले योजना अवधीको लागि रु. ८ अर्ब ७७ करोड ५८ लाख कुल लगानीको अनुमान गरेको थियो। सो मध्ये, सार्वजनिक क्षेत्रको

लगानी रु. ४ अर्ब ७४ करोड ३७ लाख अर्थात ५४.०५ प्रतिशत, निजी क्षेत्रको लगानी ३ अर्ब ३२ करोड ६ लाख अर्थात ३७.८४ प्रतिशत, सहकारी क्षेत्रको लगानी रु. २३ करोड ७२ लाख अर्थात २.७ प्रतिशत र सामुदायिक क्षेत्रको लगानी रु. ४७ करोड ४४ लाख (५.४१ प्रतिशत) हुने अनुमान गरिएको थियो। गण्डकी प्रदेश सरकारले गणना गरेको सीमान्त पूँजी अनुपातलाई आधार बनाएर गरिएको लगानी अनुमानमा कृषि क्षेत्रमा कुल लगानी रु. २ अर्ब १९ करोड र गैरकृषि क्षेत्रमा रु. ६ अर्ब ५८ करोड लगानी आवश्यक हुने प्रक्षेपण गरिएको थियो।

योजना अवधिमा हुने लगानीमा सार्वजनिक खर्च मध्ये आर्थिक विकास तर्फ रु. २४ करोड, सामाजिक विकास तर्फ १ अर्ब ५१ करोड, पूर्वाधार विकास तर्फ १ अर्ब २७ करोड, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु. ६९ करोड र सुशासन तथा संस्थागत विकास तर्फ ८ करोड खर्च हुने प्रक्षेपण गरिएको थियो। त्यस्तै आयतर्फ योजना अवधीमा आन्तरिक स्रोतबाट रु. १ अर्ब ३ करोड ३७ लाख, अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट रु. २ अर्ब ९३ करोड ४९ लाख प्राप्त हुने अनुमान गरिएको थियो।

सीमान्त पूँजी उत्पादन अनुपात कृषिमा ५.२ र गैह्रकृषि क्षेत्रमा ३.३ गरी औसतमा ४.९ सीमान्त पूँजी उत्पादन अनुपात अनुमान गरेको योजनाले योजना अवधीमा कृषि क्षेत्रको औसत वृद्धि ०.८ प्रतिशत, उद्योग क्षेत्रको औसत वृद्धि ५.० प्रतिशत र सेवा क्षेत्रको औसत वृद्धि १३.६ प्रतिशत गरी कुल गार्हस्थ्य उत्पादनको औसत वृद्धि ८.४ प्रतिशत हुने प्रक्षेपण गरेको थियो।

योजना अवधिको पाँच वर्षमा गाउँपालिकाले कुल रु. २ अर्ब ८७ करोड ९५ लाख मात्र बजेटमार्फत लगानी गरेको देखिन्छ। जुन योजनाले प्रक्षेपण गरेको कुल लगानीको ६० प्रतिशत हारहारी मात्र हो। त्यस्तै, गाउँपालिकाको आन्तरिक स्रोतबाट प्राप्त हुने आयको अनुमान रु. १ अर्ब ३ करोड ३७ लाख गरिएकोमा पाँच वर्षमा रु. ४५ करोड ११ लाख मात्र आय भएको देखिन्छ जुन प्रक्षेपणको झण्डै ४४ प्रतिशत मात्र हुन आउँछ।

**तालिका १: शहिद लखन गाउँपालिकाको प्रथम आवधिक योजना अवधीको कुल खर्च र आय** (रु. लाख)

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३* | पाँच वर्षको कुल |
|---|---|---|---|---|---|---|
| चालु बजेट | ३८६५.६ | ४१६२.७ | ३७०५.६ | ३८३९.५ | ४७७३.३ | २०३४६.७ |
| पूँजीगत बजेट | २०००.७ | २२३९.२ | १५५७.९ | ११६८.३ | १४८२.३ | ८४४८.४ |
| कुल बजेट | ५८६६.३ | ६४०१.९ | ५२६३.५ | ५००७.८ | ६२५५.६ | २८७९५.१ |
| संघीय सरकारबाट प्राप्त अनुदान | ४२३४.४ | ४३०२.२ | ३७३०.३ | ३५०० | ४१२८ | १९८९४.९ |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | २६१.४ | २६५.८ | २३५.४ | २७६.७ | २९९.८ | १३३९.१ |

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३* | पाँच वर्षको कुल |
|---|---|---|---|---|---|---|
| राजश्व बाँडफाँट | ९२२ | ७३९.४ | ७४५.१ | ९९५.९ | ११६१.७ | ४५६४.१ |
| आन्तरिक स्रोत | १४५६.३ | १२३८.२ | ५६६.६ | ५८४.३ | ६६६.२ | ४५११.६ |
| जम्मा आय | ६८७४.१ | ६५४५.६ | ५२७७.४ | ५३५६.९ | ६२५५.७ | ३०३०९.७ |
| बजेट घाट वा बचत | १००७.८ | १४३.७ | १३.९ | ३४९.१ | ०.१ | १५१४.६ |

*स्रोतः शहिद लखन गाउँपालिकाका विभिन्न वर्षका बजेट पुस्तिका,*

** आर्थिक वर्ष २०८२/८३ का तथ्यांक अनुमानित हुन् भने अन्य वर्षका यथार्थ हुन् ।*

प्रथम आवधिक योजनाले केही परिमाणात्मक लक्ष्यहरु जस्तैः कुल गार्हस्थ्य उत्पादन (रु. २ अर्ब ३६ करोड) तथा आर्थिक वृद्धि (४.९ प्रतिशत), प्रतिव्यक्ति आय (अमेरिकी डलर ११९६.८), कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान, निरपेक्ष गरिबीको रेखामुनीका जनसंख्याको हिस्सा जस्ता लक्ष्य राखेको थियो। आर्थिक वर्ष २०८२/८३ को आर्थिक सर्वेक्षण अनुसार नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १५१३.२ अमेरिकी डलर, प्रतिव्यक्ति कुल राष्ट्रिय आय १५३५.३ अमेरिकी डलर तथा प्रतिव्यक्ति कुल खर्च योग्य राष्ट्रिय आय २०४३.७ अमेरिकी डलर रहेको छ। त्यस्तै, गण्डकी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १६५१ अमेरिकी डलर रहेको छ भने आर्थिक वृद्धिदर ४.९७ प्रतिशत रहेको छ। तर गाउँपालिकास्तरीय तथ्यांकको अभावमा शहिद लखन गाउँपालिकाको दोस्रो आवधिक योजनाले राखेका ती लक्ष्यहरु हासिल हुन सके वा नसकेको विश्लेषण गर्न सकिएको छैन।

प्रथम आवधिक योजनाको कार्यान्वयनबाट शहिद लखन गाउँपालिकाको योजना निर्माण तथा कार्यान्वयनमा गाउँपालिकाको अनुभव तथा ज्ञान वृद्धि गरेको छ र आगामी योजनाको लागि उपयोगी शिक्षा दिएको छ। अबको चुनौती भनेको यसै ज्ञान र अनुभवका पृष्ठभूमिमा, विगतका कमजोरीहरुलाई हटाई वैज्ञानिक र वस्तुपरक ढंगबाट दोस्रो आवधिक योजनाको तर्जुमा र प्रभावकारी कार्यान्वयन गर्नु रहेको छ।

# परिच्छेद दुई
# गाउँपालिकाको परिचय

## २.१ भौगोलिक अवस्थिति तथा भू-उपयोग

शहिद लखन गाउँपालिका गण्डकी प्रदेशमा पर्ने गोरखा जिल्लाका ११ वटा स्थानीय तह मध्येको एक सुन्दर गाउँपालिका हो। जम्मा ९ वटा वडाहरु रहेको यस गाउँपालिकाको कुल क्षेत्रफल १४९.०३ वर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकको पूर्वमा गोरखा जिल्लाको भीमसेन गाउँपालिका र गण्डकी गाउँपालिका, पश्चिममा गोरखा नगरपालिका, उत्तरमा भीमसेन गाउँपालिका र गोरखा नगरपालिका तथा दक्षिणमा गण्डकी गाउँपालिका रहेका छन्।

तालिका २ मा गाउँपालिकाको भू-उपयोगको अवस्था प्रस्तुत गरिएको छ। गाउँपालिकाको कुल भूभाग मध्ये आधा क्षेत्रफल अर्थात ५०.०३ प्रतिशत कृषि भूमि रहेको छ भने ४३.३६ प्रतिशत भूभाग वन जङ्गलले ढाकेको र बाँकी अन्य भूभाग रहेको छ।

**तालिका २: शहिद लखन गाउँपालिकाको भू-उपयोगको अवस्था**

| भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| वन जङ्गलले ढाकेको जमिन | ६४.६२ | ४३.३६ |
| कृषि जमिन | ७४.५६ | ५०.०३ |
| भीर, चट्टान | ०.६५ | ०.४४ |
| अन्य | १०.२० | ६.१७ |
| **जम्मा** | १४९.०३ | १०० |

शहिद लखन गाउँपालिका बूढी गण्डकी, त्रिशुली, दरौंदी, लुदी खोला र ज्यादुल खोलाको बीचमा अवस्थित छ। यी नदी तथा खोलाका अतिरिक्त गाउँपालिका क्षेत्रमा बही खोला, जुग्दी खोला, राङ्दी खोला आदि रहेका छन् भने ज्यादुल फाँट, बराह फाँट, माझिटार, लुदी फाँट, करनटार, जुग्दी फाँट, कल्लेरी फाँट, गह्रौथली फाँट, सिलिङटार, ठेउवाटार लगायतका उर्बर फाँटहरु पनि रहेका छन्। त्यस्तै, नेपाली आन्तरिक पर्यटकका लागि

मात्र होइन भारतीय पर्यटक माझ पनि विशिष्ट परिचय रहेको मनकामना मन्दिर तथा नेपालका प्रथम शहिद लखन थापा मगरको जन्मस्थान बुंकोटको काहुले भङ्गार पनि यसै गाउँपालिकामा अवस्थित छ।

## २.२ गाउँपालिकाको जनसंख्या

राष्ट्रिय जनगणना २०७८ का अनुसार शहिद लखन गाउँपालिकाको कुल जनसंख्या २३ हजार ७६ रहेको छ जसमा महिला जनसंख्या ५३.२ प्रतिशत, पुरुष जनसंख्या ४६.८ प्रतिशत र लैङ्गिक अनुपात ८८.०८ रहेको छ। गाउँपालिकामा ६ हजार ८५६ घरधुरी रहेको छ भने औसत परिवार सदस्य संख्या ३.३७ रहेको छ। गाउँपालिकामा ४० वर्ष भन्दा कम उमेरका जनसंख्याको हिस्सा ५६.१ प्रतिशत रहेको छ भने १५ देखि ३९ वर्षका युवा जनसंख्याको हिस्सा ३५.२ प्रतिशत रहेको छ।

**तालिका ३: उमेर समूह तथा लिङ्गको आधारमा गाउँपालिकाको जनसंख्या**

| उमेर समूह | पुरुष | महिला | जम्मा | उमेरगत जनसंख्या हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|
| ९५+ | ११ | १९ | ३० | ०.१ |
| ९०-९४ | २९ | ४६ | ७५ | ०.३ |
| ८५-८९ | ९५ | ९१ | १८६ | ०.८ |
| ८०-८४ | १८७ | १४९ | ३३६ | १.५ |
| ७५-७९ | ३१५ | ३०३ | ६१८ | २.७ |
| ७०-७४ | ४३५ | ४७३ | ९०८ | ३.९ |
| ६५-६९ | ५८४ | ५९६ | ११८० | ५.१ |
| ६०-६४ | ६१६ | ७६३ | १३७९ | ६.० |
| ५५-५९ | ६३२ | ७२५ | १३५७ | ५.९ |
| ५०-५४ | ७०१ | ८५३ | १५५४ | ६.७ |
| ४५-४९ | ५०९ | ७२४ | १२३३ | ५.३ |
| ४०-४४ | ५२८ | ७५४ | १२८२ | ५.६ |
| ३५-३९ | ६१५ | ७४४ | १३५९ | ५.९ |
| ३०-३४ | ६५९ | ८५७ | १५१६ | ६.६ |
| २५-२९ | ७०३ | ९१८ | १६२१ | ७.० |
| २०-२४ | ७८० | ९७६ | १७५६ | ७.६ |
| १५-१९ | ९१२ | ९५० | १८६२ | ८.१ |
| १०-१४ | ९२० | ८७२ | १७९२ | ७.८ |
| ०५-९ | ७९४ | ७९६ | १५९० | ६.९ |
| ००-०४ | ७८२ | ६६० | १४४२ | ६.२ |
| **जम्मा** | **१०८०७** | **१२२६९** | **२३०७६** | **१००** |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८*

तालिका ४ मा वडाको क्षेत्रफल, वडागत जनसंख्या तथा जनसंख्या हिस्सा प्रस्तुत गरिएको छ। क्षेत्रफलको दृष्टिले सबैभन्दा ठूलो वडा १ (साविकको बक्राङ्ग गाउँ विकास समिति) रहेको छ भने सबैभन्दा सानो वडा २ (साविकको मनकामना गाउँ विकास समिति) रहेको छ। त्यस्तै, जनसंख्याको आधारमा हेर्दा सबैभन्दा धेरै जनसंख्या वडा ३ मा रहेको छ भने सबैभन्दा कम जनसंख्या वडा ५ मा रहेको छ।

**तालिका ४: वडाको क्षेत्रफल तथा वडागत जनसंख्या**

| वडा | क्षेत्रफल | पुरुष | महिला | जम्मा | जनसंख्या हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|---|
| १ | २६.९ | १०२० | १११२ | २१३२ | ९.२ |
| २ | ६.८३ | १२६३ | १३८६ | २६४९ | ११.५ |
| ३ | २४.३ | १६८७ | १७६२ | ३४४९ | १४.९ |
| ४ | १२.२ | ११९८ | १४१४ | २६१२ | ११.३ |
| ५ | १३.५ | ८६२ | ९८५ | १८४७ | ८.० |
| ६ | २०.८ | १४५० | १६८५ | ३१३५ | १३.६ |
| ७ | १४.८ | १३९२ | १६५६ | ३०४८ | १३.२ |
| ८ | १३.४ | ९४९ | ११२५ | २०७४ | ९.० |
| ९ | १६.३ | ९८६ | ११४४ | २१३० | ९.२ |
| **जम्मा** | **१४९.०३** | **१०८०७** | **१२२६९** | **२३०७६** | **१००** |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८*

जातजातीको आधारमा गाउँपालिकाको जनसंख्यामा सबैभन्दा ठूलो हिस्सा मगरको (३७.३६ प्रतिशत) रहेको देखिन्छ। त्यसपछि क्रमशः नेवार (१५.६६ प्रतिशत), ब्राह्मण (पहाडी) १०.७५ प्रतिशत, गुरुङ ९.६२ प्रतिशत, मिजार ७.८४ प्रतिशत, क्षेत्री ६.०३ प्रतिशत र अन्य जातजाती रहेका छन्।

**तालिका ५: जातजाती तथा लिंग अनुसार जनसंख्या**

| जातजाति | पुरुष | महिला | जम्मा | जनसंख्या हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|
| मगर | ४०५१ | ४५७० | ८६२१ | ३७.३६ |
| नेवार | १६६२ | १९५२ | ३६१४ | १५.६६ |
| ब्राह्मण (पहाडी) | ११७२ | १३०९ | २४८१ | १०.७५ |
| गुरुङ | १०६१ | ११५८ | २२१९ | ९.६२ |
| मिजार | ८०७ | १००३ | १८१० | ७.८४ |
| क्षेत्री | ६७२ | ७१९ | १३९१ | ६.०३ |
| परियार | ३८५ | ४७६ | ८६१ | ३.७३ |
| विश्वकर्मा | ३७७ | ४५४ | ८३१ | ३.६० |

| जातजाति | पुरुष | महिला | जम्मा | जनसंख्या हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|
| चेपाङ प्रजा | २२९ | २४७ | ४७६ | २.०६ |
| दराई | ६१ | ७६ | १३७ | ०.५९ |
| घर्ती भूजेल | ४९ | ५४ | १०३ | ०.४५ |
| कमर | ४६ | ४९ | ९५ | ०.४१ |
| ठकुरी | २१ | २३ | ४४ | ०.१९ |
| सुनुवार | २० | २० | ४० | ०.१७ |
| माझी | १९ | २० | ३९ | ०.१७ |
| मुशलमान | १६ | १४ | ३० | ०.१३ |
| बराम बरामु | १६ | १३ | २९ | ०.१३ |
| ल्होपा | १२ | १४ | २६ | ०.११ |
| खत्वे | ८ | १७ | २५ | ०.११ |
| थारु | १५ | ८ | २३ | ०.१० |
| तामाङ | ७ | १० | १७ | ०.०७ |
| तेली | ५ | ६ | ११ | ०.०५ |
| कुमाल | ८ | ३ | ११ | ०.०५ |
| सन्याशी दशनामी | ५ | ५ | १० | ०.०४ |
| नुनीया | ७ | ३ | १० | ०.०४ |
| अन्य | ४१ | ३८ | ७९ | ०.३४ |
| विदेशी | ३५ | ८ | ४३ | ०.१९ |
| जम्मा | १०८०७ | १२२६९ | २३०७६ | १००.०० |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८*

## परिच्छेद तीन

# दोस्रो आवधिक योजना

### ३.१ पृष्ठभूमि

आवधिक योजना तर्जुमाको प्रमूख सैद्धान्तिक आधार गाउँपालिकाको विद्यमान वस्तुस्थिति विश्लेषणको आधारमा विकासका समस्या तथा चुनौतीहरु पहिचान गर्ने, अवसर तथा सम्भावनाहरुको खोजी गर्ने र सोको आधारमा योजनाको उद्देश्य र ती उद्देश्य प्राप्तिका लागि रणनीति, कार्यनीति तथा कार्यक्रमहरु तय गर्नु हो । शहिद लखन गाउँपालिकाको विद्यमान क्षमताको आधारमा आगामी पाँच वर्षमा आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, वन तथा वातावरणको संरक्षण तथा सुशासनका लागि संस्थागत तथा नीतिगत व्यवस्था आदिलाई समेटी दोस्रो आवधिक योजना (आ.व. २०८३/८४-२०८७/८८) तयार गरिएको छ। यसका लागि सर्वप्रथम शहिद लखन गाउँपालिकाको वर्तमान वस्तुस्थितिको आधारमा विकासका चुनौतीहरु पहिचान तथा योजनाले प्राथमिकतामा राखेका क्षेत्रहरु प्रस्तुत गरिएको छ।

### ३.२ विकासका समस्या तथा चुनौती

(**क**) **गाउँपालिकाको भूगोल र खर्चिलो पूर्वाधार**ः शहिद लखन गाउँपालिका पहाडी भूगोलमा फैलिएको छ। यसले गर्दा सडक पूर्वाधारको विकासमा जटिलता थपिएको छ। भूगोलकै कारण सडक निर्माण खर्चिलो बनेको मात्र होइन कतिपय स्थानमा सडकहरु जोखिमयुक्त रहेका छन् । त्यस्तै, सडक निर्माणको क्रममा भूःस्खलनका समस्याहरु बढेका छन्। भूःस्खलन तथा वातावरणीय जोखिम कम गर्दै छरिएका पहाडी गाउँहरुमा सडक पहुँच पुर्‍याउनु चुनौतीपूर्ण देखिन्छ।

(ख) **बढ्दो प्रवृत्तिको आन्तरिक तथा बाह्य आप्रवासन र घट्दो जनशक्ति** : विकास जनताको लागि हो तर पछिल्लो दशकमा देशभरी नै हिमाली तथा  पहाडी ग्रामिण क्षेत्रको जनसंख्या घट्दो देखिन्छ। जनगणना २०६८ अनुसार शहिद लखन गाउँपालिकाको जनसंख्या  २७ हजार ५ सय ५५ रहेकामा २०७८ मा २३ हजार ७६ पुगेको छ अर्थात एक दशकमा गाउँपालिकाको जनसंख्या १६.२५ प्रतिशतले घटेको देखिन्छ। गाउँमा रोजगारीको अभाव र पारिवारिक गरिबीको दुष्चक्रका कारण युवाहरु रोजगारीका अवसर खोज्दै विदेश तथा

सहर पस्ने क्रम बढ्दै गएको छ। अधिकांश युवाहरु विदेशिएसँगै उनीहरुका अभिभावक तथा परिवारका अन्य सदस्य देशको राजधानी तथा अन्य सहरी क्षेत्रमा बसाईसराइ गरेका छन् । परिणामस्वरुपः गाउँघरका खेतपाखा बाझिँदै गएका छन् र गाउँघरमा ज्येष्ठ नागरिकहरु मात्र रहने अवस्था बनेको छ । युवाहरुलाई स्थानीयस्तरमा रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना गरी आफ्नै गाउँमा बस्ने अवस्था सिर्जना गर्नु ठूलो चुनौती रहेको देखिन्छ।

(ग) **कृषि बालीमा बाँदर लगायतका जंगली जनावरको जोखिम तथा सुन्तला खेतीमा देखिएको समस्याः** गाउँपालिकामा बसोबास गर्ने अधिकांश घरधुरीको जनजीविकाको आधार कृषि तथा पशुपालन नै रहँदै आएको छ। तर पछिल्ला वर्षहरुमा बाँदर लगायतका अन्य जंगली जनावरबाट बाली जोगाउन कठीन हुँदै गएको छ। बाँदर लगायतका जनावरका जोखिमका कारण कृषकहरु पेशाबाट पलायन हुनुपर्ने अवस्था सिर्जना भएको छ। यस्तो पृष्ठभूमिमा बाँदर तथा अन्य जंगली जनावरबाट बाली जोगाउने प्रविधिको विकास गाउँपालिकाको लागि चुनौतीपुर्ण रहेको छ। त्यस्तै, शहिद लखन गाउँपालिका सुन्तला उत्पादनको लागि प्रशिद्ध ठाउँ हो। तर पछिल्ला वर्षहरुमा सुन्तला खेतीमा देखिएको रोगको कारण सुन्तला उत्पादनमा निकै कमी आएको छ। सुन्तला खेतीमा देखिएको रोगको पहिचान गरी रोग निर्मूल पार्नु चुनौतीपुर्ण रहेको छ।

(घ) **विकासको लागि आन्तरिक स्रोतको अभाव** : गाउँपालिकाको विकासमा देखिएको अर्को चुनौती बजेट अभाव पनि हो। पछिल्ला वर्षहरुमा गाउँपालिकाको आन्तरिक स्रोतले कुल बजेटको १० प्रतिशत हाराहारी मात्र धान्ने गरेको छ। गाउँपालिकाको प्रथम आवधिक योजनाको पाँच वर्षमा भएको कुल खर्चको करिव १४ प्रतिशत मात्र आन्तरिक स्रोतले धानेको देखिन्छ। संघ तथा प्रदेश सरकारसँगको अत्याधिक निर्भरताले पनि आवश्यकता अनुसारका विकास आयोजनाहरु कार्यान्वयन गर्न नसक्नु समस्याको रुपमा रहेको देखिन्छ। त्यसैले गाउँपालिकाको आन्तरिक स्रोतको वृद्धि गर्दै विकास आयोजनाहरु अगाडि बढाउनु चुनौतीपुर्ण रहेको छ।

(ङ) **उत्पादनसँग नजोडिएको सडक संजालः** नेपालमा विगत ५ दशकमा विकास हुन सकेको एक मात्र क्षेत्र सडक संजाल हो। तर सडकलाई केवल पहुँच (कनेक्टिभिटी) को रुपमा मात्र हेर्ने दृष्टिकोणले गर्दा उत्पादनसँग जोड्ने तर्फ ध्यान नदिएकाले सडक मानिस आवतजावत र वस्तु आपूर्तीको लागि मात्रै केन्द्रित हुन पुगेको स्थिति छ। यसैले ग्रामीण उत्पादनमा वृद्धि गरी आय बढाउने माध्यमको रुपमा सडकको उपयोग गर्नु पर्ने आवश्यकता छ।

उपरोक्त चुनौतीहरु शहिद लखन गाउँपालिकाको लागि मात्र नभएर अन्य पहाडी क्षेत्रका नगर/गाउँपालिकाहरु र समग्र मुलुककै लागि पनि सान्दर्भिक हुन्छ। यी चुनौतीहरु मुलुकले विगतमा अवलम्वन गरेको विकृत तथा विसंगत आर्थिक विकासले सिर्जना गरेको परिणाम मान्न सकिन्छ। यसैले विगतको अभ्यासमा क्रमभंगता गर्दै धरातलीय यथार्थ र स्थान विशेषको आवश्यकतामा आधारित योजनाको माध्यमद्वारा रुपान्तरणकारी आर्थिक विकासको ढाँचा तर्जुमा गर्न आवश्यक हुन्छ। यसका लागि राजनीतिक तथा प्रशासनिक प्रतिवद्धता अनिवार्य हुन्छ।

## ३.३ सम्भावना तथा अवसर

शहिद लखन गाउँपालिका ऐतिहासिक, सांस्कृतिक, कृषि तथा प्राकृतिक स्रोतको दृष्टिले सम्भावनायुक्त स्थानीय तह हो। यसको दिगो विकास र समृद्धिका लागि निम्न क्षेत्रहरू विशेष महत्वपूर्ण देखिन्छन्।

(**क**) **व्यवसायिक कृषि तथा पशुपालन**ः शहिद लखन गाउँपालिकामा उर्वर भूमि र विविध जलवायुका कारण खाद्यान्न बालीमा मकै, कोदो तथा धान बाली, तरकारी तथा फलफूलमा सुन्तला उत्पादनको राम्रो सम्भावना रहेको र यसलाई व्यवसायिक रुपमा विस्तार गर्न सकिने अवसर रहेको छ। त्यस्तै, कफी खेतीको सम्भावना उच्च रहेको पछिल्ला वर्षहरु प्रमाणित भैसकेको छ। यसका अतिरिक्त एभोकाडो, किवी खेती तथा मौरीपालन, च्याउ खेतीको सम्भावना पनि रहेको छ। बाँदर नियन्त्रणको  प्रभावकारी उपाय अपनाउन सके व्यवसायिक फलफूल खेती तथा खाद्यान्न बालीको विस्तारले गाउँपालिका आत्मनिर्भर हुने मात्र होइन यी बालीहरु आर्थिक विकासका भरपर्दो आधार बन्न सक्छन्। त्यस्तै, यहाँ व्यवसायिक पशु-पन्छीपालनको सम्भावना पनि उच्च रहेको छ। बाख्रापालन, गाईभैँसीपालन, कुखुरापालन तथा बँगुरपालन गाउँवासीको आर्थिक विकासका बलियो आधार बन्ने अवसर रहेको छ।

(**ख**) **पर्यटन**ः पछिल्ला वर्षहरुमा नेपालमा आन्तरिक पर्यटनको लहर बलियो बन्दै गएको छ। शहिद लखन गाउँपालिकामा अवस्थित मनकामना मन्दिर नेपाली तथा नेपाल घुम्न आउने भारतीय पर्यटकको प्राथमिकतापुर्ण रोजाइमा पर्दछ। मनकामना मन्दिर लगायतका अन्य पर्यटकीय गन्तब्यहरुमा पूर्वाधार विकास गरी पर्यटकको बसाइ अवधि लम्ब्याउने हो गाउँपालिकाको आन्तरिक आयको लागि पर्यटन एक भरपर्दो स्रोत बन्न सक्ने सम्भावना रहेको छ। त्यस्तै, राष्ट्रिय विभूति लखन थापा मगरको ऐतिहासिक महत्वलाई पर्यटनसँग जोड्न सकिन्छ।  ग्रामीण पर्यटन, होमस्टे, पदयात्रा मार्ग तथा स्थानीय संस्कृतिमा आधारित पर्यटन कार्यक्रम सञ्चालन

गर्ने हो भने प्राकृतिक दृश्य, पहाडी भू-भाग तथा स्थानीय जीवनशैलीलाई आकर्षक पर्यटन उत्पादनका रूपमा विकास गर्न सकिने अवसर छ।

(ग) **सडक पूर्वाधार तथा यातायातः** वर्तमान सन्दर्भमा नेपालको विकास तथा समृद्धिको लागि एक प्रमूख आधार सडक हो। गाउँमा सुरक्षित र सर्वयाम सडक सुविधा हुने र नियमित तथा भरपर्दो यातायात सुविधा हुने हो भने यसले गाउँवस्तीको बजारसँगको कनेक्टिभिटी वृद्धि मात्र गर्दैन, गाउँमा व्यवसायिक कृषि, पशुपालन तथा अन्य व्यवसाय गर्नको लागि अवसर सिर्जना गर्दछ। भरपर्दो सडक पूर्वाधारको विकास हुन सक्ने हो भने बजार केन्द्रहरुको विकास तथा विद्यालय तथा स्वास्थ्य संस्थाहरुसम्मको सहज पहुँचले आन्तरिक बसाइसराई पनि कम हुने सम्भावना देखिन्छ।

(घ) **गुणस्तरीय शिक्षा तथा स्वास्थ्यः** आन्तरिक आप्रवासनको एक प्रमूख कारण गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको खोजी पनि हो। यदि गाउँमा नै गुणस्तरीय शिक्षा र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने आधार दिने हो भने सहरी क्षेत्रमा बसाईसरेका अधिकांश घरपरिवार आफ्नै गाउँ फर्कने आधार बन्न सक्छ। यसले एकातर्फ गाउँमा जनसंख्याको कमी हुँदैन भने अर्कोतर्फ आर्थिक गतिविधि वृद्धि हुन गई समग्रमा गाउँपालिकको विकास हुन्छ।

(ङ) **लघु उद्यम तथा उद्योगः** गाउँपालिकामा व्यवसायिक कृषि तथा पशुपन्छीपालनको विकाससँगै कृषि उपजमा आधारित साना उद्योग स्थापना, हस्तकला, घरेलु उद्योग तथा स्थानीय उत्पादनको ब्रान्डिङ, महिला तथा युवालाई उद्यमशीलतामा प्रोत्साहन तथा स्थानीय उत्पादनलाई राष्ट्रिय बजारसँग जोड्न सकिने सम्भावना रहेको छ। यसका लागि निजी क्षेत्र, सहकारी र समुदायबीच साझेदारी स्थापना गरी योजनाबद्ध लगानी अभिवृद्धि गरी आर्थिक गतिविधि बढाउने अवसर रहेको छ। यसले स्थानीय राजस्व स्रोतको विस्तार हुनुका साथै कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, पूर्वाधार विकास, उद्यमशीलता तथा सुशासनलाई एकीकृत रूपमा अघि बढाउन सकेमा दिगो आर्थिक वृद्धि, रोजगारी सिर्जना र समग्र समृद्धि हासिल गर्न महत्वपूर्ण सफलता प्राप्त हुने सम्भावना रहेको छ।

(च) **प्राकतिक स्रोतको दिगो उपयोगः** गाउँपालिकामा उपलब्ध हुने प्राकृतिक स्रोतहरूको बुद्धिमतापूर्ण उपयोगबाट समृद्धि हासिल गर्नसक्ने उच्च सम्भावना रहेको छ। वनले ओगटेको भूभाग वृद्धि हुँदै जानु, वनको दिगो र वैज्ञानिक व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारको व्यावसायिक उत्पादन र वितरण हुने

अवस्था बन्नु, जलवायु परिवर्तनको दरलाई न्यूनीकरण गर्न वनको अहम् भूमिका हुने भएकोले वन संरक्षण र विकासबाट कार्बन संरक्षण र सञ्चितिको फाइदा पुग्ने, वन तथा जैविक विविधता संरक्षणबाट पर्यापर्यटनलाई संस्थागत र विकास गर्ने तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा भूक्षय नियन्त्रण तथा कृषि विकासमा टेवा पुऱ्याउने अवसरहरू वन क्षेत्रमा रहेका छन् । यसका अतिरिक्त, वनक्षेत्रभित्र जडिबुटी उत्पादन तथा संकलन कार्यलाई विकास गर्दै आयआर्जन वृद्धि गर्न सक्ने सम्भावना रहेको छ । वन उद्योगका लागि कच्चा पदार्थ, जडिबुटी उत्पादन तथा पर्यटनसँग पनि जोड्न सकिन्छ । साथै वन, सीमसार तथा संरक्षित क्षेत्र जैविक विविधता संरक्षणका दृष्टिले पनि ज्यादै महत्वपुर्ण हुन्छ । वन र जलाधारको एकीकृत व्यवस्थापन गरेर भू-क्षय नियन्त्रण गर्न सकिन्छ ।

## ३.४ दोस्रो आवधिक योजनाको आधार

दोस्रो आवधिक योजना तर्जुमा गर्दा नेपालको संविधानको प्रस्तावनामा नै उल्लिखित '**समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण**' लाई नै मुख्य सैद्धान्तिक मार्गदर्शनको रुपमा लिइएको छ । समृद्धिको मूख्य आधार कुल गार्हस्थ्य उत्पादनको वृद्धि र मूलतः प्रतिव्यक्ति आम्दानीलाई लिने अन्तर्राष्ट्रिय अभ्यास रहेको पाइन्छ । यसले समग्रमा आर्थिक समृद्धिलाई मापन त गर्छ तर सबै जनता समृद्ध भएको मान्न सकिदैन । वर्तमान संविधानले परिकल्पना गरेको समृद्धि समतामूलक समृद्धि हो । यसका लागि आर्थिक वृद्धिले थपेको नयाँ अवसर तथा आम्दानीको ठूलो हिस्सा विपन्न वर्गको पक्षमा जाने आर्थिक ढाँचा हुनु आवश्यक छ । यी सब हुँदाहुदै पनि विकास र समृद्धिको लागि उत्पादन वृद्धि पहिलो आवश्यकता हो र उत्पादन वृद्धिको लागि भूमि, श्रम, पूँजी र व्यवस्थापकीय क्षमताको आवश्यकता हुने अर्थशास्त्रीय मान्यता रहेको छ । शहिद लखन गाउँपालिकाको सन्दर्भमा उत्पादनका चार प्रमूख तत्वहरुमध्ये भूमि प्रसस्त रहेपनि श्रम तथा पूँजी अपर्याप्त देखिन्छ ।

## ३.५ दीर्घकालीन सोच तथा लक्ष्य

**दीर्घकालीन सोच**ः ''कृषि पर्यटन र पूर्वाधारको दिगोपनः समृद्ध सुसंस्कृत शहिद लखन''

**समष्टिगत लक्ष्य**ः न्याय र समतामा आधारित दिगो आर्थिक विकाससहितको समृद्ध, सुसंस्कृत र सुगम शहिद लखन ।

**उद्देश्य**ः उपरोक्त लक्ष्य हासिल गर्न योजनाले निम्नलिखित उद्देश्यहरु राखेको छः

१. ग्रामीण अर्थतन्त्रको विकास गरी गाउँपालिकालाई प्रमूख कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाउनु तथा व्यवसायिक कृषिको विकास र विस्तार गरी कृषिलाई गाउँपालिकाको आर्थिक विकासको महत्वपुर्ण आधार बनाउने ।

२. भौतिक पूर्वाधारलाई व्यवस्थित र गुणस्तरीय बनाउने तथा सडकसँग जोडिएका क्षेत्रमा कृषि उत्पादन, पशुपन्छीपालन तथा कृषि उत्पादनमा आधारित उद्योग व्यवसायका कार्यक्रमहरु सञ्चालनमा प्रोत्साहन गर्ने ।

३. गाउँपालिका क्षेत्रमा भएका पर्यटकीय गन्तव्यमा पूर्वाधारको विकास गरी पर्यटनलाई गाउँपालिकाको आर्थिक विकासको समावेशी आधारकोरुपमा विकास गर्ने ।

४. आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर सुधार गरी विविध सीप र दक्षता भएका प्राविधिक तथा अन्य जनशक्ति उत्पादनको आधार तयार गर्ने ।

५. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने ।

६. सम्पुर्ण किसिमका विभेदका अन्त्य गर्न आर्थिक समृद्धि तथा सामाजिक, सांस्कृतिक रुपान्तरण अभियान सञ्चालन गर्ने ।

७. लैङ्गिक समानता र सामाजिक न्याय, सामाजिक न्याय, समावेशी र समानुपातिक सिद्धान्तलाई आत्मसाथ गर्दै लोक कल्याणकारी व्यवस्थालाई सुदृढ र दिगो बनाउँदै लैजाने ।

८. विकास निर्माणका योजना तर्जुमा गर्दाकै चरणमा विपद् प्रतिकार्य, वातावरण संरक्षण, जलवायु अनुकूलन आदिलाई केन्द्रमा राख्ने ।

९. सुशासनको प्रत्याभूति दिलाउन पारदर्शीता, जवाफदेहिता, भ्रष्टाचारजन्य कार्यमा शुन्य सहनशिलता र दण्डहीनता नीति अवलम्बन गर्ने तथा सुशासन प्रवर्द्धनको लागि संस्थागत विकास गर्ने ।

१०. जनताको मौलिक हकका रुपमा रहेका न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्ने ।

**(क) रणनीति**

उल्लिखित उद्देश्यहरु हासिल गर्न निम्न वमोजिमका रणनीतिहरु लिइनेछः

१. आर्थिक विकासका क्षेत्रहरु जस्तैः कृषि, पशुपन्छीपालन, पर्यटन आदि क्षेत्रमा लगानी अभिवृद्धि गरी रुपान्तरणकारी परिवर्तन ल्याउने ।

२. कृषि तथा पशुपन्छीपालन क्षेत्रमा आधुनिकीकरण तथा व्यवसायीकरणको लागि विकास साझेदार संस्थाहरुसँग सहकार्य गर्ने ।

३. सडक पूर्वाधारको विकास मार्फत्, यातायात, उत्पादन वृद्धि तथा आपूर्ति प्रणालीको सुदृढीकरण तथा विद्यालय तथा स्वास्थ्य संस्थासम्मको पहुँच सहज गर्ने ।

४. पर्यटन, कृषि तथा पशुपन्छीपालन, पूर्वाधार, संस्कृति आदिलाई समानान्तर रुपमा अगाडि बढाउन एकीकृत योजना अनुरुप कार्य गर्ने ।

५. मुलुकलाई आवश्यक दक्ष जनशक्ति तयार गर्न विद्यालयस्तरीय शिक्षालाई गुणस्तरीय बनाउने ।

६. रोजगारी तथा स्वरोजगारीका नयाँ क्षेत्र पहिचान गरी युवाशक्तिलाई आफ्नै क्षेत्रमा काम गर्न प्रोत्साहन गर्ने ।

७. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँच सुनिश्चित गर्ने ।

८. सार्वजनिक सेवा प्रवाहमा नीतिगत तथा संस्थागत सुशासन अभिवृद्धि गर्ने ।

९. विकास अभियानमा विपद् प्रतिकार्य, वातावरणमैत्री, जलवायु अनुकूलनको सुनिश्चितता गर्ने ।

१०. विकास निर्माण तथा सेवाप्रवाहमा संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय र सहकार्य गर्ने ।

**(ख) प्राथमिकता**

आवधिक योजनाका सोच, लक्ष्य र उद्देश्यलाई कार्यरुप दिन लिनुपर्ने प्राथमिकता :

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि ।

२. पर्यटन क्षेत्रको विकास तथा संस्कृतिको संरक्षण ।

३. प्राकृतिक स्रोतको दिगो उपयोग ।

४. दिगो, भरपर्दो र सर्वयाम सडक पूर्वाधार विकास ।

५. निःशुल्क गुणस्तरीय शिक्षा ।

६. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा ।

७. उद्यमशिलता, रोजगारी तथा नवप्रवर्त्तन ।

८. वातावरण संरक्षण र विपद् व्यवस्थापन ।

९. सबै प्रकारका विभेदको अन्त्य, लैङ्गिक समानता र सामाजिक समावेशीकरण ।

१०. प्रविधिको उपयोग गरी सुशासन प्रवर्द्धन तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाह ।

## ३.६ विकासमा विभिन्न क्षेत्रको भूमिका

नेपालको संविधानमा आर्थिक विकासको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने निर्देशक सिद्धान्त रहेको छ ।

सरकारी क्षेत्रको भूमिका अन्तर्गत स्थानीय सरकारका अतिरिक्त कतिपय आयोजना, परियोजना तथा कार्यक्रममा प्रदेश सरकार तथा संघीय सरकारको पनि महत्वपुर्ण भूमिका रहेको हुन्छ। गाउँपालिकाको दिगो आर्थिक वृद्धि र सर्वाङ्गिण विकासको लागि स्थानीय सरकारले नेतृत्वदायी, सहजकर्ता, सहयोगी तथा नियमनकारी भूमिका निर्वाह गर्नेछ भने निजी क्षेत्रले उत्पादन वृद्धि, उद्योगधन्दामा लगानी, व्यापार व्यवसाय सञ्चालन लगायतका भूमिका निर्वाह गर्नेछ। त्यस्तै, सहकारी क्षेत्रले निजी क्षेत्र खासै आकर्षित नहुने ग्रामीण तथा दुर्गम क्षेत्रमा उत्पादन, बिक्री वितरण तथा अन्य सेवाका कार्यहरुमा संलग्न हुनेछ भने गैरसरकारी क्षेत्रले मूलतः विकास सहयोगी तथा नीति पैरवीको भूमिका निर्वाह गर्नेछ। केही कार्यक्रमहरुमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको सहकार्य हुनेछ। यसरी गाउँपालिकाको विकास योजनाको लक्ष्य प्राप्तिमा गाउँपालिकाको अतिरिक्त संघीय सरकार, प्रादेशिक सरकार, निजी तथा सहकारी क्षेत्र र गैह्रसरकारी क्षेत्रको पनि महत्वपुर्ण भूमिका हुने अपेक्षा गरिएको छ।

## ३.७ योजनामा गरिने लगानी रकम र सोको स्रोत व्यवस्थापन

योजना अवधिको पाँच वर्षमा सरकारले रु. ३ अर्ब ४६ करोड लगानीको प्रक्षेपण गरिएको छ। योजनाले कुल लगानीको सबैभन्दा ठूलो हिस्सा (३५.२ प्रतिशत) सामाजिक विकासको क्षेत्रमा र त्यसपछि भौतिक पूर्वाधारमा (३३.४ प्रतिशत) लगानी गर्ने प्रक्षेपण गरिएको छ।

**तालिका ६ : गाउँपालिकामार्फत हुने अनुमानित लगानी रकम** (रु. **करोडमा**)

| लगानीका क्षेत्र | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | पाँच वर्षको जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | रकम | रकम | रकम | रकम | रकम | रकम | % |
| आर्थिक विकास | १०.२ | १०.५ | १०.८ | ११.१ | ११.५ | ५४.२ | १६.० |
| सामाजिक विकास | २१.५ | २२.६ | २३.७ | २४.९ | २६.१ | ११८.८ | ३५.२ |
| भौतिक पूर्वाधार | २०.८ | २१.६ | २२.५ | २३.४ | २४.३ | ११२.७ | ३३.४ |
| वन, वातावरण तथा विपद् व्यवस्थापन | ४.७ | ४.७ | ४.८ | ५.२ | ५.८ | २५.२ | ७.५ |
| सुशासन तथा संस्थागत विकास | ६.८ | ७.० | ७.१ | ७.३ | ७.५ | ३५.७ | १०.६ |
| जम्मा | ६४ | ६५.३ | ६७.४ | ६८.६ | ७२.४ | ३४६.६ | १०२.६ |

विभिन्न स्रोत अनुसार गाउँपालिकाको अनुमानित लगानी स्रोत तालिका ७ मा प्रस्तुत गरिएको छ। लगानीका स्रोतमा गाउँपालिकाको आन्तरिक आयका अतिरिक्त, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न

किसिमका अनुदान रहेका छन्। जस अनुसार विभिन्न स्रोतबाट कुल रु. ३ अर्ब ४७ करोड प्राप्त हुने अनुमान गरिएको छ। यस आधारमा लगानी तथा खर्चको प्रक्षेपण सन्तुलित देखिन्छ।

**तालिका ७: शहिद लखन गाउँपालिकाको लगानीको अनुमानित स्रोत व्यवस्थापन** (रु. **करोडमा**)

| स्रोतहरु | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **नेपाल सरकार** | | | | | | | |
| समानीकरण अनुदान | १४.२ | १४.३ | १४.६ | १४.९ | १५.२ | १५.५ | ७४.४ |
| सशर्त अनुदान | २५.२ | २६.२ | २६.९ | २७.५ | २८.२ | २८.९ | १३७.७ |
| समपुरक अनुदान | ०.८ | १.९ | १.९ | २.० | २.० | २.१ | ९.९ |
| विशेष अनुदान | १.१ | १ | १.० | १.० | १.१ | १.१ | ५.२ |
| जम्मा अनुदान (नेपाल सरकार) | ४१.३ | ४३.४ | ४४.४ | ४५.४ | ४६.५ | ४७.५ | २२७.२ |
| **गण्डकी प्रदेश** | | | | | | | |
| समानीकरण अनुदान | २ | २ | २.१ | २.१ | २.२ | २.२ | १०.६ |
| सशर्त अनुदान | ० | ०.६ | ०.६ | ०.६ | ०.६ | ०.६ | ३ |
| समपुरक अनुदान | ०.६ | ०.६ | ०.६ | ०.६ | ०.७ | ०.७ | ३.२ |
| विशेष अनुदान | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ | २.१ |
| जम्मा अनुदान (गण्डकी प्रदेश) | ३ | ३.७ | ३.७ | ३.८ | ३.९ | ३.९ | १९ |
| कुल अनुदान | ४४.३ | ४७.१ | ४८.१ | ४९.२ | ५०.४ | ५१.४ | २४६.२ |
| राजश्व बाँडफाँटबाट प्राप्त हुने | ११.६ | ११.९ | १२.२ | १२.५ | १२.८ | १३.१ | ६२.५ |
| गाउँपालिकाको आन्तरिक आय | ६.७ | ७ | ७.४ | ७.८ | ८.१ | ८.६ | ३८.९ |

## ३.८ योजना तर्जुमाका सीमितता

योजना निर्माणको लागि सम्वन्धित क्षेत्रको भरपर्दो तथ्यांक अत्यावश्यक हुन्छ। तिनै तथ्यांकका आधारमा निश्चित लक्ष्य, त्यस लक्ष्य प्राप्तिको लागि आवश्यक स्रोत र स्रोत प्राप्तिका माध्यमहरु आंकलन गर्ने गरिन्छ। तर हाम्रो सन्दर्भमा भरपर्दो तथ्यांकको अभाव नै योजना तर्जुमाको ठूलो सीमितता रहन गएको छ। त्यस्तै, कुनै पनि देश, प्रदेश वा पालिकाको आर्थिक विकासमा सरकारको मात्र लगानी हुँदैन। त्यहाँ निजी क्षेत्र तथा सहकारी क्षेत्रको पनि ठूलो लगानी रहेको हुन्छ। जस्तैः नेपाल सरकारको सोह्रौँ योजनाले योजना अवधीको कुल रु. १११.८ खर्ब लगानीमा ३०.२ प्रतिशत सरकारी, ६७.२ प्रतिशत निजी र २.६ प्रतिशत सहकारी क्षेत्रबाट लगानी हुने अनुमान गरेको छ। त्यस्तै, गण्डकी प्रदेशको दोस्रो आवधिका योजनामा योजना अवधीको लागि कुल रु. ११.९ खर्ब लगानी अनुमान गरिएकोमा सरकारी लगानी ३७ प्रतिशत, निजी क्षेत्रको लगानी ५७ प्रतिशत र सहकारी क्षेत्रको लगानी ६ प्रतिशत हुने अनुमान गरिएको छ। तर आवश्यक तथ्यांकको अभावमा गाउँपालिकाको सन्दर्भमा योजनाको लागि गरिएको लगानी प्रक्षेपण र सोको स्रोत व्यवस्थापनमा सरकारी

बजेटलाई मात्र आधार बनाइएको छ। योजना तर्जुमामा देखिएको सबैभन्दा जटिल सीमितता यसलाई मान्न सकिन्छ।

# परिच्छेद चार

# उत्पादनमुलक क्षेत्र

यस परिच्छेदमा उत्पादनका प्रमूख क्षेत्रहरु कृषि तथा पशुपन्छी, पर्यटन, प्राकृतिक स्रोत, वाणिज्य तथा व्यापार र सहकारी क्षेत्रका वर्तमान अवस्था, समस्या तथा चुनौती, अवसर तथा सम्भावना र यी क्षेत्रमा गाउँपालिकाले लिएका सोच, लक्ष्य, उद्देश्य र ती उद्देश्य प्राप्तिका लागि लिइने रणनीति तथा कार्यनीति र प्रमूख कार्यक्रमहरु प्रस्तुत गरिएको छ।

## ४.१ कृषि तथा पशुपन्छी

### १. पृष्ठभूमि

नेपालको संविधानले सबै नेपालीलाई खाद्य अधिकारको प्रत्याभूति गरेको छ। दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य राखेको हुँदा सोही अनुरुप संघीय सरकारले पनि वि.सं २०८७ भित्र भोकमुक्त नेपाल बनाउने नीति लिएको छ। शहिद लखन गाउँपालिकाको प्रमुख आर्थिक क्षेत्र मध्ये कृषि एक हो। यसै अनुरुप शहिद लखन गाउँपालिकाले कृषिको व्यावसायिकरण, आधुनिकीकरण तथा विविधिकरणमार्फत कृषि क्षेत्रमा आमूल सुधार ल्याउन आवश्यक छ। यसो हुन सकेमा मात्रै कृषि उत्पादन वृद्धि हुने, रोजगारीको अवसर सिर्जना हुने, खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्न सकिने तथा खाद्यान्न, तरकारी तथा फलफूल आयात गर्नुपर्ने स्थितिको अन्त्य गर्न सकिन्छ।

### २. वस्तुस्थिति

राष्ट्रिय कृषि गणना २०७८ अनुसार गाउँपालिकामा कुल ६ हजार १७७ कृषक परिवार रहेका छन् भने गाउँपालिकामा ३,३२८.४ हेक्टर जमिनमा खेती गरिन्छ। जसमध्ये ७१६.४ हेक्टर जमिनमा सिँचाई सुविधा पुगेको छ भने सिँचाई सुविधा प्रयोग गर्ने कृषक घरपरिवारको संख्या २,७०१ रहेको छ। त्यस्तै २४८१.२ हेक्टर जमिनमा ६०७८ परिवारले अस्थायी बाली लगाउँछन् भने ९५.२ हेक्टरमा १,२९० परिवारले स्थायी बाली लगाउने गरेका छन्।

गाउँपालिकामा मुख्यतः खाद्यान्न बाली, तरकारी तथा फलफूलको खेती हुन्छ। खाद्यबालीमा मूलतः मकै, कोदो तथा धानको खेती हुन्छ। तरकारी बालीमा आलु, प्याज, काउलीको उत्पादन हुन्छ भने फलफूलतर्फ सुन्तला, कागती, किवी, निबुवा तथा कफी आदिको खेती हुन्छ। त्यस्तै, गाउँपालिकामा पशुपन्छीतर्फ बाख्रा, भैँसी र कुखुरापालनको उच्च सम्भावना रहेको छ।

भौगोलिक विशिष्टताका आधारमा स्थानीयस्तरमा प्राथमिकता प्राप्त कृषिजन्य बाली वस्तुको उत्पादन, प्रशोधन तथा बजारीकरण प्रवर्द्धन गरी खाद्यान्न, तरकारी, नगदेबाली, फलफूल, मत्स्य, मासु, अन्डा, दुध, च्याउ, मह, जडिबुटी जस्ता कृषि उत्पादनको विशिष्टिकृत उत्पादन क्षेत्र निर्धारण मार्फत कृषिको उत्पादन र उत्पादकत्व बढाउन सकिने स्थिति रहेको छ।

## ३. समस्या तथा चुनौती

समग्र मुलुकको कृषि क्षेत्रमा रहेका समस्या तथा चुनौती शहिद लखन गाउँपालिकाको सन्दर्भमा पनि लागु हुन्छ। कृषकमा प्राविधिक ज्ञान र सीपको अभाव, कृषि उपजहरुको उत्पादन र उत्पादकत्व न्यून रहनु, रासायनिक मल समयमा नै उपलब्ध नहुनु, सिँचाइ सुविधा पर्याप्त नहुनु, कृषिमा यान्त्रिकीकरण हुन नसक्नु, युवाहरुको प्राथमिकतामा कृषि तथा पशुपन्छीपालन पर्न नसक्नु, बसाईसराइ तथा वैदेशिक रोजगारीका कारण जनशक्तिको अभाव भइ कृषियोग्य जमिन बाँझिँदै जानु, कृषि जमिनको खण्डीकरण, प्राविधिक जनशक्तिको अभाव, कृषि बिमा तथा जोखिम व्यवस्थापन कमजोर, बाली रोग नियन्त्रणको चुनौती, कृषिमा जलवायु परिवर्तनको असर देखिनु आदि कृषि क्षेत्रका समस्या हुन्।

त्यस्तै, सबै वडामा दक्ष प्राविधिक माटो परीक्षण तथा त्यसै अनुसारको खेती, खेतीयोग्य फराकिला फाँट र टारहरूमा सिँचाइ सुविधा विस्तार गरी सघन कृषि पद्दति अपनाउनु, युवाहरूलाई कृषि पेशामा आकर्षित गर्नु, रैथाने बालीको संरक्षण र बिस्तार गर्नु आदि यस क्षेत्रका चुनौती हुन्। यसका अतिरिक्त बाँदर लगायतका अन्य जंगली जनावरबाट खेती जोगाउनु ठूलो चुनौती रहेको छ।

पशुपन्छीपालनको सन्दर्भमा अधिकांश घरपरिवारमा निर्वाहमुखि पशुपालन मात्र हुनु, पशुपालन सम्बन्धी ज्ञानको कमी, सडक, चिस्यान केन्द्र, दूध संकलन केन्द्र तथा भण्डारण सुविधा पर्याप्त नहुनु, दूध, मासु तथा अन्य पशुजन्य उत्पादनको स्थानीयस्तरमा प्रशोधन नहुनाले मूल्य अभिवृद्धि हुन नसक्नु जस्ता चुनौती विद्यमान छन्।

## ४. सम्भावना र अवसर

यस गाउँपालिकामा फाँट/टार तथा पहाडी क्षेत्रसहितको भौगोलिक विविधतायुक्त भूभाग भएकोले विभिन्न किसिमका खेतीपाती र पशुपालन व्यवसायहरू सफलरूपमा गर्न सकिने, देशको राजधानी काठमाडौँ, गण्डकी प्रदेशको राजधानी पोखरा, भरतपुर, गोर्खा, आँबुखैरेनी लगायत अन्य ठुला शहरहरूसँग सडक सञ्जालमार्फ जोडिएका कारण गाउँपालिका भित्र उत्पादित कृषिजन्य तथा पशुपन्छीजन्य उत्पादनको लागि बजार उपलब्ध हुनु कृषि क्षेत्रका अवसर हुन् । गाउँपालिका क्षेत्रमा कुखुरापालनका लागि उपयुक्त हावापानी, भैंसी तथा बाख्रा पालनका लागि आवाश्यक घाँस प्रशस्त रुपमा उपलब्ध तथा पशुजन्य उत्पादनहरुको माग उच्च रहनुले पनि कृषि क्षेत्रमा अवसर विस्तार हुने सम्भावना छ ।

यसका अतिरिक्त कृषि पर्यटनको सम्भावना, जैविक खेतीको प्रवर्द्धन, युवा लक्षित कृषि व्यवसाय कार्यक्रम सञ्चालनको अवसर, मौसमी तथा बाह्रै महिना तरकारी उत्पादनको सम्भावना, फलफूल खेती तथा मौरीपालनको व्यावसायीकरण, कृषिउपज प्रशोधन, सहकारी तथा समूहमा आधारित कृषि प्रवर्द्धन, प्रविधिमैत्री कृषिको प्रयोग विस्तार जस्ता सम्भावना पनि रहेका छन् ।

## ५. सोच

खाद्यान्न, फलफूल तथा पशुपन्छीजन्य वस्तुको उत्पादनः खाद्य तथा पोषण सुरक्षित शहिद लखन ।

## ६. लक्ष्य

कृषि पेशालाई आकर्षक र व्यावसायिक बनाई कृषि तथा पशुपन्छीजन्य उपजमा पूर्णतः आत्मनिर्भर भई यी उत्पादनको निर्यात सम्भव बनाउने ।

## ७. उद्देश्य

१. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
२. कृषि तथा पशुपन्छीपालनको आधुनिकीकरण तथा व्यवसायीकरण गर्ने ।
३. वातावरणमैत्री कृषिप्रविधि विकास र विस्तार गरी कृषि जैविक विविधताको संरक्षण र संवर्द्धन गर्ने ।
४. बिउमा आत्मनिर्भर हुने तथा प्रविधिको प्रयोगमार्फत कृषि उत्पादनलाई बजारीकरण गर्ने ।

## ८. रणनीति तथा कार्यनीति

**उद्देश्य** १ः कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने । | १. गाउँपालिकामा रहेका खेतीयोग्य तथा खेती सम्भावना भएका जमिनको माटो परीक्षण तथा अभिलेखीकरण गरी उपयुक्त बाली लगाउन तथा पशुपालन गर्न प्रोत्साहन गरिनेछ ।<br>२. सामुहिक खेतीको लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. कृषि पेशामा संलग्न कृषकहरुको सूचीकरण गरी व्यवसायिक कृषि प्रवर्द्धनमा जोड दिइनेछ ।<br>४. कृषकहरुलाई कृषि उत्पादन सामाग्री (मल, बिउ र औजार) सहज रुपमा उपलब्ध हुने व्यवस्थाको लागि सहजीकरण गरिनेछ ।<br>५. कृषि एम्बुलेन्स सञ्चालन गरिनेछ । |
| कृषियोग्य जमिनमा सिँचाइ सुविधा वृद्धि गर्ने । | १. सिँचाइयोग्य तर सिँचाइ नपुगेका कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउन थोपा सिँचाइ, सिँचाइ पोखरी निर्माण, तथा भूमिगत सिँचाइ प्रविधि जस्ता सिँचाइको वैकल्पिक व्यवस्था गरिनेछ ।<br>२. वाली सघनता वृद्धिका लागि साना सिँचाइ, डीप बोरिङ्ग कार्यक्रमलाई विस्तार गरिनेछ ।<br>३. सिँचाइ पुऱ्याउन नसकिने क्षेत्रहरुमा वर्षाको पानी संकलन प्रविधि विकास गरिनेछ । |

**उद्देश्य २ः कृषि, तथा पशुपन्छीपालनको आधुनिकीकरण तथा व्यवसायीकरण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| व्यवसायिक कृषि तथा पशुपालनलाई प्रोत्साहन गर्ने । | १. जग्गा चक्लावन्दी गरी व्यवसायिक खेती गर्न चाहने कृषकहरुलाई लिजमा जग्गा प्राप्तीको लागि गाउँपालिकाबाट सहजीकरण गरिनेछ ।<br>२. व्यवसायिक कृषिमा संलग्न कृषक तथा कृषक समूहलाई मल, बिउ तथा प्राविधिक सहयोग उपलब्धा गराउनाका साथै, उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. कृषि उपजको संकलन, भण्डारण र बजारीकरणमा सहकारी र निजी क्षेत्रलाई परिचालन गरिनेछ।<br>४. उपयोग हुन नसकेका खेतियोग्य तथा अन्य बाँझो व्यक्तिगत जग्गामा सामुहिक तथा सहकारी खेती गर्न प्रोत्साहन गरिनेछ। |
| युवाहरुलाई कृषि तथा पशुपालन व्यवसायमा आकर्षित गर्ने। | १. वैदेशिक रोजगारीबाट फर्केका युवालाई व्यवसायिकरुपमा कृषिमा संलग्न हुन अनुदान, सहुलियतपुर्ण ऋण, प्रविधि, तालिम आदि उपलब्ध गराइनेछ।<br>२. सिर्जनशील तथा कृषि क्षेत्रमा नवीनतम प्रणाली अवलम्वन गर्ने स्थानीय अन्वेषक कृषकलाइ प्रोत्साहन एवम् कदर गरिनेछ।<br>३. कृषि पेशमा लागेका उत्कृष्ट व्यवसायिक कृषक, समूह तथा सहकारीहरुलाई हरेक वर्ष पुरस्कृत गरिनेछ।<br>४. पशु नश्ल सुधार कार्यक्रमको दायरा थप फराकिलो बनाइनेछ। |
| स्थानीय सम्भावना अनुकूलका विशेष खेती र सहायक खेती तथा 'खास क्षेत्र खास खेती/पशुपालन कार्यक्रम'लाई प्रोत्साहन गर्ने। | १. स्थान विशेषमा उत्पादन हुने रैथाने प्रजातीका कृषि बाली उत्पादनका लागि कृषि प्रविधिको विकास तथा विस्तार गरिनेछ।<br>२. रैथाने बालीहरु जस्तैः घैया धान, कोदो, मास, भट्टमास लगायतका बालीहरुको व्यवसायिक उत्पादनलाई प्रोत्साहन गरिनेछ।<br>३. सम्भावनाका आधारमा उपयुक्त ठाउँ पहिचान गरी भैँसी, गाई, बाख्रा, कुखुरा जस्ता पशुपन्छीपालन, मौरीपालन आदिमा जोड दिइनेछ।<br>४. व्यवसायिक पशुपालनका लागि आवश्यक घाँस नियमित आपूर्तिको लागि घाँस खेतीलाई प्रोत्साहन गरिनेछ।<br>५. कृषि प्राविधिक र भेटेनरी डाक्टरसहितको घर दैलो सेवालाई व्यवस्थित बनाइनेछ।<br>६. दुध संकलन, दुवानी व्यवस्था एवंम प्रशोधन उद्योग स्थापना गर्न समुह र सहकारीलाई प्रोत्साहन गरिनेछ। |

**उद्देश्य ३: वातावरणमैत्री कृषि प्रविधि विकास र विस्तार गरी कृषि जैविक विविधताको संरक्षण र संवर्द्धन गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| कृषिलाई अर्थतन्त्रको हरितीकरण, खाद्य सुरक्षा र जैविक विविधता संरक्षणको आधार बनाउने । | १. माटो, हावापानी एवम् भौगोलिक धरातलको सम्भाव्यताका आधारमा आधारभूत खाद्य वस्तु, उच्च् मूल्य बालीको पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. रासायनिक मल तथा विषादी प्रयोगलाई प्रांगारिक मल तथा जैविक विषादीले प्रतिस्थापन गर्न प्रोत्साहन र सहयोग गरिनेछ ।<br>३. रैथाने खेती (कोदो, घैया, फापर, जुनेलो, गहत, गेडागुडी, आलु, पिँडालु, सकरखण्ड आदि) लाई प्रोत्साहन गरिनेछ ।<br>४. जलवायु परिवर्तन अनुकूल खेती प्रणालीको विकास गरिनेछ ।<br>५. बाँदरबाट कृषि बाली जोगाउन स्थानीय ज्ञानको उपयोग गरिनेछ । |

**उद्देश्य ४: बिउमा आत्मनिर्भर हुने तथा प्रविधिको प्रयोगमार्फत कृषि उत्पादनलाई बजारीकरण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| धान, मकै लगायत खाद्यान्न बालीको उन्नत तथा हाईब्रिड जातको बिउ उत्पादन गरी गाउँपालिकालाई बिउमा आत्मनिर्भर बनाउने । | १. बिउ उत्पादन समुह/सहकारी मार्फत बाली अनुसारको बिउ उत्पादन गरिनेछ ।<br>२. पुराना जातको बिउ संरक्षण र नवीन जातको बिउ संकलनका लागि बिउ बैंक स्थापना गरिनेछ । |

## ९. प्रमुख कार्यक्रमहरू

| कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|
| | गाउँपालिका | संघीय सरकार | प्रदेश सरकार | निजी क्षेत्र | सहकारी | गैसस |
| माटो परीक्षण कार्यक्रम | √ | √ | √ | √ | √ | √ |
| खाद्यान्न वाली प्रवर्द्धन कार्यक्रम | √ | | | √ | √ | √ |
| मकै खेती प्रवर्द्धन कार्यक्रम | √ | | | √ | √ | √ |
| कोदो खेती प्रवर्द्धन कार्यक्रम | √ | | | √ | √ | √ |
| कफी खेती प्रवर्द्धन कार्यक्रम | √ | | | √ | | |
| मसलाबाली खेती प्रवर्द्धन कार्यक्रम | √ | | | √ | | |
| केरा खेती प्रवर्द्धन कार्यक्रम | √ | | | √ | √ | |
| रैथाने बाली प्रवर्द्धन कार्यक्रम | √ | √ | √ | √ | √ | √ |

| कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|
| | गाउँपालिका | संघीय सरकार | प्रदेश सरकार | निजी क्षेत्र | सहकारी | गैसस |
| बैमौसमी तरकारी खेती प्रवर्द्धन कार्यक्रम | √ | | | √ | | |
| अलैँची खेती प्रवर्द्धन कार्यक्रम | √ | | | √ | √ | |
| अदुवा तथा हलेदो खेती प्रवर्द्धन कार्यक्रम | √ | | | √ | √ | |
| मौरी प्रवर्द्धन कार्यक्रम | √ | | | √ | √ | √ |
| भैंसी तथा बाख्रा प्रवर्द्धन कार्यक्रम | √ | | | √ | | |
| दुध संकलन तथा प्रशोधन केन्द्र | √ | | | √ | √ | √ |
| पशु नश्ल सुधार कार्यक्रम | √ | √ | √ | √ | √ | √ |
| माटोको अम्लीयपना कम गर्ने कार्यक्रम | √ | √ | √ | √ | | |
| पूर्ण पशुपन्छी खोपयुक्त गाउँपालिका कार्यक्रम | √ | √ | √ | √ | √ | √ |
| कृषि तथा पशुपन्छी बिमा कार्यक्रम | √ | √ | √ | √ | | |
| बाँझो जमिनमा खेती अभियान | √ | | | √ | | |
| सुन्तला खेतीमा रोग पहिचान कार्यक्रम | √ | √ | √ | √ | | |
| साना सिँचाइ तथा कूलो मर्मत कार्यक्रम | √ | √ | √ | √ | | |
| विभिन्न कृषि सम्बन्धी सीप विकास तालिमहरु | √ | | | √ | | |
| पशुपंक्षी स्वास्थ्य घुम्ती शिविर | √ | | | √ | | |
| पशुपंक्षीहरुमा उपचार तथा परजीवी नियन्त्रण कार्यक्रम | √ | √ | √ | √ | | |
| उत्पादनमा आधारित अनुदान कार्यक्रम | √ | | | √ | | |
| माछा प्रवर्द्धन कार्यक्रम | √ | | | √ | | |
| कृत्रिम गर्भाधान कार्यक्रम | √ | √ | √ | √ | | |

## १०. अपेक्षित उपलब्धी

कृषि तथा पशुपन्छी विकासका कार्यक्रमहरु कार्यान्वयनबाट गाउँपालिका खाद्य उत्पादनमा वृद्धि भई खाद्यसुरक्षामा सहयोग पुगेको हुने तथा केही कृषिवस्तुहरुमा आधारित कृषि प्रशोधन उद्योगहरुबाट उत्पादन सुरु भएको हुनेछ। खाद्यबाली, फलफूल, कफी, दुध तथा मासु उत्पादनमा वृद्धि भएको हुनेछ। माटो परीक्षण भई माटो अनुसारको खेती सुरु भएको हुनेछ। सुन्तलाको रोगको परीक्षण भई समाधानका उपायमार्फत सुन्तला खेती बिस्तार भएको हुनेछ। यसबाट युवाहरु स्वदेशमा नै काम गर्न अभिप्रेरित हुनेछन् भने कृषि उपजहरुको निर्यातबाट आम जनताको जीवनस्तरमा सुधार आएको हुनेछ। रैथाने बिउको संरक्षण तथा रैथाने बाली प्रवर्द्धन भएको हुनेछ। स्थानीय जातका पशुहरुको संरक्षण तथा प्रवर्द्धन भएको् हुनेछ।

## ४.२ पर्यटन क्षेत्र

### १. पृष्ठभूमि

नेपालको संविधानमा पर्यटन सम्बन्धी नीति अन्तर्गत ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसारमार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने उल्लेख गरेको छ । नेपाल सरकार राष्ट्रिय योजना आयोगले तयार गरेको सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) ले पर्यटन पूर्वाधार विकास, पर्यटन बजारको विकास, बिस्तार र सुदृढीकरण तथा एक स्थानीय तह बहुपर्यटन गाउँ प्रवर्द्धन गर्ने कार्य आदिलाई प्रमूख कार्यक्रमको रुपमा उल्लेख गरेको छ। त्यस्तै, गण्डकी प्रदेशको दोस्रो आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) ले पर्यटन क्षेत्रको विकासका लागि पूर्वाधार विकास, प्रवर्द्धनात्मक गतिविधि पर्यटकीय सेवा सुविधा तथा सुचना र सुरक्षा जस्ता विषयलाई विषेश जोड दिएको छ। शहिद लखन गाउँपालिकाले पनि आर्थिक विकासको एक प्रमूख क्षेत्रको रुपमा पर्यटन क्षेत्रलाई अङ्गीकार गरेको छ ।

### २. वस्तुस्थिति

शहिद लखन गाउँपालिका धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक दृष्टिकोणले अत्यन्तै धनी क्षेत्र हो । यस गाउँपालिकामा मनकामना मन्दिर, त्रिवेणी मन्दिर, बक्रेश्वरी मन्दिर, सिद्ध लखन गुफा, हिमलामाई मन्दिर, अर्लाङ्दीमाईको मन्दिर, भिमवीरेश्वर महादेव, कोटकाली थानीथान, सन्तानेश्वर महादेव मन्दिर, बर्चुली थान, बालेश्वरी मन्दिर, मकैपुर वौद्ध गुम्बा जस्ता प्रसिद्ध धार्मिक तथा सांस्कृतिक तीर्थस्थलहरु रहेका छन् । यी स्थानहरु आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणका केन्द्र हुन सक्छन् । त्यस्तै, नेपालकै प्रथम शहिद लखन थापा मगर तथा जैयसिंह चुमी मगरको रगतले सिञ्चित बुंकोटको काहुले भञ्ज्यार ऐतिहासिक पर्यटकीय गन्तव्य हो ।

### ३. समस्या र चुनौती

भरपर्दो यातायात र सर्बयाम सडकको अभाव पर्यटन क्षेत्रको विकासमा प्रमूख समस्या देखिन्छ । अन्य पर्यटकीय पूर्वाधारहरुको आवश्यक विकास हुन नसकेको, निजी क्षेत्र र सरकार बीच आवश्यक सहकार्य र

समन्वयको अभाव रहेको आदि पर्यटन क्षेत्रका मूख्य समस्या हुन् । पर्यटकहरुको औसत बसाइ लम्ब्याउने र औसत दैनिक खर्च बढाउन आवश्यक पर्यटक लक्षित गतिविधि वृद्धि गर्नु चुनौती रहेको छ।

## ४. सम्भावना र अवसर

शहिद लखन गाउँपालिकाको मुख्यतः मनकामना क्षेत्र नेपाल तथा भारतीय पर्यटकहरु बीच पनि आकर्षणको केन्द्र बनेको छ। मनकामना मन्दिरमा मात्र वार्षिक रूपमा दर्शन गर्ने तीर्थालुहरूको संख्या करिब ११ देखि १५ लाख रहने गरेको छ। यी मध्ये करिब ११ देखि १२ लाख भक्तजनहरू केबलकारको माध्यमबाट मनकामना पुग्ने गर्दछन् भने सडक तथा पैदल मार्गबाट वार्षिक करिब ३ लाख तीर्थालुहरू मन्दिर पुग्ने गर्दछन् । कुल दर्शनार्थीहरूमध्ये भारतीय पर्यटक तथा तीर्थयात्रीहरूको वार्षिक ३ लाखभन्दा बढी भारतीय नागरिकहरूले मनकामनाको दर्शन गर्ने गरेका छन् र यो संख्या वर्षेनी बढ्दो क्रममा छ। यसरी आउने पर्यटकको बसाई अवधी लम्ब्याउन पर्यटकीय क्षेत्र विस्तार गर्ने सम्भावना रहेको छ। पृथ्वी राजमार्ग जस्ता सडक सुविधाका कारण पर्यटकको पहुँच सहज हुनु, ऐतिहासिक, धार्मिक, सांस्कृतिक पयर्टन तथा पदयात्रा उच्च सम्भावना हुनु, सामाजिक, सांस्कृतिक विविधता हुनुले गाउँपालिकामा थप पर्यटक आकर्षण गर्ने अवसर तथा सम्भावना रहेको छ। त्यस्तै, मन्दिरमा बली चढाउन आउने तीर्थालुहरुको लागि सहुलियतमा बोका/पाठा उपलब्ध गराउन सक्ने हो भने बाख्रापालक किसानहरु लाभान्वित भइ शहिद लखन गाउँपालिकाको समृद्धिको लागि ठूलो अवसर बन्न सक्छ।

## ५. सोच

पर्यटन पूर्वाधारको विकासः शहिद लखन गाउँपालिकाको समृद्धिको दिगो आधार।

## ६. लक्ष्य

पर्यटन पूर्वाधारको विकास गरी गाउँपालिकाको पर्यटन क्षेत्रलाई विस्तार गर्ने।

## ७. उद्देश्य

१. पर्यटन पूर्वाधारको विकास गर्ने।

२. व्यवसायमार्फत आय तथा रोजगारी वृद्धि गर्ने तथा पर्यटन क्षेत्रबाट हुने लाभलाई समावेशी बनाउने ।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य १ः पर्यटन पूर्वाधारको विकास गर्ने**

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकाका पर्यटन गन्तव्य सम्म सर्वयाम यातायातको व्यवस्था गर्ने । | १. मनकामना मन्दिर सम्म पुग्न केवलकारका अतिरिक्त सडक मार्गलाई सर्वयाम, सुरक्षित र भरपर्दो यातायात सेवा बिस्तार गरिनेछ ।<br>२. शहिद लखन गाउँपालिकाको कुनै एक पर्यटकीय स्थलमा गएका पर्यटकलाई सहज ढंगबाट अर्को पर्यटकीय स्थलसम्म पुग्ने गरी पर्यटकीय स्थल सडक सञ्जालको निर्माण गरिनेछ । |

**उद्देश्य २:पर्यटन व्यवसायमार्फत आय तथा रोजगारी वृद्धि गर्ने तथा पर्यटन क्षेत्रबाट हुने लाभलाई समावेशी बनाउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| पर्यटकको औसत बसाइ र औसत दैनिक खर्च वृद्धि गर्ने । | १. पर्यटन सेवा, वस्तु तथा गन्तव्यको विविधिकरण गरिनेछ ।<br>२. पर्यटनमैत्री व्यवहार अभिवृद्धिका लागि पर्यटन व्यवसायी, होटल तथा रेष्टुरेन्ट व्यवसायी आदिलाई पर्यटकसँग गर्ने ब्यबहार सम्वन्धमा क्षमता विकास र अभिमुखीकरण गरिनेछ । |
| पर्यटकीय क्षेत्रको प्रवर्द्धन तथा पूर्वाधार विकास गर्ने । | १. गाउँपालिकाको सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधता बारे श्रब्यदृष्य सामाग्रीहरु तयार गरी प्रशारण गरिनेछ ।<br>२. ऐतिहासिक तथा पर्यटकीय क्षेत्र आसपासका ठाउँमा मौलिक शैलीमा घर बनाउने घरधनीलाई नक्शापास शुल्कमा सहुलियत दिइनेछ ।<br>३. पर्यापर्यटन, कृषि पर्यटन, आदिका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ । |
| पर्यटनबाट हुने आम्दानी समावेशी बनाउने । | १. मनकामना मन्दिरमा बलि दिन आउने तिर्थालुहरुलाई लक्षित गरी सुलभ मूल्य बोका पाठा बिक्री केन्द्र सञ्चालन गरिनेछ ।<br>२. सुलभ मूल्य बोका पाठा बिक्री केन्द्रमा बोका पाठा बिक्री गर्ने किसानहरुलाई कार्यविधि बनाई नगद अनुदान दिने व्यवस्था मिलाइनेछ ।<br>३. पर्यटकीय स्थल आसपासका गाउँहरुमा 'होमस्टे' सञ्चालनका लागि समुदायलाई प्रोत्साहन गरिनेछ ।<br>४. ग्रामीणस्तरमा उत्पादन भएका विभिन्न कृषिउपजहरु त्यसै क्षेत्रका होटल तथा रेष्टुरेन्टले खरिद गर्ने व्यवस्था मिलाइनेछ ।<br>४. स्थानीय  हस्तकलाका सामान तथा लघुउद्यमबाट उत्पादित वस्तुहरु पर्यटक समक्ष पुर्‍याउन पर्यटक लक्षित होटल, रिसोर्ट आदिमा प्रदर्शन कक्षको व्यवस्था गरिनेछ । |

## ९. प्रमूख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | मनकामना मन्दिरसम्मको सडक स्तरोन्नती गर्ने । | √ | √ | √ | | | |
| २ | मनकामना-तीनमाने-चुलेभीर-शहिदलखन किल्ला-गोरखकाली पदमार्ग विकास | √ | √ | √ | | | |
| ३ | पर्यटकीय क्षेत्रहरुको चिनारी, पर्यटकलाई जानकारी कार्यक्रम | | | √ | √ | √ | √ |
| ४ | जैविक विविधतामा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्ने । | | | √ | √ | | |
| ५ | सुलभ बोका पाठा पालन तथा बिक्री अनुदान कार्यक्रम सञ्चालन गर्ने । | | | √ | √ | √ | |
| ६ | शहिद लखन गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरु जोड्ने सडक सञ्जाल निर्माण कार्यक्रम । | √ | √ | √ | √ | √ | √ |
| ७ | आन्तरिक पर्यटन प्रवर्द्धन गर्न मेला, महोत्सव कार्यक्रम | | | √ | √ | | |
| ८ | होमस्टे सञ्चालन सहयोग कार्यक्रम | | | √ | √ | √ | |

## १०. अपेक्षित उपलब्धी

पर्यटन पूर्वाधारको विकास भएको हुनेछ । सुलभ बोका-पाठापालन तथा बिक्री कार्यक्रमबाट किसानहरु प्रोत्साहित भई बाख्रा पालनमा उल्लेख्य वृद्धि भएको हुनेछ। पर्यटकीय आकर्षणका स्थानको प्रचारप्रसार भई आन्तरिक तथा विदेशी पर्यटकको संख्यामा वृद्धि भएको हुनेछ। पर्यटन व्यवसाय र पर्यटन सेवा सम्वन्धी आर्थिक क्रियाकलापहरुले गर्दा स्थानीयस्तरमा आय वृद्धि तथा रोजगारीको अवसर बढेको हुनेछ।

## ४.३ सहकारी क्षेत्र

### १. पृष्ठभूमि

नेपालको संविधानले सहकारी क्षेत्रलाई मुलुकको आर्थिक विकास र समृद्धिको एक महत्वपुर्ण आधारको रुपमा उल्लेख गरेको छ। सहकारी, गाउँघर तथा सहरमा छरिएर रहेको साना पूँजी, श्रम, सीप र प्रविधि एकीकृत गरी उद्योग व्यवसायको विकास, रोजगारी वृद्धि र गरिबी न्यूनीकरण आदिमा एक सशक्त माध्यम हुन सक्छ। मुख्यतः ग्रामीण क्षेत्र तथा न्यून आय भएका घरपरिवारलाई वित्तीय सेवा पुऱ्याउन सहकारी क्षेत्रको महत्वपुर्ण भूमिका रहन्छ।

### २. वस्तुस्थिति

शहिद लखन गाउँपालिकामा कृषि सहकारी १८, बचत तथा ऋण सहकारी १०, उपभोक्ता सहकारी ४ र बहुउद्वेश्यीय सहकारी २ गरी कुल ३४ सहकारी संस्था रहेका छन्। यस क्षेत्रले सयौँ जनालाई प्रत्यक्ष रोजगारी र हजारौँलाई अप्रत्यक्ष रोजगारी दिएको छ।

### ३. समस्या र चुनौती

सहकारी संस्थाहरुमा संस्थागत सुशासनको अभाव हुनु, सहकारीहरुको नियमन कमजोर हुनु तथा प्रभावकारी अनुगमनको अभाव रहनु आदि प्रमूख समस्या रहेका छन् भने सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन र सहकारी संस्थाहरुको वित्तीय विवरण डिजिटलाइज्ड गर्नु आदि प्रमूख चुनौती रहेका छन्।

### ४. सम्भावना र अवसर

नेपालको संविधानले सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक प्रमूख आधारको रुपमा उल्लेख गर्नु, उत्पादन, कृषि, प्रशोधन उद्योग, बजारीकरण जस्ता विविध क्षेत्रमा सहकारीमार्फत काम गर्न सकिने आदि अवसर तथा सम्भावना रहेका छन्।

### ५. सोच

सहकारीलाई गाउँपालिकाको समृद्धिको एक महत्वपुर्ण आर्थिक आधारशीलाको रुपमा विकसित गर्ने।

### ६. लक्ष्य

सहकारी क्षेत्रलाई उत्पादन वृद्धि तथा वितरण र गरिबी न्यूनीकरण गर्ने अभियानको रुपमा अगाडि बढाउने।

## ७. उद्देश्य

१. सहकारी संस्थाहरुको सुदृढीकरण गरी समुदायको आर्थिक र सामाजिक सशक्तीकरण गर्ने।

२. सहकारीलाई कृषि उत्पादन तथा प्रशोधन र बजारीकरण तर्फ विस्तार गर्ने।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य** १ः सहकारी संस्थाहरुको सुदृढीकरण गरी समुदायको आर्थिक र सामाजिक सशक्तीकरण गर्ने।

| रणनीति | कार्यनीति |
|---|---|
| सहकारी शिक्षा, सचेतना र अभिमुखीकरणका माध्यमबाट सहकारी पद्धतिको विकास गर्ने। | १. गाउँपालिकास्तर तथा वडास्तरमा सहकारीको महत्व तथा सहकारी सचेतना सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।<br>२. विद्यालयहरुमा स्थानीय पाठ्यक्रममा सहकारी शिक्षा सम्वन्धी पाठ्यक्रम समावेश गरिनेछ।<br>३. सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरुलाई सहकारी आदर्श, नीति, ऐन, नियम, विधि आदिबारे अभिमूखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ।<br>४. सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा कोपोमिस (COPOMIS) प्रणालीमा आवद्ध गर्ने व्यवस्था मिलाइनेछ। |

**उद्देश्य** २ः सहकारीलाई कृषि उत्पादन तथा प्रशोधन र बजारीकरण तर्फ विस्तार गर्ने।

| रणनीति | कार्यनीति |
|---|---|
| उत्पादन, कृषि उत्पादन प्रशोधन, बजारीकरण तथा रोजगारी वृद्धिमा सहकारीहरुलाई प्रोत्साहन गर्ने। | १. स्थानीय उत्पादन, प्रशोधन, आपूर्ति, मूल्य श्रृंखला विकास आदिमा सहकारी संस्थाहरुलाई उत्प्रेरित गर्ने कार्यक्रम ल्याइनेछ।<br>२. सहकारीबाट उत्पादित वस्तुहरुको ब्राण्डिङ गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | कृषि वस्तुहरुको बजारीकरणका लागि सहकारी संकलन केन्द्र र थोकबजार स्थलहरुको निर्माणमा सम्वन्धित सरोकारवालाहरुसँग समन्वय गर्ने। | √ | √ | √ | √ | √ | √ |

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| २ | जग्गा चक्लावन्दी वा लिजमा लिई व्यवसायिक खेती गर्ने सहकारी संस्थाहरुलाई प्रविधि, बिमा र कृषि सामाग्रीमा अनुदान दिने । | | | √ | | √ | |
| ३ | सहकारी संस्थाका सञ्चालकहरु लक्षित सुशासन सम्वन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने । | | | √ | √ | √ | √ |
| ४ | प्रत्येक वर्ष उत्कृष्ट सहकारीहरुलाई पुरस्कृत गर्ने । | | | √ | | √ | |
| ५ | सहकारी संस्थाहरुको नियमन कार्य प्रभावकारी बनाउने । | | | √ | | | |
| ६ | कोदो उत्पादक किसानहरुलाई सहकारीमा आवद्ध गरी व्यवसायिक रक्सी उत्पादन कार्यक्रम । | | | √ | √ | √ | |

## १०. अपेक्षित उपलब्धी

सहकारीका माध्यमबाट ठूलो क्षेत्रफलमा केही कृषिवस्तहरुको व्यवसायिक उत्पादन भएको हुनेछ भने कृषिवस्तु भण्डारण, ढुवानी, बजारीकरणमा सहकारी संस्थाहरुको संख्या वृद्धि भएको हुनेछ। कृषि उपज प्रशोधन सहकारी स्थापना तथा सञ्चालन भएको हुनेछ । नियमन कार्य प्रभावकारी हुने र सहकारी संस्थाको सञ्चालन, व्यवस्थापनमा सुशासन कायम भएको हुनेछ। कोदो उत्पादनमा वृद्धि भई स्थानीय स्तरमा नै व्यवसायिक रक्सी उत्पादन भएको हुनेछ । सहकारी संस्थाहरु व्यवस्थितरुपमा सञ्चालन भई अर्थतन्त्रमा छुट्टै पहिचान बनाएका हुनेछन् ।

# ४.४ उद्योग, वाणिज्य तथा आपूर्ति

## १. पृष्ठभूमि

आर्थिक समृद्धिको लागि उत्पादन वृद्धि एउटा आधार स्तम्भ हो भने व्यापार, वाणिज्य एवम् आपूर्ति अर्को आधारस्तम्भ हो । यी दुवै क्षेत्रबीच अन्योन्याश्रित सम्वन्ध रहेको हुन्छ । हरेक तहका सरकारको एउटा प्रमूख दायित्व मुलुकमा उत्पादित तथा आयातित उपभोग्य वस्तु एवम् निर्माण सामाग्री गुणस्तरीय अवस्थामा उचित मूल्यमा निर्वाधरुपले विभिन्न क्षेत्रमा उपलब्ध गराउनु पनि हो । यस कार्यमा स्थानीय सरकारले नियमन तथा सहजीकरणको कार्य गर्दछ ।

## २. वस्तुस्थिति

राष्ट्रिय आर्थिक गणना २०७५, अनुसार शहिद लखन गाउँपालिका क्षेत्रमा ८५८ व्यापारिक प्रतिष्ठानहरु रहेका छन् । यी व्यापारिक प्रतिष्ठानहरुमा १२३७ महिला र १३२३ पुरुष गरी कुल २५६० जना संलग्न रहेका छन् । गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ कार्यान्वयनमा छ । त्यस्तै, गाउँपालिकामा उत्पादनमुलक उद्योगहरु हाल सम्म छैनन् ।

**तालिका ८: शहिद लखन गाउँपालिकामा रहेका व्यापारिक प्रतिष्ठान ।**

| वडा | जम्म व्यापारिक प्रतिष्ठान | जम्मा आवद्ध संख्या | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | ४५ | १४० | ७९ | ६१ |
| २ | १७३ | ४९४ | २४२ | २५२ |
| ३ | १८९ | ६५५ | ३५६ | २९९ |
| ४ | ७९ | २०० | ९९ | १०१ |
| ५ | ४३ | ९२ | ४० | ५२ |
| ६ | ८८ | २८० | १३७ | १४३ |
| ७ | ११२ | २९९ | १४७ | १५२ |
| ८ | ५९ | २१२ | १२७ | ८५ |
| ९ | ७० | १८८ | ९६ | ९२ |
| **जम्मा** | **८५८** | **२,५६०** | **१,३२३** | **१,२३७** |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७५*

## ३. समस्या तथा चुनौती

गाउँपालिकाको उत्पादनले आन्तरिक माग पूरा नहुनु, विभिन्न उपभोग्य तथा निर्माण सम्वन्धी वस्तुहरुको माग र आपूर्तिबारे अध्ययन, अनुसन्धान र प्रक्षेपण नहुनु, आयातित खाद्यवस्तुहरुको गुणस्तर जाँच गर्न व्यवस्था नहुनु, केही कृषि वस्तुहरुको बजारीकरणमा बिचौलीयाको बिगबिगी हुनु, केही क्षेत्रहरुमा सर्वयाम अविच्छिन्न आपूर्तिको लागि भौगोलिक कठिनाई आदि वाणिज्य तथा आपूर्ति क्षेत्रका समस्या तथा चुनौतीहरु हुन् ।

## ४. सम्भावना र अवसर

गाउँपालिकामा उत्पादित कफी, फलफूल लगायतका उत्पादनको बजार गाउँपालिका बाहिर पनि प्रसस्त हुनु तथा गाउँपालिका भित्र बजार केन्द्रहरुको विकास हुँदै जानु आपूर्ति क्षेत्रका अवसर तथा सम्भावना हुन् । त्यस्तै, देशको संघीय राजधानी काठमाडौँ, गण्डकी प्रदेशको राजधानी पोखरा, तथा व्यापारिक केन्द्र नारायणघाट तथा गोरखा बजार, आँबुखैरेनी जस्ता बजारहरुसँगको सहज पहुँच हुनुले पनि यस क्षेत्रको व्यापारको सम्भावनालाई थप फराकिलो बनाएको छ भने स्थानीय कृषि उपजमा आधारित घरेलु तथा साना प्रशोधन उद्योग स्थापना तथा सञ्चालनको सम्भावना रहेको छ ।

## ५. सोच

नियमित, सहज र व्यवस्थित वाणिज्य तथा आपूर्ति प्रणाली स्थापित गर्ने तथा उत्पादन बढाउने ।

## ६. लक्ष्य

आपूर्ति प्रणालीलाई विश्वसनीय बनाउने तथा स्थानीय उत्पादन वृद्धि गर्ने ।

## ७. उद्देश्य

१. दैनिक उपभोग्य आधारभूत आवश्यकताका वस्तुहरु निर्वाधरुपमा बजारमा उपलब्ध हुने गरी आपूर्ति प्रणालीको व्यवस्थापन गर्ने ।

२. गाउँपालिका भित्र उत्पादित निर्यातजन्य वस्तुहरुको निर्यात व्यापारलाई प्रोत्साहन गर्ने ।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य १: दैनिक उपभोग्य आधारभूत आवश्यकताका वस्तुहरु निर्वाधरुपमा बजारमा उपलब्ध हुने गरी आपूर्ति प्रणालीको व्यवस्थापन गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| दैनिक उपभोग्य वस्तु, औषधी तथा अन्य आधारभूत आवश्यकताका वस्तुहरु निर्वाधरुपमा बजारमा उपलब्ध हुनेगरी आपूर्ति प्रणालीको व्यवस्थापन गर्न आवश्यक भौतिक संरचना विकास गर्ने। | १. प्रमूख व्यापार केन्द्रहरुमा कृषि वस्तु संकलन तथा बिक्री केन्द्र विस्तार गर्न पूर्वाधार विस्तार गरिनेछ।<br>२. आपूर्ति सहज बनाउन निजी क्षेत्रसँग सहकार्य गरिनेछ।<br>३. बजारको निरन्तर प्रभावकारी अनुगमन र निरिक्षण गरिनेछ।<br>४. सहकारीको माध्यमबाट सुपथ मुल्यका पसलहरु सञ्चालन गरिनेछ। |

**उद्देश्य २: गाउँपालिकामा उत्पादित निर्यातजन्य वस्तुहरुको निर्यात व्यापारलाई प्रोत्साहन गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| निर्यातजन्य वस्तुहरुको निर्यात वृद्धि हुने वातावरण सिर्जना गर्ने। | १. निर्यात सुरु भइसकेको तथा उत्पादन बिस्तार हुँदै गएको कफी खेतीका लागि किसान तथा विकास साझेदार संस्थासँग सहकार्य गरिनेछ।<br>२. निर्यात हुँदै आएका तथा निर्यात सम्भावना भएका वस्तुहरुबारे अध्ययन गरिनेछ।<br>२. पहिचान गरिएका वस्तुहरुको निर्यात प्रोत्साहन स्किम ल्याई प्रवर्द्धन गरिनेछ।<br>३. निर्यातका लागि उत्पादन विन्दु देखि निकासी विन्दुसम्म आवश्यक पर्ने प्रक्रिया सहजीकरण गरिनेछ।<br>४. स्थानीय कृषि उपज प्रशोधन लघु, घरेलु तथा साना उद्योग स्थापना तथा सञ्चालनलाई प्रोत्साहन गरिनेछ।<br>५. कृषिको रेसिड्युल र जङ्गलबाट संकलन हुने वायोमासलाई प्रशोधन गरी उपयुक्त उत्पादन (ब्रिकेट आदि) बनाउने प्रविधिलाई प्रोत्साहन गरिनेछ। |

## ९. प्रमूख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | कफी उत्पादन तथा निर्यात प्रोत्साहन कार्यक्रम। | | | √ | √ | √ | √ |
| २ | निर्यातयोग्य वस्तुहरुको पहिचान, उत्पादन वृद्धि र प्रशोधन गर्न निजी तथा सहकारी संस्थाहरुलाई सहयोग गर्ने। | | | √ | √ | √ | |

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| ३ | वडा एक बक्राङमा पिउने पानी बोृटलिङ उद्योग सञ्चालनका लागि प्रोत्साहन कार्यक्रम । | | | √ | √ | √ | √ |
| ४ | कृषिवस्तु उत्पादन स्थलमा वस्तु संकलन केन्द्र, तथा बजार केन्द्रहरुमा बिक्री केन्द्रको स्थापना तथा विस्तार गर्ने । | | | √ | | √ | |
| ५ | कालोबजारी, कार्टेलिङ, सिण्डिकेट र बिचौलीयाको नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्वन गर्ने । | | | √ | | | |
| ६ | स्थानीय कृषि उपज प्रशोधन उद्योग स्थापना तथा सञ्चालन प्रोत्साहन कार्यक्रम । | | | √ | √ | √ | √ |
| ७ | कृषिको रेसिड्युल र जङ्गलबाट संकलन हुने वायोमासलाई प्रशोधन गरी उपयुक्त उत्पादन (ब्रिकेट आदि) प्रोत्साहन कार्यक्रम । | | | | | | |
| ८ | उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्ने । | | | √ | | √ | √ |

## १० अपेक्षित उपलब्धी

कफी उत्पादन तथा निर्यात वृद्धि भएको हुनेछ। प्रमूख बजार केन्द्रहरुमा कृषि वस्तु संकलन तथा बिक्री केन्द्रको स्थापना तथा विस्तार भएको हुनेछ । स्थानीय उत्पादनहरुको संकलन र व्यापारका लागि निजी तथा सहकारी संस्थाहरुलाई सहयोग गरी व्यापारको वृद्धि भएको हुनेछ । कफी लगायतका स्थानीय उत्पादनको निर्यातका लागि प्रोत्साहनको व्यवस्था गरिएको हुनेछ। केही क्षेत्रमा सहकारीको माध्यमबाट सुपथ मूल्यका पसलहरुको सञ्चालन भएको हुनेछ। स्थानीय कृषिउपज प्रशोधन गर्ने एकाध साना तथा लघु उद्यम स्थापना भएका हुनेछन् । यसका अतिरिक्त उपभोक्ताहरु वस्तुहरुको मुल्य, उपभोग्य वस्तु तथा औषधीको म्याद गुज्रीए, नगुज्रीएको बारे सचेत भएका हुनेछन् ।

## ४.५ प्राकृतिक स्रोत

### १. पृष्ठभूमि

जल, जमिन, जङ्गल, खनिज, जैविक विविधता, नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा) आदिलाई प्राकृतिक स्रोतको रुपमा लिइन्छ । नेपालमा केही प्राकृतिक स्रोतहरुको प्रचुरता भएपनि यसको अत्युक्तम सदुपयोग हुन सकेको छैन् । नेपालको संविधानले राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने कुरा उल्लेख गरेको छ ।

### २. वस्तुस्थिति

(**क**) **वन**ः स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तैः काठ, दाउरा, घासपात, गैरकाष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन आदिमा वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ । शहिद लखन गाउँपालिकामा झण्डै ६४.६२ वर्ग कि.मि. क्षेत्रमा वन क्षेत्र फैलिएको छ जुन गाउँपालिकाको कुल क्षेत्रफलको झण्डै ४३.३६ प्रतिशत हुन आउँछ । वनका काष्ठ तथा गैरकाष्ठ (जडिबुटी लगायत) उत्पादनहरुको सदुपयोग गर्न सक्ने हो भने आयात प्रतिस्थापन तथा काठको उपयोगबाट गाउँपालिकाको आन्तरिक आयमा उल्लेख्य वृद्धि गर्न सकिन्छ ।

(**ख**) **ढुंगा, गिटी, बालुवा तथा स्लेट**ः शहिद लखन गाउँपालिका बूढी गण्डकी, त्रिशुली, दरौँदी, लुदी खोला र ज्यादुल खोलाको बीचमा अवस्थित छ । यी नदी तथा खोलाका अतिरिक्त गाउँपालिका क्षेत्रमा बही खोला, जुग्दी खोला, राङ्दी खोला आदि रहेका छन् । गाउँपालिका क्षेत्रमा पर्ने नदी किनारमा ढुंगा गिटी बालुवाको भण्डार छ । वर्षेनी करौडौं टन गिटी, बालुवा नदीले बगाएर लैजान्छ । यो प्राकृतिक स्रोतलाई बग्न नदिई नेपाल भित्रै जम्मा गरेर बेच्न सकेमा भने ठूलो आर्थिक फाइदा हुन्छ ।

(**ग**) **पानी**ः यस गाउँपालिका बूढी गण्डकी, त्रिशुली, दरौँदी, लुदी खोला र ज्यादुल खोलाको बीचमा अवस्थित छ । यी नदी तथा खोलाका अतिरिक्त गाउँपालिका क्षेत्रमा बही खोला, जुग्दी खोला, राङ्दी खोला लगायतका अन्य पानीका स्रोत भएका खोला खोल्सा पनि रहेका छन् । पानीको बहुउपयोग सम्भावना जस्तैः पिउने पानी, जलविद्युत उत्पादन, सिँचाइ, मत्स्यपालन तथा जलपर्यटन आदि रहेको हुन्छ ।

## ३. समस्या तथा चुनौती

वन डढेलो नियन्त्रण गर्नु र वनजन्य उत्पादनको दिगो उपयोगका लागि स्थानीय क्षमता वृद्धि र जिम्मेवारी वोध गराउने तथा मुलुकको भौतिक एवम् आर्थिक-सामाजिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौती रहेका छन् । त्यस्तै, वनबाट उत्पादन हुन सक्ने सेवा र वस्तु उत्पादन हुन नसक्नु, वन आसपासका वस्तीहरुमा मानव तथा वन्यजन्तु बीच हुने आपसी द्वन्द्व तथा जोखिम न्यूनीकरण पनि मुख्य चुनौतीको रुपमा रहेको छ । यसका अतिरिक्त वन फँडानीबाट हुने जलवायु परिवर्तन न्यूनीकरण, विपद् जोखिम न्यूनीकरण र वन तथा वनमा आश्रित समुदायका लागि दिगो अनुकूलनका कार्यक्रम, सञ्चालन गर्नु थप चुनौतीहरू हुन् । त्यस्तै, नदीजन्य वस्तु (ढुंगा, गिट्टी, बालुवा) तथा स्लेट खानीको सही र दिगो उपयोग हुन सकेको छैन ।

## ४. अवसर तथा सम्भावना

गाउँपालिकामा उपलब्ध हुने प्राकृतिक स्रोतहरूको बुद्धिमतापूर्ण उपयोगबाट समृद्धि हासिल गर्नसक्ने उच्च सम्भावना रहेको छ । वनले ओगटेको भूभाग वृद्धि हुँदै जानु, वनको दिगो र वैज्ञानिक व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारको व्यावसायिक उत्पादन र वितरण हुने अवस्था बन्नु, जलवायु परिवर्तनको दरलाई न्यूनीकरण गर्न वनको अहम् भूमिका हुने भएकोले वन संरक्षण र विकासबाट कार्बन संरक्षण र सञ्चितिको फाइदा पुग्ने, वन तथा जैविक विविधता संरक्षणबाट पर्यापर्यटनलाई संस्थागत र विकास गर्ने तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा भूक्षय नियन्त्रण तथा कृषि विकासमा टेवा पुर्‍याउने अवसरहरू वन क्षेत्रमा रहेका छन् । यसका अतिरिक्त, वनक्षेत्रभित्र जडिबुटी उत्पादन तथा संकलन कार्यलाई विकास गर्दै आयआर्जन वृद्धि गर्न सक्ने सम्भावना रहेको छ । वन उद्योगका लागि कच्चा पदार्थ, जडिबुटी उत्पादन तथा पर्यटनसँग पनि जोड्न सकिन्छ । साथै वन, सीमसार तथा संरक्षित क्षेत्र जैविक विविधता संरक्षणका दृष्टिले पनि ज्यादै महत्वपुर्ण हुन्छ । वन र जलाधारको एकीकृत व्यवस्थापन गरेर भू-क्षय नियन्त्रण गर्न सकिन्छ। शहिद लखन गाउँपालिकाले वन ऐन २०७७, जलस्रोत ऐन २०७७, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७६, खानीजन्य वस्तु (ढुंगा, गिट्टी, बालुवा, स्लेट, माटो) तथा प्राकृतिक स्रोत व्यवस्थापन कार्यविधि, २०७४ तर्जुमा गरी लागु भएकाले प्राकृतिक स्रोतको दिगो उपयोगको कानूनी अवसर सिर्जना भएको छ।

## ५. सोच

गाउँपालिकाको समृद्धिको लागि प्राकृतिक स्रोतको दिगो र अत्युत्तम उपयोग ।

## ६. लक्ष्य

प्राकृतिक स्रोतको दिगो र व्यवस्थित उपयोगमार्फत आय तथा रोजगारी वृद्धि गर्ने ।

## ७. उद्देश्य

१. दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउने तथा आय आर्जन र रोजगारी वृद्धि गर्ने ।
२. जल तथा नदीजन्य वस्तुहरु (ढुंगा, गिट्टी, बालुवा आदि) को व्यवस्थित उपयोग गर्ने ।

## ८. रणनीति तथा कार्यनीति

**उद्देश्य १: दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउने तथा आय आर्जन र रोजगारी वृद्धि गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| वन क्षेत्र संरक्षण गर्ने | १. वनक्षेत्रका खाली तथा सम्भाव्य ठाउँहरुमा उपयुक्त प्रजातीका वृक्षारोपण गरिनेछ ।<br>३. जलवायु परिवर्तनबाट सिर्जीत असरहरुको न्यूनीकरण तथा अनुकूलनमा वन क्षेत्रको योगदान बढाइनेछ । |
| वन पैदावारको अत्युत्तम उपयोग गर्ने | १. वनमा रहेका काठहरुको व्यवस्थित तवरबाट उपयोग गरिनेछ ।<br>२. वन क्षेत्रलाई जडिबुटी उत्पादनको लागि उपयोग गरी आयआर्जन वृद्धि गरिनेछ । |
| मानव तथा वन्यजन्तु बीच हुने आपसी द्वन्द्व तथा जोखिम न्यूनीकरण गर्ने । | १. बाँदर नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्वन गरिनेछ ।<br>२. हिंस्रक वन्य जन्तु र मानवबीच हुन सक्ने द्वन्द्व तथा जोखिमलाई न्यूनीकरण गर्न उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ । |

**उद्देश्य २: पानी तथा नदीजन्य वस्तुहरु (ढुंगा, गिट्टी, बालुवा आदि) को व्यवस्थित उपयोग गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| पानीका स्रोतहरुको व्यवसायिक उपयोग गर्ने । | १. पानीका स्रोतहरुको दिगो र व्यवसायिक उपयोगका लागि सहजीकरण गरिनेछ । |

| | |
|---|---|
| नदीजन्य वस्तुहरु (ढुंगा, गिट्टी, बालुवा आदि) को व्यवस्थित र दिगो उपयोग गर्ने । | १. ढुंगा, गिट्टी, बालुवाको व्यवस्थित र दिगो उपयोग गरिनेछ । |

## ९. प्रमूख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | वनमा उपलब्ध काठको व्यवस्थित र दिगो उपयोग गर्ने | | | √ | √ | | |
| २ | वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी र कार्यान्वयन | √ | √ | √ | √ | | |
| ३ | वनजन्य, जडिवुटी, फलफुल प्रजातीको विरुवा उत्पादन | | | √ | | √ | √ |
| ४ | वृक्षारोपण (वनजन्य, जडिवुटी, फलफुल, वाँस, अम्रिसो प्रजाती आदि) कार्यक्रम । | | | | √ | | |
| ५ | भूगोल र हावा पानीका आधारमा वनक्षेत्रमा विविध प्रजातिका फलफूलका विरुवाहरु लगाउने | | | √ | | | |
| ६ | कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम । | | | √ | √ | √ | |
| ७ | बाँदर नियन्त्रणका लागि वनक्षेत्रमा उपयुक्त फलफूलका बिरुवा लगाउने | | | √ | | | √ |
| ८ | जलासय तथा संरक्षण पोखरी निर्माण कार्यक्रम । | | | √ | | | |
| ९ | जैविक विविधताको हटस्पटको संरक्षण तथा व्यवस्थापन कार्यक्रम | | | √ | | | |
| १० | वडा १ को बक्राङमा बोतल पानी प्रशोधन उद्योगका लागि सहजीकरण कार्यक्रम । | | | √ | √ | √ | |
| ११ | वातावरणीय प्रभाव मुल्याङ्कनका आधारमा उपयुक्तस्थानमा ढुङ्गा, गिट्टी, बालुवा उत्पादन तथा संकलनको व्यवस्था मिलाउने । | | | √ | √ | | |

## १०. अपेक्षित उपलब्धी

गाउँपालिकाको वन क्षेत्रमा रहेका काठहरुको व्यवस्थित र दिगो उपयोग भएको हुने र आय आर्जन समेत वृद्धि भएको हुनेछ । वनक्षेत्रमा जडिबुटी खेती प्रवर्द्धन भएको हुने र व्यवस्थित रुपमा संकलन तथा प्रशोधन भएको हुनेछ । काठको उपयोगसँगै निरन्तर वृक्षारोपण कार्यक्रममार्फत वनक्षेत्रको हरियाली प्रवर्द्धन भएको तथा जंगली जनावर र मानवबीचको द्वन्द्व न्यूनीकरण भएको हुनेछ । ढुंगा, गिटी, बालुवाको व्यवस्थित उत्खनन् भई सोबाट गाउँपालिकाको आन्तरिक आय वृद्धि भएको हुनेछ ।

# परिच्छेद पाँच

# सामाजिक क्षेत्र

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य तथा जनसंख्या, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र भाषा, संस्कृति र कला जस्ता उपक्षेत्रहरु राखिएका छन् । यस खण्डमा यी उपक्षेत्रहरुको वस्तुगत स्थिति, समस्या तथा चुनौती, अवसर तथा सम्भावना, सोच, लक्ष्य, रणनीति, कार्यनीति तथा केही प्रमूख कार्यक्रमहरु प्रस्तुत गरिएका छन् ।

## ५.१ शिक्षा

### १. पृष्ठभूमि

नेपालको संविधानले शिक्षा सम्वन्धी हकलाई मौलिक हरुको रुपमा प्रत्याभूत गरेको छ। संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने तथा राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ। शिक्षालाई संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्वको रुपमा उल्लेख गरिएको छ। शिक्षित समाजको माध्यमबाट नै मुलुकको दिगो शान्ति र समृद्धि तथा सामाजिक आर्थिक रुपान्तरणको महत्वपूर्ण माध्यम हुन सक्छ।

### २. वस्तुस्थिति

शहिद लखन गाउँपालिकाको साक्षरता दर ७१.२ प्रतिशत रहेको छ जसमा महिला साक्षरता दर ६३.८ प्रतिशत र पुरुष साक्षरता दर ७९.७ प्रतिशत रहेको छ। गाउँपालिकामा हालसम्म बालविकास केन्द्र ४४, १-३ कक्षा पढाइ हुने १० वटा, १-५ कक्षा पढाई हुने विद्यालय ९ वटा, १-८ कक्षा पढाई हुने विद्यालय ५ वटा, १-१० कक्षासम्म पढाई हुने विद्यालय ७ वटा र १-१२ कक्षासम्म पढाइ हुने चार गरी कुल ३५ विद्यालय रहेका छन्।

### ३. समस्या र चुनौती

विद्यालयहरुको वैज्ञानिक नक्शांकन हुन नसक्नु तथा स्थानीय विशिष्टताको आधारमा शैक्षिक कार्यक्रमहरु सञ्चालन हुन नसक्नु, शिक्षकहरुलाई विद्यार्थीको सिकाइ तथा उपलब्धिप्रति उत्तरदायी बनाउन नसक्नु, शिक्षकहरुको पेसागत क्षमता विकास र पेसागत सहयोग प्रणाली स्थापना हुन नसक्नु, विद्यालयहरुको निरन्तर

अनुगमन हुन नसक्नु, सामुदायिक विद्यालयप्रति अभिभावकको आकर्षण बढाउन नसक्नु, स्थानीय भाषा, कला, संस्कृतिको पहिचान, संरक्षण र प्रवर्द्धन हुन नसक्नु आदि प्रमुख समस्या रहेका छन् ।

कक्षा दोहोऱ्याउने र कक्षा छोड्ने दरमा कमी ल्याई शैक्षिक क्षति न्यूनिकरण गर्नु, तालिममा सिकेका ज्ञान, सीप तथा प्रविधिलाई कक्षाकोठाको सिकाइ वातावरणमा प्रयोग गर्ने अवस्थाको सुनिश्चित गर्नु, सबै विद्यायहरुमा तहगत र विषयगत न्यूनतम शिक्षक दरबन्दीको सुनिश्चितता र आपूर्ति गरी शिक्षकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्नु,, शिक्षक दरबन्दी मिलान कार्यलाई पूर्णता दिन, विद्यालय बाहिर रहेका बालबालिकाहरुको वैयात्तिक तवरमा पहिचान गरी विद्यालय शिक्षामा मूल प्रवाहिकरण गर्नु, सीमान्तकृत,आर्थिक रुपमा कमजोर, अपाङ्गता, दलित बालबालिकाहरुलाई निः शुल्क उच्च शिक्षाको पँहुच सुनिश्चित गर्नु, अनिवार्य र निःशुल्क आधारभुत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयनको स्पष्ट ढाँचा तयारी तथा कार्यान्वयन गर्न तथा मातृभाषा शिक्षा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक संरचनागत एवम् व्यवस्थापकीय तयारी गर्नु जस्ता चुनौती रहेका छन् ।

त्यस्तै, गाउँपालिका क्षेत्रमा बालबालिकालाई गाउँपालिका अन्तर्गतकै विद्यालयमा पढ्ने वातावरण मिलाई विद्यार्थी संख्या बढाउनु, शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्नु, सिकाइ सामग्री विकासको क्षमता अभिवृद्धि गर्नु, निरन्तर विद्यालय अनुगमन गर्ने प्रणाली विकास गर्नु, सामुदायिक विद्यालयतर्फ अभिभावकको आकर्षण अभिवृद्धि गर्नु, साथै बालबालिकाको शिक्षामा सहज पहुँच स्थापित गर्नु, शैक्षिक प्रशासन तथा निकायहरुमा वित्तिय सुशासन अभिवृद्धि गर्नु प्रमुख चुनौतीहरु रहेका छन् ।

### ४. अवसर तथा सम्भावना

आवासीय विद्यालय सञ्चालन, पढदै कमाउदै कार्यक्रमलाई कार्यान्वयन, वार्षिक शैक्षिक क्यालेण्डर निर्माण र कार्यान्वयन, अतिरिक्त क्रियाकलापहरुको योजना तथा निरन्तर कार्यान्वयन, शैक्षिक पूर्वाधारहरूको विस्तार हुनु, महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच बढ्नु, समुदायमा आधारित मातृभाषा शिक्षा कार्यक्रम सञ्चालन, समुदायमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रति आकर्षण बढ्दै जानु शिक्षा क्षेत्रका अवसर हुन् । यसका अतिरिक्त स्थानीय क्षेत्रका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका चिनारीहरुलाई स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समावेश गरी प्रवोधिकरण एवम् प्रवर्द्धन गर्ने अवसर पनि रहेको छ । शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएको आदि कारणहरूले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको

छ। त्यस्तै, हाल कार्यरत जनशक्तिहरुको अनुभव र क्षमतामा अभिवृद्धि हुनु आदि यस क्षेत्रका सम्भावना हुन् ।

## ५. सोच

आर्थिक समृद्धि तथा सुसंस्कृत समाजका लागि गुणस्तरीय शिक्षा ।

## ६. लक्ष्य

सामाजिक न्यायमा आधारित समृद्ध शहिद लखन निर्माणका लागि आवश्यक मानव संशाधनको तयार गर्नु,

## ७. उद्देश्य

१. गुणस्तरीय शिक्षामा सम्पुर्ण बालबालिकाको समतामूलक पँहुच विस्तार गर्नु ।

२. प्रतिस्पर्धी, प्रविधिमैत्री,गुणस्तरीय एवम् रोजगारमूलक शिक्षा प्रदान गर्नु ।

३. अनौपचारिक तथा सीपमूलक शिक्षालाई बिस्तार गर्दै लैजानु ।

४. शैक्षिक संस्थाहरुको संस्थागत क्षमता विकास गरी सुशासन कायम गर्नु ।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य १**: गुणस्तरीय शिक्षामा सम्पुर्ण बालबालिकाको समतामूलक पँहुच विस्तार गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| सामुदायिक शैक्षिक संस्थामा शिक्षाको गुणस्तर वृद्धि गर्ने । | १. विषयगत, श्रेणीगत, तहगत तथा विद्यालयगत सिकाइ उपलब्धी तयार गरी समग्र पालिकाको सिकाइ उपलब्धी निर्धारण गरिनेछ ।<br>२. सामुदायिक विद्यालयका शिक्षकहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. सामुदायिक विद्यालयहरुमा पठनपाठनमा आधुनिक प्रविधिको प्रयोग गर्न सहयोग गरिनेछ ।<br>४. शैक्षिक संस्थाहरुमा नियमित अनुगमन तथा सुपरीवेक्षणको व्यवस्था गरिनेछ ।<br>५. शिक्षकहरुलाई कक्षाकोठामा आधारित पेशागत सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ६. स्थानीय पाठ्यक्रम तथा सन्दर्भ सामग्रीहरुको निर्माण गरी कार्यान्वयन गरिनेछ। <br>७. शैक्षिक गुणस्तर कायम गर्न सामाजिक परीक्षण लगायत शिक्षक, विद्यार्थी र अभिभावक वीच नियमित रूपमा सम्वाद एवं अन्तरक्रिया गरिनेछ। <br>८. मातृभाषी शिक्षकहरूलाई तालिम कार्यक्रम संचालन गरिनेछ। <br>९. बाल विकास केन्द्रलाई औपचारिक शिक्षा प्रणालीमा आबद्ध गरिनेछ। <br>१०. महिला शिक्षकको अनुपात वृद्धि गर्दै लगिनेछ। <br>११. शिक्षक तथा अभिभावकहरूलाई क्रमशः तालिम तथा सचेतनाका कार्यक्रम संचालन गरिनेछ। <br>१२. पाठ्यक्रममा सुधार गरी मावि तहमा अधिकतम विषयमा अंग्रेजी माध्यममा पढाउने कार्यक्रम संचालन गरिनेछ। |
| सबैलाई शिक्षाको सहज पहूँच सुनिश्चित गर्ने। | १. विद्यालयहरुको नक्शांकन तथा आवश्यकताको आधारमा आवसीय विद्यालय निर्माण गरी निःशुल्क पठनपाठनको व्यवस्था गरिनेछ। <br>२. विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गरिनेछ। <br>४. सिकाईमा बाल सहभागिता अभिवृद्धि गर्दै विद्यालयलाई बालमैत्री संस्थाको रुपमा विकास गरिनेछ। <br>५. अभिभावकबिहीन, अति बिपन्न बिद्यार्थीलाई शैक्षिक सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ। <br>६. विद्यालय बाहिर रहेका बालबालिकाहरुको वैयाक्तिक तवरमा पहिचान गरी विद्यालय शिक्षामा मूल प्रवाहिकरण गरिनेछ। <br>७. सिमान्तकृत,आर्थिक रुपमा कमजोर, अपाङ्गता भएका तथा दलित बालबालिकाहरुलाई निः शुल्क उच्च शिक्षाको पँहुच सुनिश्चित गरिनेछ । |

**उद्देश्य २: प्रतिस्पर्धी, प्रविधिमैत्री,गुणस्तरीय एवम् रोजगारमूलक शिक्षा प्रदान गर्नु।**

| रणनीति | कार्यनीति |
|---|---|
| शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयमा आवश्यक पुर्वाधार विकास गर्ने। | १. शिक्षण सिकाइमा सूचना प्रविधि, विज्ञान प्रयोगशाला, पुस्तकालय, विषयगत प्रयोगशालाका साधनको ब्यवस्था गरिनेछ ।<br>२. विद्यालयहरूमा कक्षाकोठाहरू, खानेपानी, शौचालय, कम्पाउण्ड र घेरावार, अपाङ्ग,बालमैत्री पूर्वाधार, महिला शौचालय जस्ता भौतिक पूर्वाधार निर्माण गरिनेछ।<br>३. विद्यालयमा विद्युतीय शिक्षा, ई-पुस्तकालय, खेलमैदान, सरसफाइ एवं वातावरणीय शिक्षा, नैतिक एवं शारीरिक शिक्षा, प्रयोगशाला जस्ता आधारभूत सुविधा उपलव्ध गराइनेछ।<br>४. प्रत्येक विद्यालयमा शिक्षक विद्यार्थी र शिक्षक कक्षा कोठाको अनुपात मिलाई शैक्षिक सामग्रीको व्यवस्था मिलाइनेछ।<br>५. सामुदायिक विद्यालयहरुलाई भौतिक पूर्वाधार निर्माणमा सहयोग गरिनेछ। |
| प्रविधिक तथा व्यवसायिक शिक्षालाई संस्थागत गर्ने । | १. प्राविधिक शिक्षाको क्षेत्रगत सम्भाव्यता अध्ययन गरी विद्यालयहरूलाई प्राविधिक शिक्षालय स्थापना गर्न सहकार्यमा लगानी गर्ने नीति लिईनेछ।<br>२. प्राविधिक शिक्षा र व्यवसायिक तालिमलाई छुट्टै धारको रुपमा विकास र विस्तार गर्दै अधिकाधिक युवाहरूलाई तालिमका अवसरहरू प्रदान गरिनेछ।<br>३. प्राविधिक शिक्षा र व्यवसायिक तालिमका क्षेत्रमा निजी क्षेत्रलाई लगानी गर्ने अनुकुल वातावरण श्रृजना गरिनेछ।<br>४. प्राविधिक जनशक्ति उत्पादन गर्न एनेक्स कार्यक्रम तथा प्राविधिक विद्यालयको स्तरोन्नति गरी संख्या अभिवृद्धि गरिनेछ।<br>५. प्राविधिक शिक्षा एवं रोजगारमूलक व्यवसायिक तालिमका अवसरहरूमा अधिकाधिक युवाहरूलाई सहभागी गराइनेछ।<br>६. युवा वर्गमा भएको सीपलाई प्रमाणिकरण गर्ने पद्धतिको विकास तथा उनीहरूसँग औपचारिक शिक्षाका विद्यार्थीहरू बीच सहकार्य गर्ने ब्यवस्था समेत मिलाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| सीप शिक्षालाई अभियानका रुपमा सञ्चालन गर्न प्रदेश तथा संघीय सरकारसंग सहकार्य गर्ने । | १. आधारभूत तहसम्म ब्यबहारोपयोगी पाठ्यक्रम अनिवार्य गरिनेछ ।<br>२. माध्यमिक तहबाट प्राविधिक र व्यवसायिक शिक्षा दिने व्यवस्था सुरु गरिनेछ ।<br>३. प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालयहरुलाई विशेष अनुदानको व्यवस्था गरी अन्य विद्यालयलाई पनि प्राविधिक शिक्षा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।<br>४. सामुदायिक विद्यालयहरुमा सीप शिक्षा अभियानका रुपमा अगाडि बढाउन संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ । |

**उद्देश्य ३: अनौपचारिक तथा सीपमूलक शिक्षालाई बिस्तार गर्दै लैजानु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| अनौपचारिक शिक्षाको विस्तार गर्ने । | १. आधारभूत शिक्षाबाट वञ्चित विद्यालय उमेर समूहभन्दा माथिका तथा विद्यालय शिक्षा पूरा नगरेका किशोर-किशोरीहरूलाई व्यवसायिक, सीपमूलक शिक्षा तथा डिजिटल साक्षरता कक्षा संचालन गरिनेछ ।<br>२. विद्यालय केन्द्रित साक्षरता कार्यक्रमलाई डिजिटल र जीवनोपयोगी शैक्षिक पाठ्यक्रमसँग आबद्ध गराइनेछ ।<br>३. पेशागत विषय केन्द्रित व्यवसायिक शिक्षा तथा साक्षरता कार्यक्रममा गैरसरकारी संस्था र स्थानीय नागरिक समाजहरूलाई समेत परिचालन गरिनेछ ।<br>४. आवश्यकताको आधारमा सिपमूलक तालिम, अभिभावक शिक्षा, निरन्तर तथा जीवनपर्यन्त सिकाइका कार्यक्रमहरु सञ्चालन गरिनेछ । |

**उद्देश्य ४: शैक्षिक संस्थाहरुको संस्थागत क्षमता विकास गरी सुशासन कायम गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| शैक्षिक सुशासन कायम गर्ने । | १. विद्यालय व्यवस्थापन समितिलाई सुदृढ गरी तिनको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. स्थानीय शिक्षा नियमावली लगायत कार्यविधि, निर्देशिकाहरु निर्माण गरी कार्यान्वयन गरिनेछ।<br>३. शैक्षिक प्रशासनको संस्थागत क्षमता अभिवृद्धि गर्दै सुशासन कायम गरिनेछ। |
| क्षमता विकास गरी कार्यसम्पादनमा सुधार गर्ने। | १. प्रधानाध्यपक, लेखा कर्मचारी तथा सूचना व्यवस्थापन प्रणालीमा काम गर्ने शिक्षकहरुको क्षमता विकास गरिनेछ।<br>२. प्रधानाध्यापक तथा शिक्षकहरुको कार्यसम्पादनलाई विद्यार्थीको नतिजासँग आवद्ध गरी प्रोत्साहन कार्यक्रमहरु सञ्चालन गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | विद्यालय शिक्षामा गुणस्तर अभिवृद्धि कार्यक्रम। | | √ | √ | √ | | |
| २ | शैक्षिक जनशक्तिको क्षमता विकास कार्यक्रम। | | | √ | √ | | |
| ३ | शैक्षिक सुशासन तथा संस्थागत क्षमता विकास कार्यक्रम | | | √ | √ | | |
| ४ | नवप्रवेशी शिक्षकहरुको लागि सेवा प्रवेश तालिम र शिक्षक मेन्टोरिङ | | | √ | √ | | √ |
| ५ | आधारभूत तहको सिकाइ गुणस्तर सुदृढीकरण कार्यक्रम | | | √ | √ | | √ |
| ६ | बालविकास परियोजना | | | √ | √ | | √ |
| ७ | प्राविधिक शिक्षालय सुधार कार्यक्रम | | | √ | √ | | |
| ८ | पढ्दै कमाउँदै कार्यक्रम | | | √ | √ | √ | √ |
| ९ | ठूला र आवासीय विद्यालय सञ्चालन कार्यक्रम। | | √ | √ | | | √ |
| १० | प्रविधिमैत्री कक्षाकोठा निर्माण कार्यक्रम। | | √ | √ | √ | | √ |
| ११ | एक माध्यमिक विद्यालय एक सूचना प्रविधि शिक्षक | | | √ | | | |
| १२ | पुस्तकालय स्थापना र सहयोग | | | √ | √ | | √ |
| १३ | विद्यार्थी प्रोत्साहन कार्यक्रम | | | √ | √ | √ | √ |
| १४ | एक विद्यार्थी एक सीप कार्यक्रम | | | √ | √ | √ | √ |
| १५ | विद्यार्थीको नतिजाको आधारमा कार्यसम्पादन प्रोत्साहन कार्यक्रम। | | | √ | | | |
| १६ | सामुदायिक विद्यालयहरुमा शैक्षिक पूर्वाधार ल्याव, कम्प्युटर, ई लाइब्रेरी, आदिको लागि सहयोग कार्यक्रम। | | | √ | | | √ |
| १७ | अति विपन्न बालबालिका शैक्षिक सहायता कार्यक्रम। | | | √ | | | |
| १८ | राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम। | √ | √ | √ | | | |

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १९ | बृहत् शैक्षिक मेला तथा प्रतिभा पहिचान कार्यक्रम। | | | √ | √ | | √ |
| २० | विद्यालय समायोजन पश्चात् शैक्षिक पहुँचमा असमर्थ बालबालिका सहयोग कार्यक्रम। | | | √ | | | |
| २१ | सुत्केरी सट्टा शिक्षक कार्यक्रम। | | | √ | | | |
| २२ | सहपाठी शिक्षक सिकाइ कार्यक्रम । | | | √ | | | |
| २३ | अभिभावक शिक्षा/सचेतना कार्यक्रम | | | √ | √ | √ | √ |
| २४ | गाउँपालिका साक्षरता कार्यक्रम | | | √ | √ | √ | √ |
| २५ | विद्यालय पढ्ने किशोर किशोरी लक्षित सामाजिक सञ्जाल प्रयोग तथा साइबर सुरक्षा सचेतना कार्यक्रम। | | | √ | | | √ |

## १०. अपेक्षित उपलब्धी

शिक्षकहरुको क्षमता अभिवृद्धि तथा शैक्षिक उन्नयनको अवसरले गर्दा गुणस्तरीय पठनपाठन हुनेछ। यसले गुणस्तरीय विद्यार्थी उत्पादन, साक्षरता दर शत्प्रतिशत हुने,विद्यालयबाट ड्रप आउट हुने विद्यार्थीको संख्या नगन्य हुनेछ। साथै, अभिभावक सचेतना बढेको हुनेछ।

## ५.२ स्वास्थ्य

### १. पृष्ठभूमि

नेपालको संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नहुने व्यवस्था गरिएको छ। नागरिकलाई गुणस्तरीय, सहज र सुलभ स्वास्थ्य सेवामा समान पहुँच पुऱ्याउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्ने नीति रहेको छ।

### २. वस्तुगत स्थिति

शहिद लखन गाउँपालिकामा मनकामना, ताक्लुङ र बुंकोटमा गरी तीनवटा आधारभूत स्वास्थ्य केन्द्र तथा बक्राङ, मनकामना, ताक्लुङ, घैरुङ, बुंकोट र नामजुङमा गरी ६ वटा स्वास्थ्य चौकीमार्फत स्वास्थ्य सेवा प्रवाह भैरहेको छ । पछिल्ला वर्षहरुमा मुटुरोग, मधुमेह, दीर्घ श्वासप्रश्वास सम्वन्धी रोग, क्यान्सर जस्ता नसर्ने रोगहरुका वृद्धिका कारण भरतपुर, पोखरा तथा काठमाडौँ जस्ता सहरहरुमा उपचारको लागि जानुपर्ने वाध्यता पनि बढ्दै गएको अवस्था छ।

### ३. समस्या र चुनौती

स्वास्थ्य संस्थाहरूको स्तर र मापदण्ड अनुसार स्वास्थ्यसम्बन्धी पूर्वाधारहरूको विकास र विस्तार नहुनु, विपन्न वर्गका मानिसलाई जटिल प्रकारका रोग लागेमा उपचारमा सहज पहुँच नहुनु, मानसिक स्वास्थ्य समस्या, नसर्ने तथा दीर्घ रोग जस्तैः उच्च रक्तचाप, मधुमेह, मुटु रोग, क्यान्सर लगायतका रोगमा वृद्धि हुनु, आदि समस्या रहेका छन् । त्यस्तै, बालबालिकामा कुपोषण, किशोर किशोरीहरुमा रक्तअल्पता तथा कुपोषण देखिनु, बालविवाह तथा किशोरी गर्भवती तथा अपेक्षित क्षयरोगको बिरामी पहिचान गर्न नसक्नु जस्ता समस्या पनि रहेका छन्।

ज्येष्ठ नागरिकलक्षित स्वास्थ्य सेवाको पर्याप्त तयारी गर्नु, स्वास्थ्य केन्द्रहरुमा आवश्यक दक्ष जनशक्ति तथा रोग पहिचान र उपचारको लागि आधुनिक प्रविधि पुऱ्याउनु, स्वास्थ्य संस्थामा बैकल्पिक उर्जाको व्यवस्था, स्टोर व्यवस्थापन तथा पोषण कार्यक्रमको विस्तारमा चुनौती रहेका छन्। त्यस्तै, आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका स्वास्थ्य उपचार सेवा जस्ता वैकल्पिक चिकित्सा प्रणालीहरुको एकीकृत रूपमा पर्याप्त विकास र विस्तार गर्न पनि चुनौती देखिएको छ।

## ४. अवसर र सम्भावना

तीनै तहका सरकारले स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिनु, घरदैलो बाट स्वास्थ्य सेवा प्रदान गर्न सकिने आदि अवसर हुन भने बाल तथा मातृमृत्यु घटाउन सकिने, स्वास्थ्य संस्थामा प्रसुती हुने दर बढाई घरमा हुने प्रसुती शुन्यमा लैजाने तथा पूर्णखोप अबस्था कायम राख्न सकिने सम्भावनाहरु रहेका छन् । हाल रहेको स्वास्थ्य संस्थाको सेवालाई विस्तार गरी गाउँपालिका अन्तर्गत एक स्वास्थ्य संस्थालाई बिमा सहितको उपचार पद्धती सेवा प्रवाह गर्न सकिने, निःशुल्क स्वास्थ्य बीमामार्फत उपचार पहुँच विस्तार गर्न सकिने तथा पोषण लक्षित कार्यक्रमहरुले समयमा नै कुपोषणको अवस्था पहिचान भई व्यवस्थापन गर्न सकिने जस्ता सम्भावना रहेका छन् ।

## ५. सोच

स्वस्थ जीवनशैली स्वस्थ नागरिकः गुणस्तरीय स्वास्थ्य सेवा सुखी जीवन ।

## ६. लक्ष्य

सहज, सुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने ।

## ७. उद्देश्य

१. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क र सर्वसुलभ रुपमा उपलब्ध गराउने ।
२. सरुवा रोग, महामारी र आकस्मिक स्वास्थ्य सेवाको पूर्वतयारी र व्यवस्थापन गर्ने ।

## ८. रणनीति तथा कार्यनीति

**उद्देश्य १. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क र सर्वसुलभ रुपमा उपलब्ध गराउने।**

| रणनीति | कार्यनीति |
|---|---|
| निःशुल्क आधारभुत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा सुनिश्चित तथा सुदृढीकरण गर्ने । | १. गाउँपालिकास्तरीय १५ शैयाको अस्पताल स्थापना गरी स्वास्थ्य विमा सञ्चालन गरिनेछ।<br>२. हरेक परिवारलाई स्वास्थ्य विमामा आवद्ध गराइनेछ।<br>३. स्वास्थ्य संस्थाबाट प्रदान गरिने मापदण्ड अनुसारको औषधि तथा औषधिजन्य सामाग्रीहरुको निरन्तर उपलब्धताको सुनिश्चित गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. स्वास्थ्य संस्थाको पँहुचबाट बाहिर रहेको समुदायलाई गाउँघर तथा स्याटेलाईट क्लिनिक मार्फत सेवाको पहुँच सुनिश्चित गरिनेछ।<br>५. स्वास्थ्य सेवालाई पूर्ण डिजिटल प्रणालीमा आवद्ध गराइनेछ।<br>६. सेवाग्राहीलाई डिजिटल स्वास्थ्य कार्डको व्यवस्था गरिनेछ।<br>७. One Health Approach अवलम्बन गरिनेछ।<br>८. न्युनतम सेवा मापदण्ड कार्यक्रम कार्यान्वयन गरिनेछ।<br>९. दुर्घटनाका घाइते तथा ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी तथा नवजात शिशुको शिघ्र तथा आकस्मिक स्वास्थ्य सेवाको लागि एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ। |
| माग अनुसारको मानव संसाधनको विकास तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्ने। | १. गुणस्तरिय सेवा सन्चालन गर्न स्वास्थ्यकर्मीहरुलाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रमको व्यवस्था गरिनेछ।<br>२. कार्य सम्पादन मुल्यांकन गरी उत्कृष्ट कर्मचारी प्रोत्साहन व्यवस्था गरिनेछ।<br>३. कार्यक्रम अनुसार फोकल पर्सन व्यवस्थापन गरिनेछ। |
| पोषण सुधार कार्यक्रम सञ्चालन गर्ने। | १. नियमित पोषण लेखाजोखा सुनिश्चित गरी पोषणसम्बन्धी स्वास्थ्य समस्याहरूको पहिचान तथा व्यवस्थापन गरिनेछ।<br>२. विद्यालय पोषण कार्यक्रम मार्फत बालबालिकाहरुको रक्तअल्पता तथा पोषण लेखाजोखा गरी आवश्यकता अनुसार पोषण सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. पत्रु खाना निरुत्साहित गर्न विद्यालय तथा समाजमा खाद्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। |
| बालबालिका, किशोरकिशोरी र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य लगायतका अधिकार सुनिश्चित गर्ने। | १. गाउँपालिकाको हरेक स्वास्थ्य संस्थाबाट किशोर किशोरीमैत्री स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।<br>२. बालविवाह तथा किशोरी गर्भवती नियन्त्रणको लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने।<br>३. परिवार योजना, नियमित प्रोटोकल अनुसार जाँच, जटिलता तथा पुर्व तयारीहरु सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>४. प्रजनन् स्वास्थ्य अधिकार सुनिर्शचितताको लागि स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय यौन तथा प्रजनन् स्वास्थ्य एवं सुरक्षित मातृत्व सेवाको विस्तार गरिनेछ।<br>५. लागुपदार्थ दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ६. गर्भवती तथा सुत्केरी महिलाहरू Follow up जाँचमा उपस्थित नभएमा स्वास्थ्यकर्मीमार्फत टेलिफोन सम्पर्क गरी स्वास्थ्य संस्थामा आउन सहजीकरण गर्ने तथा प्रोटोकल अनुसार जाँच सुनिश्चित गरिनेछ।<br>७. घरमा नै गएर उत्तर प्रसुति सेवा प्रवाह गर्ने कार्यलाई विस्तार गर्दै लगिनेछ।<br>८. प्रजनन् स्वास्थ्य रुग्णताको स्क्रिनिङ, परीक्षण, रोकथाम तथा उपचारको यथोचित व्यवस्था मिलाइनेछ।<br>९. सुरक्षित मातृत्व सेवालाई थप प्रभावकारी बनाउन नर्सिङ्ग कर्मचारी मार्फत आधारभूत/ग्रामिण अल्ट्रासाउण्ड सेवालाई विस्तार गर्दै लगिनेछ।<br>१०. परिवार नियोजन र आकस्मिक गर्भ निरोधका साधनको सहज र शुलभ उपलब्धता सुनिश्चित गरिनेछ।<br>११. गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितताका लागि स्वास्थ्य संस्थाहरुको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।<br>१२. स्वास्थ्य जोखिमहरुको शिघ्र पहिचान गर्न स्वास्थ्य संस्था तथा समुदाय स्तरमा स्वास्थ्य परीक्षण (स्क्रिनिङ्) तथा रोग पहिचान गर्ने व्यवस्था मिलाइनेछ। |
| मानसिक रोगको प्राथमिकताका साथ रोकथाम, नियन्त्रण एवं उपचारको व्यवस्था मिलाउने। | १. सामुदायिक तथा विद्यालयस्तरमा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।<br>२. मानसिक स्वास्थ्य तथा आत्महत्या निरुत्साहन सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन गराउने। |
| एम्बुलेन्स सेवा व्यवस्थित गर्ने। | १. पालिकास्तरिय एम्बुलेन्स भाडादर निर्धारण गरिनेछ।<br>२. एम्बुलेन्सलाई GPS प्रणालिमा आवद्ध गराउने। |
| नसर्ने रोगको प्राथमिकताका साथ रोकथाम, नियन्त्रण एवं उपचारको व्यवस्था मिलाउने। | १. प्रमुख नसर्ने रोगहरुको पहिचान, रोकथाम, निदान र उपचारका लागि सचेतना कार्यक्रम व्यापक बनाइनेछ।<br>२. मदिरा तथा सूर्तिजन्य पदार्थ लगायतका स्वास्थ्यमा प्रतिकूल असर पार्ने वस्तुहरुको उपभोगलाई निरुत्साहित गर्न पहल र पैरवी गर्दै सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। |
| आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथि, युनानी, आम्ची तथा अन्य वैकल्पिक चिकित्सा प्रणालीलाई | १. आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सा सेवाहरुलाई एकद्वार प्रणाली मार्फत प्रवाह गरिनेछ र अन्तरंग उपचारात्मक सेवालाई बिस्तार गर्दै लगिनेछ।<br>२. आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालयहरुको पूर्वाधार तथा सेवाको सुदृढीकरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रवर्द्धन र विस्तार गर्दै लगिनेछ। | ३. आयुर्वेद, योग, ध्यान, प्राकृतिक चिकित्सा लगायतका अन्य वैकल्पिक चिकित्सालाई प्रोत्साहन गरिनेछ। |

**उद्देश्य २. सरुवा रोग, महामारी र आकस्मिक स्वास्थ्य सेवाको पूर्वतयारी र व्यवस्थापन गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| जनस्वास्थ्य विपद् तथा प्रकोपको पूर्व तयारी, रोकथाम, न्यूनीकरण, नियन्त्रण गरी प्रभावकारी व्यवस्थापन गर्ने। | १. Disease Surveillance प्रणाली तथा Outbreak Investigation सुदृढिकरण गर्ने।<br>२. क्षयरोग तथा कुष्ठरोगको खोजपड्तालको दायरा बढाइनेछ।<br>३. मलेरिया, डेंगु, स्क्रब टाईफस जस्ता Vector Borne रोग नियन्त्रण कार्यक्रम सन्चालन गर्नुपर्ने।<br>४. विपद् तथा महामारीको व्यवस्थापन गर्न प्रहरी तथा युवाहरु संलग्न द्रुत प्रतिकार्य समूह (र्‍यापिड रेस्पोन्स टिम) र आकस्मिक चिकित्सकीय टोली (इमर्जेन्सी मेडिकल टिम) परिचालन गरिनेछ।<br>५. विपद् र महामारीको समयमा अविछिन्न स्वास्थ्य सेवा प्रवाहको लागि रणनीतिक स्थानमा अत्यावश्यक औषधि तथा सामाग्रिहरुको अतिरिक्त भण्डारणको व्यवस्था मिलाइनेछ। |
| स्वास्थ्य सूचना व्यवस्थापन तथा अनुसन्धान गर्ने। | १. eHMIS तथा DHIS प्रणाली सुदृढ गरिने तथा नियमित डाटा भेरिफिकेसन गरिनेछ।<br>३. Outbreak तथा Epidemiological Data Analysis गरी तथ्यमा आधारित स्वास्थ्य कार्यक्रम तर्जुमा गरिनेछ। |
| वातावरणीय प्रभाव, जलवायू परिवर्तन तथा स्वास्थ्यजन्य फोहरका कारणले स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरको न्यूनीकरण तथा व्यवस्थापन गर्ने। | १. स्वास्थ्यजन्य फोहोर मैला व्यवस्थापनका लागि फोहोर संकलन, प्रशोधन र विसर्जनको व्यवस्था मिलाइनेछ।<br>२. किटजन्य तथा पशुपंछिजन्य रोगहरुको रोकथाम, नियन्त्रण र उपचारका लागि सेवा विस्तार गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | आँखा शिविर कार्यक्रम। | | | √ | | | √ |
| २ | विशेषज्ञ स्वास्थ्य स्क्रिनिङ शिविर। | | | √ | | | √ |
| ३ | ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम। | | | √ | | | |
| ४ | ल्याब सेवा व्यवस्थापन | | | √ | | | |
| ५ | लक्षित वर्गलाई निःशुल्क स्वास्थ्य बिमा तथा विपन्न नागरिकलाई निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम। | | | √ | | | √ |
| ६ | नसर्ने रोगको परामर्श, परीक्षण, निदान तथा उपचार कार्यक्रम। | | | √ | √ | √ | √ |
| ७ | समुदाय र स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा मनोसामाजिक परामर्श सेवा कार्यक्रम। | | | √ | | | √ |
| ८ | वैदेशिक रोजगारमा जाने नागरिकहरुको स्वास्थ्य सुरक्षा सचेतना कार्यक्रम। | | | √ | | | √ |
| ९ | स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य संस्थाहरुका भौतिक पूर्वाधार, जनशक्ति, प्रविधि, आदिको क्षमता अभिवृद्धि। | √ | √ | √ | √ | | |
| १० | स्वास्थ्य संस्थाहरूको स्तर र मापदण्डअनुसार औजार उपकरण, निःशुल्क औषधि, भौतिक संरचनालगायत पूर्वाधारको विकास गर्ने। | | √ | | | | |
| ११ | आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथिक, युनानी, आम्ची, योग तथा अन्य परम्परागत वैकल्पिक चिकित्सा प्रणाली प्रवर्द्धन र विस्तार | | √ | √ | | | √ |
| १२ | स्वास्थ्यकर्मी क्षमता अभिवृद्धि कार्यक्रम। | | | √ | | | √ |
| १३ | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम। | | | | | | |
| १४ | गर्भवती तथा सुत्केरी पोषण प्रोत्साहन कार्यक्रम। | | | √ | | | |
| १५ | प्रजनन् रुग्णता स्क्रिनिङ तथा स्त्री रोग पहिचान शिविर। | | | √ | | | |
| १६ | विपन्न गर्भवती सुत्केरी बीमा कार्यक्रम | | | √ | | | |
| १७ | ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम। | | | √ | | | |
| १८ | पन्ध्र शैया अस्पताल सञ्चालन तथा व्यवस्थापन। | | | √ | | | |
| १९ | निःशुल्क एम्बुलेन्स सेवा। | | | √ | | | √ |
| २० | अपुरा स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न। | √ | √ | √ | | | |

## १०. अपेक्षित उपलब्धी

शहिद लखन गाउँपालिकाका स्वास्थ्य संस्थाहरुसँग कार्य सम्पादन मुल्यांकनको आधारमा प्रोत्साहन नीति कार्यान्वयन भई आधारभूत स्वास्थ्य सेवा अझ विश्वसनीय र प्रभावकारी भएको हुनेछ। आधारभूत स्वास्थ्य

सेवाको गुणस्तर वृद्धि भई आधारभूत स्वास्थ्य सेवा तथा आधारभूत ल्याब परीक्षणका लागि अन्य सहरी क्षेत्रमा जानुपर्ने वाध्यताको अन्त्य हुनेछ। अति सीमान्कृत समुदायका नागरिकहरूलाई स्वास्थ्य सेवामा सहज पहुँच बढेको हुनेछ। वैकल्पिक चिकित्सा पद्दतिको विकास भएको हुनेछ। बालबालिकामा हुने मोटोपन तथा ख्याउटेपन र पाँच वर्ष मुनिको बाल मृत्युदर घटेको हुनेछ।

## ५.३ जनसंख्या

### १. पृष्ठभूमि

बाह्य तथा आन्तरिक बसाईसराईका कारण पहाडी ग्रामीण वस्तीहरुमा जनसंख्या कम हुदै जानु र सहरी तथा तराइका क्षेत्रहरुमा जनघनत्व बढ्दै जानुले जनसंख्या व्यवस्थापन वर्तमान समयको एक ठूलो चुनौती बनेको छ। पछिल्ला केही वर्षहरुमा विकास गाउँ पुग्ने तर विकासको उपभोग गर्ने जनसंख्या ज्यादै न्यून हुँदै गएको अवस्था पनि रहेको छ। यस्तो अवस्थामा जनसंख्याको सन्तुलित वितरण योजना महत्वपुर्ण बनेको छ। जनगणना २०६८ का अनुसार शहिद लखन गाउँपालिकाको कुल जनसंख्या २७ हजार ५५५ रहेकामा जनगणना २०७८ मा यहाँको जनसंख्या २३ हजार ७६ रहेको देखिन्छ। यस आधारमा विश्लेषण गर्दा १० वर्षमा शहिद लखन गाउँपालिकाको जनसंख्या ४ हजार ४७९ अर्थात १६ प्रतिशत (वार्षिक १.६३ प्रतिशत) ले घटेको देखिन्छ। जनसंख्या व्यवस्थापनको लागि यो चुनौतीपूर्ण अवस्था हो।

### २. वस्तुस्थित

राष्ट्रिय जनगणना २०७८ का अनुसार शहिद लखन गाउँपालिकाको कुल जनसङ्ख्या २३ हजार ७६ रहेको छ भने लैङ्गिक अनुपाल ८८.०८ रहेकोछ। गाउँपालिकामा ६ हजार ८५६ घरधुरी रहेका छन् भने जनघनत्व १५५ रहेको छ। पालिकामा ४० वर्ष भन्दा कम उमेरका जनसंख्याको हिस्सा ५६ प्रतिशत रहेको छ भने १५ देखि ५९ वर्षका जनसंख्याको हिस्सा ५८.७ प्रतिशत रहेको छ। ६० वर्षमाथिका जनसंख्याको हिस्सा २०.४ प्रतिशत रहेको छ।

### ३. समस्या र चुनौती

आन्तरिक तथा बाह्य बसाइँ-सराइ उच्च हुनु, ६० वर्ष र सोभन्दा माथिको आश्रित जनसङ्ख्याको अनुपात बढ्दै जानु आदि कारणले शहिद लखन गाउँपालिकामा जनसङ्ख्या व्यवस्थापन चुनौतीपूर्ण रहेको छ। युवा जनशक्तिको विदेश पलायन, शहरकेन्द्रित बसाइसराईं तथा बाह्य बसाइसराइको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ।

## ४. सम्भावना र अवसर

कुल जनसङ्ख्यामा १५ देखि ५९ वर्ष उमेर समूहका आर्थिक रुपमा सक्रिय जनसंख्याको हिस्सा ५८.७ प्रतिशत हुनुले जनसाङ्ख्यिक लाभ प्राप्त हुन थालेकाले पालिकाको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउन सकिने अवसर तथा सम्भावना रहेको छ।

## ५. सोच

जनसंख्या व्यवस्थापन र जनसांख्यिक लाभको उपयोग।

## ६. लक्ष्य

जनसंख्या तथा बसाईँसराईको उचित व्यवस्थापन।

## ७. उद्देश्य

१. बसाइँसराई तथा शहरीकरणको व्यवस्थापन गर्ने।
२. जनसाङ्ख्यिक लाभांसको सदुपयोग गर्ने।

## ८. रणनीति र कार्यनीति

| रणनीति | | कार्यनीति |
|---|---|---|
| जनसाङ्ख्यिक परिवर्तन, आन्तरिक तथा वाह्य बसाइसराईंबाट पर्न सक्ने समस्याको यथोचित सम्बोधन गरिनेछ। | १. | जनसाङ्ख्यिक परिवर्तन र यसको प्रभावलाई सम्बोधन गर्ने गरी कार्यक्रम लागू गरिनेछ। |
| | २. | बैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई रोजगारी र उत्पादनशिल क्षेत्रमा परिचालन गर्न पैरबी गरिनेछ। |
| जनसङ्ख्या तथा बसासराईं सम्वन्धी तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाइ अध्ययन, अनुसन्धान, सर्वेक्षण, प्रक्षेपण, विश्लेषण गरी जनसङ्ख्या सूचनालाई व्यवस्थित गर्ने। | १. | जन्म, विवाह, वसाइसराई, मृत्यु जस्ता व्यक्तिगत घटनाको दर्ता प्रणालीलाई सुदृढीकरण गरिनेछ। |
| | २. | आन्तरिक र वाह्य बसाइसराइ सम्वन्धी अभिलेख र तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. जनसङ्ख्या र वसाइसराइ सम्वन्धी अध्ययन र अनुसन्धान गरिनेछ ।<br>४. आन्तरिक बसाइसराई न्यूनीकरण तथा गाउँ फर्कने वातावरण बनाउन गाउँमा नै शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ । |
| जनसङ्ख्या व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गर्ने । | १. किशोर किशोरीहरुका लागि सुरक्षित यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि गरिनेछ ।<br>२. परिवार नियोजनका साधनको प्रयोग, प्रजनन स्वास्थ्य र शिशु तथा बाल स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।<br>३. मानव संसाधन विकासका लागि विस्तृत कार्य योजना बनाइ जनसाङ्ख्यिक लाभांसको सदुपयोग गरिनेछ । |

## ९. प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | अन्य |
| १ | विकास कार्यक्रम र जनसंख्याबीच सामञ्जस्य हुने गरी कार्यक्रम सञ्चालन गर्ने । | | √ | √ | | | |
| २ | परिवार नियोजन सम्वन्धी जनचेतना कार्यक्रम । | | √ | √ | √ | √ | √ |
| ३ | जनसंख्या, आन्तरिक बसाईसराई र सहरीकरण सम्वन्धी अध्ययन गर्ने । | | | √ | | | |
| ४ | जन्म, विवाह, मृत्यु तथा बसाइसराइ जस्ता घटनाको दर्ता प्रणालीलाई सुदृढ गर्न पैरवी गर्ने। | | | √ | √ | | |

## १०. अपेक्षित उपलब्धी

परिवार नियोजन सम्वन्धी जनचेतना अभिवृद्धि भएको हुनेछ। जनसंख्या, आन्तरिक बसाइसराई र सहरीकरण सम्वन्धी अध्ययनका नतिजाका आधारमा आवश्यक नीतिहरु तर्जुमा भएका हुनेछन् । जनसङ्ख्या व्यवस्थापन सूचना प्रणाली मार्फत जनसङ्ख्याको अद्यावधिक तथ्याङ्क उपलब्ध भएको हुनेछ। गाउँबाट हुने बसाइसराइँमा न्यूनीकरण भएको हुनेछ ।

## ५.४ लैङ्गिक समानता र सामाजिक समावेशीकरण

### १. पृष्ठभूमि

**महिलाः** नेपालको संविधानले 'महिलाको हक' अन्तर्गत प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक, र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हकको प्रत्याभूति गरेको छ। शहिद लखन गाउँपालिकामा एकल तथा विधवा महिलाको जनसंख्या निम्नअनुसार रहेको छ।

**तालिका ९: एकल तथा विधवा महिलाको जनसंख्या**

| वडा | महिला जनसंख्या | | | हिस्सा (प्रतिशत) | |
|---|---|---|---|---|---|
| | जम्मा | विधवा | एकल | विधवा | एकल |
| १ | १००५ | १२४ | १५६ | १२.३४ | १५.५२ |
| २ | १२२३ | ५२ | ६७ | ४.२५ | ५.४८ |
| ३ | १५१३ | ११० | १२८ | ७.२७ | ८.४६ |
| ४ | ११८७ | ८० | ९३ | ६.७४ | ७.८३ |
| ५ | ८७२ | ७५ | ८४ | ८.६ | ९.६३ |
| ६ | १५१८ | १५० | १७९ | ९.८८ | ११.७९ |
| ७ | १४७३ | १४२ | १६५ | ९.६४ | ११.२ |
| ८ | ९८८ | १२५ | १३७ | १२.६५ | १३.८७ |
| ९ | १०३४ | १५० | १६७ | १४.५१ | १६.१५ |
| जम्मा | १०८१३ | १००८ | ११७६ | ९.३२२११ | १०.८७५८ |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८*

**बालबालिकाः** नेपालको संविधानमा बालबालिकाको हक अन्तर्गत प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुने, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने, प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने उल्लेख छ।

**ज्येष्ठ नागरिक**: ज्येष्ठ नागरिकहरूको लागि विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक संविधानले प्रत्याभूत गरेको छ। ज्येष्ठ नागरिक सम्वन्धी ऐन २०६३ (पहिलो संशोधन २०७९) ले ६० वर्ष उमेर पूरा गरेको नागरिकलाई ज्येष्ठ नागरिक मानेको छ। त्यसैगरी ज्येष्ठ नागरिकसम्बन्धी ऐन, नियमावली तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा रहेका छन्।

**अपाङ्गता भएका जनसंख्या**: जनगणना २०७८ अनुसार शहिद लखन गाउँपालिकामा कुल १०८५ जनामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। यी मध्ये गम्भिरताको आधारमा 'क' वर्गको वर्गीकरणमा परेका व्यक्ति ३५१ जना, 'ख' वर्गको वर्गीकरणमा परेका व्यक्ति ६२७ जना, 'ग' वर्गको वर्गीकरणमा परेका व्यक्ति ८७ जना र 'घ' वर्गको वर्गीकरणमा परेका व्यक्ति २० जना रहेका छन्।

**दलित**: नेपालको संविधानले राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक प्रत्याभूत गरेको छ। त्यस्तै, सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिता, दलित विद्यार्थीलाई कानून बमोजिम प्राथमिकदेखि उच्च शिक्षासम्म निःशुल्क तथा प्राविधिक र व्यावसायिक उच्च शिक्षामा विशेष व्यवस्था गरिने उल्लेख छ। साथै, दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक तथा उनीहरुका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउने उल्लेख छ।

## २. वस्तुस्थिति

जनगणना २०७८ का अनुसार शहिद लखन गाउँपालिकाको कुल जनसंख्या २३ हजार ७६ मध्ये महिला जनसंख्या ५३.२ प्रतिशत र लैङ्गिक अनुपात ८८.०८ रहेको छ। त्यस्तै, गाउँपालिकमा रहेका ६ हजार ८५६ घरधुरी मध्ये १४७१ महिलाको घर जग्गामा स्वामित्व रहेको छ।

शहिद लखन गाउँपालिकामा कुल १०२७ जनामा कुनै न कुनै प्रकारको अपांगता रहेको छ। यी मध्ये २९५ जनामा शारिरिक अपाङ्गता, २९८ जना न्यून दृष्टियुक्त, २३ जना दृष्टिविहीन, १०२ जनामा श्रवण क्षमता नभएको आदि रहेका छन।

## ३. समस्या र चुनौती

लैङ्गिक तथा घरेलु हिंशा अन्त्य गर्नु, महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम सञ्चालनमा ल्याउनु, बालविवाह, दाइजो प्रथा, छाउपडी र बोक्सीजस्ता कुरीतिजन्य व्यवहार अन्त्य गर्नु, कार्यक्षेत्रमा विद्यमान विभेद हटाउनु, महिला, यौनिक अल्पसंख्यक, दलित तथा बञ्चितीकरण परेका सीमान्तकृत समूहको राज्यका अंगहरुमा प्रतिनिधित्व बढाउनु, बालबालिकाको आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नु, ज्येष्ठ नागरिकहरूमा रहेका विषयगत ज्ञान, सीप, क्षमता र अनुभवको अधिकतम सदुपयोग गर्नु, वृद्धाश्रम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको स्थापना तथा व्यवस्थापन गर्नु आदि चुनौतीहरू रहेका छन् ।

## ४. सम्भावना र अवसर

लैंगिक समानता, बालअधिकार, संविधानमा ज्येष्ठ नागरिकको हकसम्बन्धी व्यवस्थालाई मौलिक हकको रूपमा राखिएको, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने संवैधानिक व्यवस्था हुनु, दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था हुनु, दुर्व्यवहारबाट पीडित ज्येष्ठ नागरिकहरूलाई राहत, सुरक्षा र स्वास्थ्य उपचार प्रदान गरिएको आदिलाई यस क्षेत्रको अवसर तथा सम्भावनाका रूपमा लिन सकिन्छ । त्यस्तै, शहिद लखन गाउँपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीति २०७९ तथा क्षमता विकास योजना २०८०, गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७५, सुत्केरी पोषण प्रोत्साहन भत्ता वितरण कार्यविधि २०७५, ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन कार्यविधि २०७८ तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ ।

## ५. सोच

सबै प्रकारका भेदभावमुक्त, समावेशी समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

## ६. लक्ष्य

समाजका सबै उमेर, लिङ्ग र समुदायका व्यक्ति तथा समुदायलाई सम्मानपुर्वक बाच्ने अवस्था सिर्जना गर्नु ।

## ७. उद्देश्य

१. लैंगिक समता र सामाजिक समावेशीकरणमार्फत महिलाको आर्थिक-सामाजिक सशक्तीकरण गर्ने ।
२. संविधानमा उल्लिखित बालबालिकाको हक पूर्णरुपमा लागु हुने व्यवस्था गर्ने ।
३. ज्येष्ठ नागरिकलाई सहज जीवन बाँच्न पाउने व्यवस्था गर्ने ।

४. अपांगता भएका नागरिकलाई आर्थिक-सामाजिक मूल प्रवाहीकरण गरी सम्मानपुर्वक बाँच्न पाउने व्यवस्था गर्ने ।

५. संविधानमा उल्लिखित दलित सम्वन्धी हक पूर्णरुपमा लागुहुने व्यवस्था गर्ने ।

६. लैंगिक तथा यौनिक अल्पसंख्यकको अधिकार सुनिश्चित गर्ने ।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य १: लैंगिक समता र सामाजिक समावेशीकरणमार्फत महिलाको आर्थिक-सामाजिक सशक्तीकरण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| महिला सशक्तीकरण र समान अवसरका लागि कार्य गर्ने । | १. महिला सशक्तीकरणका लागि सीपमूलक तालिम र उद्यमशीलताको अवसर सिर्जना गरिनेछ ।<br>२. महिला सशक्तीकरणका लागि स्थानीय सिप तथा कच्चा पदार्थको उपयोग गरी अचार, दुना टपरी, तथा हस्तकलाका सामग्रीहरुको उत्पादन तथा बजारीकरणका लागि कोशेली घर सञ्चालन गरिनेछ ।<br>३. लैंगिक समता प्राप्तिका लागि पुरुषको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ । |

**उद्देश्य २: संविधानमा उल्लिखित बालबालिकाको हक पूर्णरुपमा लागु हने व्यवस्था गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| बालबालिकाको संवैधानिक हक पुर्णरुपमा लागु गर्ने | १. गाउँपालिकाका योजना निर्माण तथा नीति तर्जुमामा बाल सहभागिता अनिवार्य गरिनेछ ।<br>२. बालबालिका विरुद्ध हुने सबै प्रकारको भेदभाव, शोषण तथा सबै प्रकारका बालश्रमको अन्त्य गरिनेछ ।<br>३. बालगृहहरुको संस्थागत विकास गर्ने र विशेष आवश्यकता भएका बालबालिकाहरुको संरक्षण र संवर्द्धन गरिनेछ ।<br>४. बालमैत्री स्थानीय शासन घोषणा र दिगोपनाका लागि सम्वन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ । |

**उद्देश्य ३: ज्येष्ठ नागरिकको सहजजीवन बाँच्न पाउने व्यवस्था मिलाउने।**

| रणनीति | कार्यनीति |
|---|---|
| ज्येष्ठ नागरिकको सम्मानपुर्ण र सहज जीवन बाँच्न पाउने व्यवस्था गर्ने। | १. ज्येष्ठ नागरिकको हेरचाह र ज्येष्ठ नागरिकमैत्री वातावरण सिर्जना गरिनेछ।<br>२. ज्येष्ठ नागरिकहरुको ज्ञान, सीप तथा अनुभवलाई पुस्तान्तरणका लागि संस्थागत गरिनेछ।<br>३. सार्वजनिक सेवामा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिइनेछ। |

**उद्देश्य ४: अपांगता भएका नागरिकलाई आर्थिक-सामाजिक मूल प्रवाहीकरण गरी सम्मानपुर्वक बाँच्न पाउने व्यवस्था गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| अपांगता भएका नागरिकलाई सम्मानपुर्वक बाँच्न पाउने व्यवस्था गर्ने। | १. अपांगता भएका नागरिकलाई आर्थिक-सामाजिक मूल प्रवाहीकरण गरिनेछ।<br>२. अपांगता भएका व्यक्तिलाई शिक्षा र रोजगारीमा प्राथमिकता दिइनेछ।<br>३. सार्वजनिक सेवामा अपांगता भएका नागरिकलाई प्राथमिकता दिइनेछ। |

**उद्देश्य ५: संविधानमा उल्लिखित दलित सम्वन्धी हक पूर्णरुपमा लागुहुने व्यवस्था गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| दलितहरुको सामाजिक-आर्थिक मूलप्रवाहीकरण गरी उत्थान गर्ने। | १. दलित विद्यार्थीलाई कानून बमोजिम प्राथमिकदेखि उच्च शिक्षासम्म निःशुल्क गरिनेछ।<br>२. दलित समुदायको परम्परागत पेशा, ज्ञान, सीपलाई उद्यमशिलतामा रुपान्तरण गरिनेछ। |

**उद्देश्य ६: लैंगिक तथा यौनिक अल्पसंख्यकको अधिकार सुनिश्चित गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| लैंगिक तथा यौनिक अल्पसंख्यकको अधिकार सुनिश्चित गर्ने। | १. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूप्रति सामाजिक विभेद तथा भ्रम हटाउन सरोकार संस्थाकै सहभागितामा पैरबी र प्रचारप्रसार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको क्षमता अभिवृद्धि र उपयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरु

| क्र.सं | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | गृहिणी महिला सशक्तीकरण कार्यक्रम। | | | √ | | | √ |
| २ | विपन्न घरपरिवारका महिलाहरुलाई आयमुलक विविध स्वरोजगार व्यवसाय सञ्चालनमा (सीप, पूँजी, प्रविधि) सहयोग। | | | √ | | √ | √ |
| ३ | लैङ्गिक समानता एवम् समता सम्वन्धी कार्यक्रम। | | | √ | √ | √ | √ |
| ४ | महिला सशक्तीकरण कार्यक्रम एवम् बालविवाह न्यूनीकरण | | | √ | | | √ |
| ५ | बालबालिकाहरुको संरक्षण र बालमैत्री शासन | | | √ | | | √ |
| ६ | वैकल्पिक हेरचाह आवश्यक पर्ने बालबालिकाको लागि अधिकारको संरक्षण र प्रवर्द्धन | | | √ | | | |
| ७ | अपाङ्गताभएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रम | | | √ | | | √ |
| ८ | विपन्न एवम् दलित समुदायको सशक्तीकरण कार्यक्रम | | | √ | | | √ |
| ९ | ज्येष्ठ नागरिकको ज्ञान सीप र अनुभव हस्तान्तरण/संरक्षण कार्यक्रम। | | | √ | | | √ |
| १० | अहिलेका युवासँग उहिलेका कुरा कार्यक्रम | | | √ | | | |
| ११ | यौनिक अल्पसंख्यक सशक्तीकरण कार्यक्रम | | | √ | | | √ |

## १०. अपेक्षित उपलब्धी

महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित तथा यौनिक अल्पसंख्यक आदिको आर्थिक तथा सामाजिक विकासमा मुल प्रवाहीकरण भएको हुने, संविधानले प्रत्याभूत गरेका उनीहरुको हक लागु भएको हुने र सबै प्रकारको सामाजिक हिंशा तथा विभेदको अन्त्य भएको हुनेछ। गृहिणी महिलाहरु सशक्तीकरण भई आत्मनिर्भर भएका हुने तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा उपलब्धी प्राप्त भएको हुनेछ। बालविवाह न्यूनीकरण तथा बालअधिकारको संरक्षणमा सुधार भई बालश्रमको अन्त्य भएको हुनेछ।

त्यस्तै, दलित समुदायको सशक्तीकरण भएको तथा समुदायमा मुलप्रवाहीकरण भएको हुने, अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण भई आत्मनिर्भर भएका हुने तथा ज्येष्ठ नागरिकहरुको ज्ञान सीप र अनुभवको

विविध क्षेत्रमा उपयोग भएको हुनेछ। साथै, यौनिक अल्पसंख्यकहरुको सशक्तीकरण भई आत्मनिर्भर भएका हुनेछन्।

# ५.५ युवा तथा खेलकुद

## १. पृष्ठभूमि

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवावर्गको भूमिका महत्वपूर्ण रहेको हुन्छ । नेपालको संविधानमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने उल्लेख छ । खेलकुदलाई स्वस्थ तथा अनुशासित व्यक्ति तथा समाज सिर्जना गर्ने माध्यमका रुपमा लिने गरिन्छ । व्यक्तिको शारिरीक तन्दुरुस्ती, सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वुपुर्ण भूमिका हुन्छ भनिन्छ ।

## २. वस्तुस्थिति

शहिद लखन गाउँपालिकामा १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्या ८ हजार ११४ अर्थात कुल जनसङ्ख्याको ३५.२ प्रतिशत रहेको छ । गाउँपालिकाले विधागत खेलाडीहरुको उत्पादनका लागि प्रत्येक वर्ष पालिकास्तरीय प्रतियोगिताहरु आयोजना गर्दै आएको तथा राष्ट्रिया तथा अन्तर्राष्ट्रिय स्तरमा विजेता प्राप्त खेलाडीहरुलाई थप प्रोत्साहनका लागि गाउँपालिकाबाट सम्मान एवम् पुरस्कृत गर्दै आएको छ। त्यस्तै, देशभित्र भएका जिल्ला तथा प्रदेशस्तरीय विभिन्न प्रतियोगितामा मात्र होइन, श्रीलंकको कोलम्बोमा भएको नवौं दक्षिण एसियाली कराँते प्रतियोगितामा स्वर्ण  तथा कास्य पदक विजेता पनि यसै गाउँपालिकाका युवा थिए । गाउँपालिकाका सबै वडामा पर्याप्त खेलमैदान नभए पनि केही वडाहरुमा विभिन्न विधागत खेलहरु सञ्चालन गर्न सकिने खेलमैदान रहेको छ।

## ३. समस्या र चुनौती

खेलकुद पूर्वाधार तथा विकासमा लगानी अभिवृद्धि गर्न, भूगोलको जटिलताका कारण सबै वडामा खेलकुद मैदानको बिस्तार गर्न, खेलको विधा अनुसार प्रशिक्षकको व्यवस्थापन गर्न, विभिन्न खेलहरुको वडागत तवरमै प्रतियोगिताहरु सञ्चालन गर्न चुनौती रहेकाछन् । त्यस्तै, युवाहरुलाई विदेश पलायन हुनबाट रोक्नु, देशभित्रै रोजगारीका अवसरहरु सिर्जना गर्नु, युवाहरुमा उद्यमशिलताको विकास गर्नु, युवाहरुमा वित्तीय पहुँच सुनिश्चित गर्नु तथा खेलकुदबाट जीविकोपार्जन हुने अवस्था नरहनु आदि यस क्षेत्रका चुनौती हुन् ।

## ४. सम्भावना र अवसर

युवाको सर्वाङ्गीण विकासको लागि संवैधानिक व्यवस्था हुनु, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव नं. २२५०, दिगो विकास लक्ष्य र युथ भिजन २०२५ ले युवाको विकास र सहभागितामा जोड दिनु, राष्ट्रिय युवा नीति र युथ भिजन २०२५ कार्यान्वयनमा हुनु तथा शहिद लखन गाउँपालिकाको जनसंख्याको ठूलो हिस्सा युवाहरुको हुनु, जनसांख्यिक लाभको अवसरलाई पूँजीकृत गर्न सक्ने अवस्था हुनु युवा विकासका अवसर हुन भने राजनीतिमा युवा सहभागिता बढ्दै जानु, युवा लक्षित उद्यम विकासका कार्यक्रमहरु सुरु हुनु, खेलकुद पूर्वाधारमा राज्यको ध्यान जानु, क्रिकेट लगायतका खेलमा अन्तर्राष्ट्रिय पहिचान बन्दै जानु आदि युवा तथा खेलकुद क्षेत्रका अवसर तथा सम्भावना हुन् । गाउँपालिका ग्रामीण तथा पहाडी भूगोलमा अवस्थित भएकाले फुटबल, भलिबल, दौड, मार्सल आर्ट, कबड्डी, एथलेटिक्स लगायतका खेलकुद सञ्चालन गर्ने, विद्यालयस्तरदेखि वडा तथा गाउँपालिका स्तरीय प्रतियोगिता सञ्चालन गरेर खेलाडी उत्पादन गर्ने, प्रतिभावान खेलाडीहरुको उत्पादन गरी व्यावसायिक खेलप्रति आकर्षित गर्ने जस्ता अवसर रहेका छन् ।

## ५. सोच

स्वस्थ, सिर्जनात्मक, परिश्रमी र उद्यमशील युवा : समृद्ध शहिद लखनको आधार

## ६. लक्ष्य

उद्यमशिलता, रोजगारी र खेलकुदमार्फत राष्ट्र निर्माणमा युवाहरुको योगदान वृद्धि गर्ने ।

## ७. उद्देश्य

१. युवा उद्यमशिलता र रोजगारी वृद्धिमार्फत जनसांख्यिक लाभ लिने ।
२. खेलकुद क्षेत्रको विकास गर्ने ।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य १: युवामा उद्यमशिलता र रोजगारी वृद्धिमार्फत जनसांख्यिक लाभ लिने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| युवाहरुमा उद्यमशिलता तथा रोजगारी अभिवृद्धि गर्ने । | १. युवाहरुलाई उद्यमशिलतातर्फ उत्प्रेरित गर्न दक्षता तथा सीप अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. युवा लक्षित शिक्षा, तालिम तथा रोजगारी अभिवृद्धि गर्ने खालका कार्यक्रममा लगानी बढाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. उद्यमशिल बन्न चाहने युवाहरुलाई लक्षित गरी युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँगको सहकार्यमा युवाहरुलाई सहुलियतपुर्ण कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।<br>३. युवाहरुलाई बजारको माग अनुसारको प्राविधिक शिक्षा तथा सीपमूलक तालिम उपलब्ध गराइनेछ।<br>४. परम्परागत सीप तथा पेशामा युवाहरुलाई आकर्षित गर्न वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ। |

**उद्देश्य २: खेलकुद क्षेत्रको विकास गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| राष्ट्रिय तथा क्षेत्रीय खेलकुद प्रतियोगितामा सहभागी हुने अवसर सिर्जना गर्ने । | १. प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडी तयार गर्न स्थानीय स्तरमा खेलकुद प्रतियोगिताहरू संचालन गरिनेछ।<br>२. विद्यालयमा खेलकुद एवं अतिरिक्त क्रियाकलापहरू संचालन गरिनेछ।<br>३. विद्यालय तह देखिनै प्रतिभावान खेलाडीको पहिचान गरी खेलकुद क्षेत्रमा प्रतिभा प्रष्फुटनको अवसर प्रदान गरिनेछ।<br>४. फरक क्षमता भएकाहरुलाई खेलकुदप्रति आकर्षण गर्न विशिष्टिकृत खेलकुद प्रतियोगिताहरुको आयोजना गरिनेछ। |
| खेलकुद पूर्वाधार विकास तथा यूवालाई खेलकुदमा प्रोत्साहन गर्ने। | १. प्रत्येक वडामा एक बहुउद्देश्यीय खेल मैदान निर्माण गरिनेछ।<br>२. परम्परागत खेलकुदहरुको जगेर्ना तथा प्रवर्द्धन गरिनेछ।<br>३. खेलकुद विकासका लागि अन्तर-सरकार तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ।<br>४. विद्यालय खेलमैदान र गाउँपालिकाको तहमा बहुउद्देश्यीय खेलकुदस्थल निमार्ण गर्न पहल गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | युवालक्षित सीप विकास कार्यक्रम। | | | √ | √ | √ | √ |
| २ | युवाहरुको नेतृत्व क्षमता विकास तालिम | | | √ | | | √ |

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| ३ | युवाहरुको लागि उद्यमशीलता तालिम सञ्चालन | | √ | √ | √ | | √ |
| ४ | वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई स्वरोजगार व्यवसाय सञ्चालन गर्न सहयोग गर्ने | | √ | √ | √ | √ | √ |
| ५ | खेलकुद पूर्वाधार मर्मत सम्भार र निर्माण | | | √ | | | |
| ६ | एक वडा एक खेलकुद मैदान निर्माण कार्यक्रम | | | | | | |
| ७ | राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता | √ | | √ | | | |
| ८ | अन्तर पालिका खेलकुद प्रतियोगिता | | | √ | √ | | |
| ९ | शहिद लखन कप खेलकुद प्रतियोगिता | | | √ | | | |
| १० | युवा प्रतिभा खोजी तथा प्रोत्साहन कार्यक्रम | | | √ | | | |
| ११ | प्रतिभावान खेलाडीहरुको पहिचान र प्रोत्साहन | | | √ | √ | | |
| १२ | विद्यालयहरुमा खेलकुदको लागि तालिम, प्रशिक्षक र सामग्री | √ | √ | √ | | | |
| १३ | युवाहरुलाई सहुलीयतपुर्ण लघुउद्यम कर्जा सहजीकरण कार्यक्रम | | | √ | √ | √ | √ |
| १४ | सीप परीक्षण कार्यक्रम | | | √ | | | √ |

## १०. अपेक्षित उपलब्धी

विभिन्न खेलको लागि पूर्वाधार निर्माण भएको हुने र खेलाडीहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि भएको हुनेछ। युवाहरुमा उद्यमशीलता तथा सीप विकास भई रोजगारी वृद्धि तथा स्वरोजगार व्यवसायहरुको वृद्धि भएको हुनेछ। वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सीप र क्षमताका उपयोग भई विविध आर्थिक क्रियाकलापहरु सञ्चालन भएका हुनेछन्।

# ५.६ भाषा, संस्कृति र कला

## १. पृष्ठभूमि

नेपाल विभिन्न जातजाति, भाषा, भेषभूषा, रहनसहनका मानिसहरूको बसोवास रहेको तथा ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक दृष्टिले एक समृद्ध राष्ट्र हो । नेपालको संविधानले भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रुपमा स्थापित गर्दै प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा, लिपि, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने उल्लेख छ भने नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुने उल्लेख गरेको छ ।

## २. वस्तुस्थिति

शहिद लखन गाउँपालिका जातीय तथा भाषिक विविधता भएको गाउँपालिका हो । यहाँ झण्डै २५ जातिजातिको बसोबास रहेको छ । उनीहरुका आफ्नै भाषा, संस्कृति र परम्पराहरु रहेका छन् । यहाँ विभिन्न समयमा विभिन्न किसिमका चाडबाड तथा जात्राहरु आयोजना हुने गर्छन् । झण्डै ३८ प्रतिशत मगरहरुको बसोबास रहेको यस गाउँपालिकामा माघे संक्रान्ति, भूमे पूजा (भूमि, प्रकृति र अन्नबालीको संरक्षण तथा राम्रो उत्पादनको कामना गर्दै मनाइने महत्वपूर्ण सांस्कृतिक पर्व), रोदी तथा सोरठीसँग सम्बन्धित सांस्कृतिक उत्सवहरू, सोरठी, मारुनी, कौडा नृत्य आदि संरक्षण र प्रवर्द्धन गर्नु पर्ने आवश्यकता छ । त्यस्तै गुरुङ, नेवारहरुका परम्परागत संस्कृतिहरुको पनि संरक्षण र प्रवर्द्धनको गर्न सक्ने हो भने गाउँपालिकाको लागि मात्र होइन समग्र देशकै लागि निधि बन्न सक्छ ।

## ३. समस्या र चुनौती

बाह्य संस्कृतिको अतिक्रमण, नेपालको मौलिक संस्कृतिको संरक्षण हुन नसक्नु, परम्परागत चाडपर्वहरुले मौलिकता गुमाउँदै जानु आदि यस क्षेत्रका समस्या हुन भने लोपोन्मूख भाषा, संस्कृतिको अभिलेखीकरण, संरक्षण र प्रवर्द्धन गर्नु, सांस्कृतिक सम्पदाहरुको अध्ययन एवम् संरक्षण गर्नु चुनौतीपुर्ण रहेका छन् । यिनीहरूको संरक्षणका लागि यथेष्ट आर्थिक स्रोत उपलब्ध नहुनु जस्ता चुनौतीहरू पनि यस क्षेत्रमा रहेका छन् ।

## ४. सम्भावना र अवसर

मौलिक संस्कृति तथा सम्पदाहरूको संरक्षणमा समुदायहरुको बढ्दो सकृयता, विभिन्न मेलाहरुमा स्थानीय संस्कृति तथा कलाको प्रवर्द्धन कार्यक्रमहरु हुनु, आफ्नो संस्कृति र कलाप्रति चासो बढ्दै जानु, सम्पदाहरू र

कला साहित्यको संरक्षण एवम् विकास गर्ने संवैधानिक प्रतिबद्धता आदि यस क्षेत्रको विकासका लागि अवसर हुन् । यी सम्पदाहरूमार्फत सामाजिक र खासगरी पर्यटन क्षेत्रको विकासमा उल्लेख्य योगदान पुऱ्याउँदै विश्वमा नेपाललाई चिनाउने अवसर पनि प्राप्त छ ।

## ५. सोच

शहिद लखनको प्राथमिकता : भाषा, संस्कृति, साहित्य र कलाको प्रवर्द्धन

## ६. लक्ष्य

भाषा, संस्कृति, कला र साहित्य जस्ता सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने ।

## ७. उद्देश्य

स्थानीय कला, संस्कृति तथा साहित्यको संरक्षण तथा प्रवर्द्धन गर्ने ।

## ८. रणनीति र कार्यनीति

उद्देश्यः स्थानीय कला संस्कृति तथा साहित्यको संरक्षण तथा प्रवर्द्धन गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय कला, संस्कृति तथा साहित्यको प्रवर्द्धनमार्फत गाउँपालिकाको पहिचान विस्तार गर्ने । | १. स्थानीय भाषा, संस्कृति, कला र साहित्यको संरक्षण तथा प्रवर्द्धनका लागि संस्थागत प्रयाश गरिनेछ ।<br>२. कला, साहित्य प्रवर्द्धनको लागि साहित्यिक मेला, विभिन्न विधाका साहित्यिक प्रतिस्पर्धा जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ । |
| भाषिक विविधताको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने । | १. गाउँपालिकाभित्र बोलिने विभिन्न भाषा तथा सांस्कृतिक सम्पदाहरुको अभिलेखीकरण गरिनेछ ।<br>२. स्थानीय भाषा, संस्कृति तथा कला संरक्षणको लागि शिक्षण सिकाई क्रियाकलापमा आवद्ध गर्दै लगिनेछ ।<br>३. स्थानीय समुदायको भाषा, संस्कृति, सामाजिक परम्परालाई संरक्षण र प्रवर्द्धन गरिनेछ ।<br>४. लोपोन्मुख भाषा, संस्कृतिलाई संरक्षण गरिनेछ । |

## ९. प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रमहरु | सहकार्य गर्ने निकायहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | स्थानीय कला, संस्कृति तथा साहित्यिक मेला आयोजना। | | | √ | √ | √ | √ |
| २ | ऐतिहसिक, सांस्कृतिक, धार्मिक तथा पुरातात्विक सम्पदाहरुको मर्मत तथा संरक्षण। | | √ | √ | | | √ |
| ३ | धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् पुरातात्विक महत्वका सम्पदास्थलहरूको दिगो विकास एवम् व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गर्ने। | √ | √ | √ | | | √ |
| ४ | गाउँपालिकास्तरीय भाषा साहित्य, तथा कला प्रज्ञा प्रतिष्ठानको गठन। | | √ | | | | √ |
| ५ | लोपोन्मुख एवम् पिछडिएको वर्गको भाषा, साहित्य, कला, संस्कृतिको अध्ययन अनुसन्धान। | | √ | √ | | | √ |

## १०. अपेक्षित उपलब्धी

गाउँपालिका क्षेत्रको कला, संस्कृतिको संरक्षणको लागि विभिन्न कार्यहरु गरिएको हुनेछ। गाउँपालिका भित्र हुने पर्वहरुमा स्थानीय संस्कृतिको प्रवर्द्धन हुने कार्यक्रमहरु सञ्चालनमा वृद्धि भएको हुनेछ। त्यस्तै, लोपोन्मूख भाषा, संस्कृति कला आदिको अध्ययन अनुसन्धान भई संरक्षणको पहल सुरु भएको हुनेछ।

## परिच्छेद छ

# पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्र विकास अन्तर्गत स्थानीय सडक तथा यातायात, उर्जा, खानेपानी आदि उपक्षेत्र रहेका छन् । यी उपक्षेत्र अन्तर्गतका लक्ष्य, उद्देश्य र उपलव्धीको लक्ष्य हासिल गर्न नीति तथा कार्यक्रम तर्जुमा, स्रोतको व्यवस्था तथा कार्यक्रम कार्यान्वयन साथै  अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गर्नु आवश्यक रहेको छ।

## ६.१ सडक तथा यातायात

### १. पृष्ठभूमि

सडक तथा यातायात विकासको सबैभन्दा महत्वपुर्ण र आधारभूत आवश्यकता हो । यातायात सञ्जाल अन्तर्गत सडक, जल यातायात, हवाई यातायात र रज्जुमार्ग आदि पर्ने भएता पनि गाउँपालिकाको भौगोलिक संरचनाको पृष्ठभूमिमा सडकको भूमिका महत्वपूर्ण रहेको छ। यसैले शहिद लखन गाउँपालिकाले गाउँपालिका र गाउँपालिकाको भूगोल भित्र सडकमा गर्ने लगानीलाई गाउँ र बजारक्षेत्र बीचको कनेक्टिभिटीको रुपमा मात्र नलिई त्यहाँका बासिन्दाको जीवन प्रणालीको अभिन्न अंगका रुपमा लिनु पर्दछ।

### २. वस्तुस्थिति

गाउँपालिकामा सडक पूर्वाधारको अपेक्षकृत विकास हुन सकेको छैन। कुल ३४९ किलोमिटर सडक निर्माण भएता पनि सर्वयाम यातायात सेवा दिने सडकको हिस्सा कम छ। गाउँपालिकाभित्र कालोपत्रे सडक  २२ किलोमिटर, ग्रावेल सडक २५ किलोमिटर र कच्ची सडक ३०२ किलोमिटर गरी कुल ३४९ किलोमिटर सडक रहेको छ। त्यस्तै, रामशाहघाट, अँबुवा, लुदीखोला र बुङ्गकोटघाटमा गरी चारवटा मोटरएवल पक्की पुलहरु रहेका छन् ।

### ४. समस्या र चुनौती

पहाडी भूगोल भएका कारण सडक निर्माण खर्चिलो हुनु, सडक मापदण्ड कार्यान्वयनमा कठिनाइ हुनु, प्रायः सडकहरू कम चौडाईका हुनु तथा हरेक वस्तीमा सडक ट्र्याक खोल्ने अभियानले गाउँपालिकाका मुख्य सडक

सर्वयाम तथा कालोपत्रे गर्ने कार्यमा बजेट अपुग भएको अवस्था छ। त्यस्तै मनकामना मन्दिर जस्तो प्रशिद्ध पर्यटकीय क्षेत्रमा पनि भरपर्दो सडक निर्माण पूरा हुन सकेको छैन् । यसका अतिरिक्त, यातायात र उत्पादन क्षेत्रलाई जोड्नु, सडक पूर्वाधार निर्माणमा तीनै तहको सरकारको आ-आफ्नो प्राथमिकता अनुसार योजनाबद्ध विकास तथा समन्वय कायम गर्न चुनौती देखिएको छ। त्यस्तै, सीमित बजेट र सडक पूर्वाधारमा जनताको अपेक्षा बढी हुनु पनि यस क्षेत्रको लागि चुनौतीको रुपमा रहेको देखिन्छ।

## ५. सम्भावना र अवसर

शहिद लखन गाउँपालिकामा राष्ट्रिय पहिचान बोकेका पर्यटकीय क्षेत्र हुनुले यस गाउँपालिकामा सडक निर्माण प्रतिफलयुक्त र यिनै महत्वका कारण संघ तथा प्रदेश सरकारको सहयोगमा सडक निर्माणको सम्भावना उच्च रहेको छ। त्यस्तै, गाउँपालिकाको पूर्वाधार विकास ऐन २०७६, तर्जुमा हुनु, गोरखा बजार, तनहुँको आँबुखैरेनी बजार तथा पृथ्वी राजमार्ग नजिक रहनु, कृषि तथा फलफूल उत्पादनको सम्भावना उच्च हुनु आदिले पनि यहाँको सडक निर्माणले शिघ्र प्रतिफल दिने सम्भावना उच्च रहेको छ।

## ६. सोच

सुरक्षित तथा सर्वयाम यातायातसहितको सडक सञ्जालः गाउँपालिकाको अर्थ-सामाजिक समुन्नतिको दिगो आधार।

## ७. लक्ष्य

सडक सञ्जाललाई सामाजिक तथा आर्थिक विकासको आधार तथा उत्प्रेरक बनाउने ।

## ८. उद्देश्य

१. सडक र सडक यातायातलाई सुरक्षित तथा भरपर्दो बनाउने।

२. सडक यातायातलाई समुदायको आर्थिक-सामाजिक रुपान्तरणको माध्यम बनाउने ।

३. सडक निर्माणको क्रममा भएका तथा हुनसक्ने भूःक्षयलाई न्यूनीकरण गरी वातावरणमैत्री बनाउने।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १ः सडक र सडक यातायातलाई सुरक्षित तथा भरपर्दो बनाउने।**

| रणनीति | कार्यनीति |
|---|---|
| | १. शहिद लखन गाउँपालिकाका सबै वडालाई छुने गरी शहिद लखन प्रमूख सडक निर्माण गरिनेछ।। |

| रणनीति | कार्यनीति |
|---|---|
| सडक गुरुयोजना तयार गरी क्रमिकरुपमा कार्यान्वयन गर्दै लैजाने । | २. गाउँपालिको केन्द्रबाट प्रत्येक वडा कार्यालय जोड्ने सडक कालोपत्रे गरिनेछ ।<br>३. सडक यातायात गुरुयोजना तयार गरी प्राथमिकता अनुसार सडकहरूको स्तरोन्नति गरिनेछ ।<br>४. सडक यातायात क्षेत्रका लागि आवश्यक स्थानीय नीति कानून तथा मापदण्डको निर्माण गरी कार्यान्वयन तथा नियमन गरिनेछ । |
| सडक र सडक यातायातलाई सुरक्षित र भरपर्दो बनाउने । | १. सडक मापदण्ड अनुसार नभएका सडकहरुलाई स्तरोन्नति तथा धुले सडकलाई क्रमिकरुपमा सर्वयाम सडक बनाइनेछ ।<br>२. भौतिक पूर्वाधार विकास निर्माण कार्यमा अझ राम्रो र अझ बलियो पुनर्लाभ र पुननिर्माण तथा विपद जोखिम न्यूनीकरणको अवधारणा लागु गरिनेछ ।<br>३. भूकम्प प्रतिरोधी पूर्वाधार प्रविधि अनुसार सडक निर्माण गरिनेछ ।<br>४. पुल तथा सडकहरुको निर्माणमा विपद जोखिम न्यूनीकरणका लागि आवश्यक कार्य गरिनेछ । |

**उद्देश्य २: सडक यातायातलाई समुदायको आर्थिक-सामाजिक रुपान्तरणको माध्यम बनाउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| सडक यातायातलाई आर्थिक-सामाजिक रुपान्तरणको माध्यम बनाउने । | १. हाल भएका तथा सम्भाव्य कृषि उत्पादन पकेट क्षेत्र, पर्यटकीय क्षेत्र आदि सडकसँग जोडिने छ ।<br>३. दुर्गम क्षेत्रका वासिन्दाहरुलाई स्वास्थ्य सेवा, शिक्षण संस्था, बजार आदिसँग पहुँच सहज बनाउन यातायात सेवा पुऱ्याइनेछ ।<br>४. सबै वडा कार्यालय केन्द्रलाई पक्की सडक सञ्जालमा आवद्ध गरिनेछ । |

**उद्देश्य ३: सडक निर्माणको क्रममा भएका तथा हुनसक्ने भू:क्षयलाई न्यूनीकरण गरी वातावरणमैत्री बनाउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| सडक निर्माणमा वातावरणीय क्षति कम गर्ने | १. सडक निर्माणमा सम्भावित वातावरणीय क्षतिको न्यूनीकरण उपायको सुनिश्चितता गरिनेछ।<br>२. हरितीकरणको लागि वायो इञ्जिनियरिङ प्रविधिलाई अनिवार्य गरिनेछ।<br>३. हरेक निर्माण कार्यमा वातावरणीय प्रभाव मुल्याङ्कनको प्रभावकारी कार्यान्वयन गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | पालिका केन्द्रबाट प्रत्येक वडा कार्यालय जोड्ने सडक स्तरोन्नती तथा कालोपत्रे गर्ने । | | | √ | | | |
| २ | गाउँपालिका भित्रका सबै सडक बाह्रै महिना संचालन ल्याउने गरी स्तरोन्नति गरी सडक निर्माण गर्ने । . | √ | √ | √ | | | |
| ३ | सडकको नियमित मर्मत सम्भारका लागि संघ, प्रदेश तथा अन्य स्थानीय तहबिच सहकार्य गर्ने । | √ | √ | √ | | | |
| ४ | गाउँपालिकाको प्रमूख सडकबाट विद्यालय तथा स्वास्थ्य संस्थासम्म सडक निर्माण कार्यक्रम । | √ | √ | √ | | | |
| ५ | गाउँपालिकाका आर्थिक केन्द्र तथा पर्यटकीय क्षेत्र जोड्ने सडक अध्ययन तथा निर्माण गर्ने । | | √ | | | | |
| ६ | यातायात पूर्वाधार तथा व्यवस्थापन सम्वन्धी अध्ययन अनुसन्धान गर्ने । | √ | √ | √ | √ | | √ |

## १०. अपेक्षित उपलब्धी

गाउँपालिकाका सबै वडाका केन्द्रसम्म पक्की सडक पुगेको हुनेछ। गाउँपालिकाका विद्यालयहरु तथा स्वास्थ्य संस्थाहरु सम्म सर्वयाम सडक निर्माण भई सञ्चालन भएको हुनेछ। सडकहरु सुरक्षित र यातायातका साधनहरु सर्वयाम चल्ने हुनेछन् र आवागमन सहज हुनेछ । सडक क्षेत्र हरियालीयुक्त हुनेछन भने सडक यातायातले जोडिएका उपयुक्त क्षेत्रहरुमा कृषि उत्पादनहरुको वृद्धि भएको हुनेछ।

## ६.२ ऊर्जा

### १. पृष्ठभूमि

ऊर्जा मुलुकको विकासको मेरूदण्ड भएकोले नेपालका पछिल्ला आवधिक योजनाहरूमा ऊर्जा क्षेत्रले उच्च प्राथमिकता पाउँदै आएको छ। आधुनिक समाजमा उद्योगधन्दा, घरेलु उपयोग, यातायात लगायत अन्य धेरै प्रयोजनको लागि उर्जाको प्रयोग अपरिहार्य बनेको छ। नेपालको संविधानमा स्थानीय तहको अधिकार सूची अन्तर्गत साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा रहेको छ।

### २. वस्तुस्थिति

वि.सं. २०७८ को जनगणना अनुसार शहिद लखन गाउँपालिकाका कुल ६ हजार ८५६ घरधुरी मध्ये ६ हजार ६१९ अर्थात ९६.५ प्रतिशत घरपरिवारले उज्यालो (वत्ति) को लागि बिजुली र १९५ घरधुरीले सौय उर्जा प्रयोग गर्छन भने २१ घरधुरीले मट्टितेल, २ घरधुरीले बायोग्याँस र १९ घरधुरीले अन्य इन्धन प्रयोग गर्छन। त्यस्तै, गाउँपालिकाका ४ हजार ४७० घरधुरी अर्थात ६५.२ प्रतिशत घरधुरीले खाना बनाउनको लागि दाउरा, २ हजार ११३ अर्थात ३०.८ प्रतिशत घरधुरीले एल.पि. ग्याँस, २०६ घरधुरीले बायोग्याँस, २१ घरधुरीले विद्युत, २० घरधुरीले गोबर गुइँठा, २२ घरधुरीले मट्टितेल र बाँकी चार घरधुरीले अन्य इन्धन प्रयोग गर्छन।

### ३. समस्या र चुनौती

शहिद लखन गाउँपालिकाको खाना पकाउने इन्धनको रुपमा दाउरा तथा आयातित उर्जाको प्रयोग उच्च हुनु, घरायशी उपयोगमा काठ दाउराको प्रयोग धेरै हुनु र यसले सिर्जना गर्ने वातावरण प्रदुषण र जनस्वास्थ्यमा पर्ने प्रतिकुल असर आदि समस्या हुन्। आयातित इन्धन तथा काठदाउराको प्रयोगलाई स्वच्छ उर्जाले प्रतिस्थापन गर्नु र खासगरी यातायात तथा घरायशी इन्धनको मागलाई स्वच्छ उर्जा आपूर्ति गर्नु चुनौती रहेको छ। त्यस्तै, विद्युत प्रशारणका लागि ट्रान्समिटरमा निरन्तर देखिने समस्या तथा मर्मतको लागि विद्युत प्राधिकरणका प्राविधिकहरु समयमा नै नपुग्नुले आम मानिस जोखिमपूर्ण रुपमा मर्मत कार्यमा लाग्नुपर्ने अवस्था चुनौतीपूर्ण रहेको छ।

### ४. सम्भावना र अवसर

ऊर्जा क्षेत्र संघीय सरकारको प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहनु, लगानीका प्रशस्त अवसर देखिनु, वैदेशिक लगानीको लागि पर्याप्त सम्भावना रहनु, पछिल्ला वर्षहरुमा जलविद्युतको उत्पादन बढ्दै जाँदा घरायशी इन्धनको रुपमा काठ/दाउराको प्रयोगलाई जलविद्युतबाट प्रतिस्थापन गर्न सकिने अवस्था बन्दै जानु, विद्युतीय

उपकरण तथा सवारी साधनको प्रयोग बढ्दै जानु आदि उर्जा क्षेत्रका अवसर तथा सम्भावनाका रूपमा लिन सकिन्छ ।

## ५. सोच

स्वच्छ र नविकरणीय उर्जाः स्वस्थकर जीवनशैली र औद्योगिक विकासको आधार

## ६. लक्ष्य

स्वच्छ उर्जाको प्रयोग बढाउदै आयातित इन्धनमाथीको निर्भरता घटाउने ।

## ७. उद्देश्य

१. स्वच्छ उर्जा उपभोग बढाउने ।

२. अन्य वैकल्पिक उर्जा उत्पादन तथा उपयोगलाई प्रोत्साहन गर्ने ।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य १: स्वच्छ उर्जा उपभोग बढाउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| सबै क्षेत्रमा स्वच्छ तथा भरपर्दो उर्जाको पहुँच सुनिश्चित गर्दै खपत बढाउने । | १. संघीय सरकारसँगको सहकार्य र समन्वयमा 'पुर्ण उज्यालो शहिद लखन गाउँपालिका कार्यक्रम'मार्फत विद्युतको पहुँच नपुेका क्षेत्रमा ग्रामीण विद्युतीकरण गरिनेछ ।<br>२. सरकारी तथा सामुदायिक स्वास्थ्य तथा शिक्षण संस्था, ग्रामीण खानेपानी, साना सिँचाइ तथा घरेलु उद्योगमा खपत हुने विद्युतमा सहुलियत दिइनेछ । |

**उद्देश्य २: अन्य वैकल्पिक उर्जा उत्पादन तथा उपयोगलाई प्रोत्साहन गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| वैकल्पिक उर्जा उत्पादन तथा उपयोगलाई प्रोत्साहन गर्ने । | १. 'पुर्ण उज्यालो शहिद लखन गाउँपालिका कार्यक्रम' अन्तर्गत वितरण प्रणाली नपुगेका स्थानहरुमा सौर्यउर्जा, मिनी ग्रीड जस्ता अन्य वैकल्पिक उर्जा पुऱ्याइनेछ ।<br>२. सौर्यउर्जाबाट बचत हुने विद्युतलाई 'नेट मिटरिङ' प्रणालीबाट राष्ट्रिय प्रशारण लाइनमा जडान गर्ने व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| | ३. कृषिको रेसिड्युल र जङ्गलबाट संकलन हुने वायोमासलाई प्रशोधन गरी उपयुक्त उत्पादन (ब्रिकेट आदि) बनाउने प्रविधिलाई प्रोत्साहन गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरु

| क्र.सं | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | नविकरणीय उर्जा उत्पादनमा सहयोग कार्यक्रम। | √ | √ | √ | | | |
| २ | विद्युत सेवा नपुगेका दुर्गम वस्तीहरुमा ग्रामीण विद्युतीकरण विस्तार तथा काठे पोल विस्थापनका लागि संघीय सरकारसँग सहकार्य | √ | √ | √ | | | |
| ३ | समुदायको मागको आधारमा विद्युतीय वा सोलार सडक वत्ति जडान। | | | √ | | | |
| ४ | आधारभूत स्वास्थ्य, गरिबी निवारण जस्ता उद्देश्यसँग गाँसिएका खानेपानी, लिफ्ट सिँचाइ तथा घरेलु उद्योग लगायतका क्षेत्रमा खपत हुने बिजुलीमा सहुलियत दिने। | √ | √ | √ | | | |
| ५. | कृषिको रेसिड्युल र जङ्गलबाट संकलन हुने वायोमासलाई प्रशोधन गरी उपयुक्त उत्पादन (ब्रिकेट आदि) बनाउने प्रविधिलाई प्रोत्साहन  कार्यक्रम। | | | √ | √ | √ | √ |

## १०. अपेक्षित उपलब्धी

स्वच्छ उर्जाको उपयोगमा वृद्धि भई उर्जाको लागि पेट्रोलीयम पदार्थ माथिको निर्भरता घट्न गएको हुनेछ। बजार क्षेत्रका वस्तीहरुमा सडकवत्ति जडान भएको हुनेछ। खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जाको उपयोग बढेको हुनेछ। कृषिको रेसिड्युल र जङ्गलबाट संकलन हुने वायोमासलाई प्रशोधन गरी उपयुक्त उत्पादन (ब्रिकेट आदि) बनाउने कार्य अगाडि बढेको हुनेछ।

# ६.३ खानेपानी तथा सरसफाई

## १. पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवा आधारभूत मानव अधिकारको रूपमा समेत स्थापित छ। नेपालको संविधानमा 'प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने' उल्लेख छ। दिगो विकास लक्ष्य (६) मा सबैको निम्ति खानेपानी र सरसफाइको उपलब्धता तथा यसको दिगो व्यवस्थापन सुनिश्चत गर्ने उल्लेख छ। खानेपानी तथा सरसफाइमा गरिने लगानीले जनस्वास्थ्यका चुनौती न्यूनीकरण गर्नमा ठूलो सहयोग पुऱ्याउँछ।

## २. वस्तुस्थिति

जनगणना २०७८ का अनुसार शहिद लखन गाउँपालिकाका ६ हजार ८५६ घरधुरी मध्ये २ हजार ९२२ घरधुरी (४२.६ प्रतिशत) को निजी धारा छ भने २ हजार २९५ घरधुरी (३३.५ प्रतिशत) ले सामुदायिक धाराको पानी प्रयोग गर्छन्। बाँकी घरधुरीले इनार, कुवा, ढुंगेधारा, ह्याण्डपम्प तथा अन्य स्रोतबाट खानेपानीको उपभोग गर्दछन् । गाउँपालिकाका झण्डै २४ प्रतिशत घरधुरी धाराको पानीबाट बञ्चित रहेका छन् । त्यस्तै, गाउँपालिकाका ६० घरमा शौचालय छैन्।

**तालिका १०: पिउने पानीको स्रोत अनुसार वडागत घरधुरी**

| वडा | जम्मा घरधुरी | निजी धारा | सामुहिक धार | इनार/कुवा (ढाकिएको) | इनार/कुवा (खुला) | जम्मा गरिएको पानी | खोला, नदी | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | ७२७ | ११५ | ३६३ | ० | ५ | २४२ | १ | १ |
| २ | ६७५ | ३९७ | ८८ | ० | ० | १८७ | २ | १ |
| ३ | ८६५ | ५५६ | २२८ | १ | ३ | ७२ | ३ | २ |
| ४ | ७३९ | ४८२ | २३६ | ० | ७ | १२ | १ | १ |
| ५ | ५१८ | २६४ | २४९ | ० | ५ | ० | ० | ० |
| ६ | ९६१ | ४६४ | ३११ | ३ | ८ | १६७ | ६ | २ |
| ७ | ९४० | १२१ | ३१८ | ४ | १५ | ४८० | ० | २ |
| ८ | ६६८ | ३३ | ३७६ | १ | ३९ | २१८ | ० | १ |
| ९ | ७६३ | ४९० | १२६ | १ | १३ | १३१ | २ | ० |
| **जम्मा** | **६८५६** | **२९२२** | **२२९५** | **१०** | **९५** | **१५०९** | **१५** | **१०** |

## ३. समस्या तथा चुनौती

गाउँपालिकाको सबै घरधुरीमा आधारभूत तहको खानेपानी उपलब्ध नहुनु, पानीका सतही स्रोतहरु सुक्ने तथा घट्दै जाँदा पम्पिङ्ग/लिफ्टिङ्ग प्रविधिबाट योजना सञ्चालन गर्नुपर्ने र योजनाको लागत तथा सञ्चालन खर्च (विद्युत महशुल) समेत बढ्ने गरेकोले छरिएका पहाडी वस्तीहरुमा खानेपानी आयोजना सञ्चालन गर्न समेत

कठीनाई हुने समस्या रहेको छ । खानेपानीको विस्तार र गुणस्तर वृद्धि गर्ने, खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने र गाउँपालिकालाई खुला दिसापिसाबमुक्त क्षेत्र बनाउने, फोहर मैला व्यवस्थापन, खानेपानी तथा सरसफाईको क्षेत्रमा दिगो विकास लक्ष्य हासिल गर्ने आदि चुनौती रहेका छन् ।

## ४. अवसर तथा सम्भावना

खानेपानी तथा सरसफाई संघ, प्रदेश तथा स्थानीय तीनै तहका सरकारको प्राथमिकतामा रहनु, दिगो विकास लक्ष्यले पनि यसलाई एक प्रमूख लक्ष्यको रुपमा राख्नु, स्वच्छ पानी उपयोग सम्वन्धमा जनचेतना वृद्धि हुनु, गाउँपालिकामा जलस्रोत ऐन २०७७, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७६ तथा प्राकृतिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नविकरण व्यवस्थापन कार्यविधि २०७६ तर्जुमा भई लागु हुनु आदि अवसर तथा सम्भावना हुन् ।

## ५. सोच

सहज, स्वच्छ खानेपानी र सरसफाइयुक्त वातावरणः बसोवासको लागि उत्कृष्ट शहिद लखन

## ६. लक्ष्य

आधारभूत खानेपानी र सरसफाई सेवाको सुनिश्चित गर्ने ।

## ७. उद्देश्य

१. सबै घरधुरीहरुमा स्वच्छ खानेपानीको सहज र सर्वयाम आपूर्ति गर्ने ।

## ८. रणनीति तथा कार्यनीति

**उद्देश्य** १ः सबै घरधुरीहरुमा स्वच्छ खानेपानीको सहज र सर्वयाम आपूर्ति गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकाका शत्प्रतिशत घरधुरीमा आधारभूत खानेपानीको पहुँच पुऱ्याउने । | १. एक घर एक धारा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. खानेपानी वितरण प्रणालीलाई वैज्ञानिक बनाइनेछ ।<br>३. शहिद लखन बृहत खानेपानी योजना अगाडि बढाउन आवश्यक समन्वय गरिनेछ ।<br>४. खानेपानी आयोजनाहरुको निर्माण तथा नियमित मर्मतसम्भार गरिनेछ । |
| पानीका स्रोतहरुको संरक्षण गर्ने । | १. खानेपानीको मुहान तथा जलाधार क्षेत्रको संरक्षण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. प्राचिन ढुंगेधारा, कुवा, इनार जस्ता पानी स्रोतहरुको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।<br>३. जलस्रोतको दिगोपनाका लागि सबै वडाहरुमा एक वडा एक रिचार्ज पोखरी निर्माण गरिनेछ । |
| फोहरमैलाको दिगो व्यवस्थापन गर्ने । | १. शुन्य प्लाष्टिकजन्य फोहर कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. प्लाष्टिक मुक्त गाउँपालिका बनाउन गाउँपालिका कार्यालय र अन्तर्गतका सबै निकायहरुमा प्लाष्टिकको झोला र खादाहरुलाई निषेध गरिनेछ ।<br>४. सार्वजनिक स्थलहरुमा सार्वजनिक धारा तथा शौचालय निर्माण गरिनेछ । |

## १०. प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | पालिका | निजी | सहकारी | गैसस |
| १ | एक घर एक धारा कार्यक्रम । | √ | √ | √ | | | √ |
| २ | हरेक विद्यालय खानेपानी सुदृढीकरण कार्यक्रम | √ | √ | √ | | | |
| ३ | खानेपानीका सुकेका स्रोतहरुको पुनर्उत्थानका कार्यक्रम । | | | √ | | | √ |
| ४ | सुख्खाग्रस्त क्षेत्रहरुमा पम्पिङ/लिफ्टिङ खानेपानी आयोजना कार्यक्रम । | √ | √ | √ | | | √ |
| ५ | खानेपानी गुणस्तर सुधार कार्यक्रम । | √ | √ | √ | | √ | √ |
| ६ | स्रोत संरक्षण तथा भूमिगत जल व्यवस्थापन तथा पुनर्भरण कार्यक्रम । | | √ | √ | | | |
| ७ | आकासे पानी संकलन तथा पोखरी संरक्षित कार्यक्रम । | | | √ | | | |
| ८ | बजार क्षेत्रमा ढल निर्माण कार्यक्रम । | √ | √ | √ | | | |
| ९ | फोहरमैला व्यवस्थापनमा Reduce, Reuse, Recycle सम्वन्धी सचेतनामूलक कार्यक्रम । | | | √ | | √ | √ |

## १०. अपेक्षित उपलब्धी

योजनाको अन्त्यसम्ममा शत्प्रतिशत घरधुरीमा आधारभूत खानेपानीको पहुँच पुगेको हुनेछ । त्यस्तै, खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तरको मापदण्ड अनुरुपको हुनेछ । ढुंगेधारा, कुवा, इनार लगायतका पानीका स्रोत संरक्षण भएको हुने तथा सुक्दै गएका पानीका मुहानहरुको पुनर्उत्थान तथा पुनर्भरण भएको हुनेछ । फोहर व्यवस्थापन व्यवस्थित ढंगबाट भएको हुनेछ ।

# परिच्छेद सात
# वातावरण संरक्षण र जलवायु परिवर्तन

## ७.१ वातावरण संरक्षण र जलवायु परिवर्तन

### १. पृष्ठभूमि

वातावरण प्रदुषण विश्वव्यापी रुपमा देखा परेको एक प्रमूख समस्या हो भने अर्कोतर्फ जलवायु परिवर्तनलाई आजको दिनमा मानव सभ्यताको लागि प्रमुख चुनौतीको रुपमा लिने गरिन्छ। विभिन्न रासायनिक पदार्थ र विषादी मिसिएको माटो, छरपष्ट मिल्काइएको प्लाष्टिक र कागजहरु, अव्यवस्थित फोहरमैला विसर्जन आदिले वातावरणीय प्रदुषणका जटिल समस्यालाई देखाउँछ। यसले नागरिकको स्वास्थ्यलाई नकारात्मक असर पुऱ्याउने मात्र नभई सामाजिक आर्थिक पक्षमा पनि ठूलो नोक्सान पुऱ्याइरहेको छ। यस सन्दर्भमा फोहरमैला व्यवस्थापन ऐन २०६८, र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदुषण नियमन र हानीकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन र फोहरमैला व्यवस्थापन गरी स्वच्छ र स्वस्थ वातावरण कायम राख्ने जिम्मेवारी प्रदान गरेको छ। त्यस्तै, जलवायु परिवर्तनको असर वृद्धि हुदै जाँदा कृषि, जलस्रोत, वन, जैविक विविधता, स्वास्थ्य, पूर्वाधार र जीविकोपार्जनमा प्रत्यक्ष प्रभाव पारेको छ। नेपालमा कार्वन उत्सर्जनका कारण अधिकतम तापक्रम ( प्रतिवर्ष सरदर ०.०६ डिग्री सेल्सियसको दरले) वृद्धि हुदै गएको छ।

### २. वस्तुस्थिति

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने र वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरेको छ। फोहरमैला व्यवस्थापन गर्नु, पानीको स्रोत संरक्षण, वनजङ्गल र हरियाली प्रवर्द्धन, वातावरणको सरसफाई आदि गरी दिगो विकासका लक्ष्य प्राप्तिका लागि आवश्यक कार्य शहिद लखन गाउँपालिकामा गर्नु जरुरी छ। शहिद लखन गाउँपालिकाले 'शहिद लखन गाउँपालिकामा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६ तथा शहिद लखन गाउँपालिका वन ऐन, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। ऐनले वातावरण संरक्षण,

फोहरमैला व्यवस्थापन सम्वन्धी व्यवस्था, जैविक विविधताको संरक्षण, वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन जस्ता विषयलाई समेटेको छ।

## ३. समस्या र चुनौती

मानवीय क्रियाकलाप जस्तैः यातायातका साधनहरुको बढ्दो प्रयोग, भौतिक पूर्वाधार विकासको क्रममा हुने वनजङ्गल विनाश तथा विश्व तापमानमा वृद्धि आदिबाट वातावरणलाई नकारात्मक प्रभाव पारेको छ। यसका अतिरिक्त जलवायु परिवर्तनका कारण हरितगृह ग्याँसको उत्सर्जन गर्न टेवा पुऱ्याउने कार्य, विश्वव्यापिरुपमा बढ्दै गइरहेको छ। नेपालमा हरितगृह ग्याँसको उत्सर्जन न्यून (०.०२७ प्रतिशत) मात्रामा छ तर देशको भौगोलिक अवस्थिति र प्राकृतिक अवस्थाले जलवायु परिवर्तनका ठूलो असर र नोक्सानी ब्योहर्नु परेको अवस्था छ। शहिद लखन गाउँपालिका पनि यस्तो असरको चपेटामा रहेको हुँदा यसतर्फ सजग र असरलाई न्यूनीकरण गर्ने उपायहरु अवलम्बन गर्नु जरुरी छ।

## ४. सम्भावना र अवसर

शहिद लखन गाउँपालिकामा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६ तथा शहिद लखन गाउँपालिका वन ऐन, २०७७ तर्जुमा गरी कार्यान्वयनमा आउनु, दिगो विकास लक्ष्यहरु प्राप्तिमा संघ तथा प्रदेश सरकारको प्रतिवद्धता, स्वच्छ वातावरणमा बाच्न पाउने संवैधानिक हक, जलवायु परिवर्तनको असर कम गर्न संघ, प्रदेश तथा विकास साझेदारको सहयोग प्राप्त हुनु, जलवायु परिवर्तन र वातावरण संरक्षणमा बहुसरोकारको प्राथमिकता यस क्षेत्रका अवसर र सम्भावनाहरु हुन्।

## ५. सोच

जलवायु परिर्वतन अनुकूलन र न्यूनीकरणः वातावरण सन्तुलन र संरक्षण

## ६. लक्ष्य

वातावरणीय प्रदुषणलाई न्यूनीकरण गरी स्वच्छता कायम गर्ने र जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने।

## ७. उद्देश्य

१. पूर्वाधार निर्माण र उत्पादनलाई वातावरणमैत्री बनाउने।

२. स्थल, जल, वायु, माटो लगायत सबै प्रकारका प्रदुषण न्यूनीकरण गर्ने।

३. दिगो विकास लक्ष्यले निर्धारण गरेको वातावरण सम्वन्धी लक्ष्य हासिल गर्ने।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य १: पूर्वाधार निर्माण र उत्पादनलाई वातावरणमैत्री बनाउने।**

| रणनीति | कार्यनीति |
|---|---|
| सडक पूर्वाधारहरुको निर्माण गर्दा वातावरणीय प्रभाव सम्वन्धी अध्ययन गरी कार्यान्वयन गर्ने। | १. शहिद लखन गाउँपालिकको पूर्वाधार विकास व्यवस्थापन ऐनको परिच्छेद ९ (वातावरण, भूसंरक्षण तथा वैकल्पिक उर्जा) मा भएका व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ। |

**उद्देश्य २: स्थल, जल, वायु, माटो लगायत सबै प्रकारका प्रदुषण न्यूनीकरण गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| स्थल, जल, वायु, माटो, ध्वनी, दृश्य लगायत सबै प्रकारको प्रदुषणको नियन्त्रण र रोकथाम गर्ने। | १. सबै प्रकारका प्रदुषणहरुको नियन्त्रण र रोकथामका लागि आवश्यक नियम र मापदण्डहरु तयार गरी लागु गरिनेछ।<br>२. नियम र मापदण्डहरु लागु गर्न अनुगमनका साथै आवश्यक कारवाही गरिनेछ।<br>३. बजार क्षेत्रको फोहरमैला व्यवस्थापन सम्वन्धी मापदण्ड पालनाको अनुगमन गरिनेछ।<br>४. सहरी क्षेत्रको फोहरमैला व्यवस्थापनका लागि नवीन प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गरिनेछ।<br>५. प्लाष्टिकका झोलाहरुको प्रयोग तथा जथाभावी फाल्ने प्रवृत्तिलाई निरुत्साहन गरिनेछ।<br>६. कृषिबालीमा सम्भव भएसम्म रसायनिक मलको सट्टा प्राङ्गारिक मलको उपयोगलाई प्रोत्साहन गरिनेछ। |

**उद्देश्य ३: दिगो विकास लक्ष्यले निर्धारण गरेको वातावरण सम्वन्धी लक्ष्य हासिल गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्ने र अनुकूलित हुने व्यवस्था गर्ने। | १. वनले ढाकेको क्षेत्रफललाई कायम राखिने छ।<br>२. वन संरक्षण तथा जलाधार क्षेत्रको उचित व्यवस्थापनको माध्यमबाट हरितगृह ग्याँस उत्सर्जन कम गरिनेछ।<br>३. वातावरणमैत्री प्रविधि र ब्यबहारको लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>४. स्थानीय अनुकुलन योजना निर्माण गरी कार्यान्वयन गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरु

| क्र.स. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | एकीकृत फोहरमैला व्यवस्थापन केन्द्रको स्थापना। | | | √ | | | |
| २ | स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापनको लागि छुट्टै व्यवस्था गर्ने। | | √ | √ | √ | √ | |
| ३ | वातावरण-मैत्री उद्योगलाई प्रोत्साहन। | √ | √ | √ | √ | | |
| ४ | प्लाष्टिकजन्य सामग्री प्रयोग न्यूनीकरण कार्यक्रम। | | | √ | √ | √ | √ |
| ५ | जलवायु परिवर्तनको उच्च जोखिममा रहेका सीमान्तकृत समुदाय, आदिवासी जनजाती लक्षित जलवायु जोखिम न्यूनीकरण कार्यक्रम। | | √ | √ | | | |

## १०. अपेक्षित उपलब्धी

वैज्ञानिक र दीर्घकालीन रुपले फोहरमैला व्यवस्थापन भएको हुनेछ। स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरको छुट्टै व्यवस्थापन भएको हुनेछ। जलवायु परिवर्तन सम्वन्धी सचेतना वृद्धि र जलवायु परिवर्तनले स्वास्थ्यमा ल्याउने समस्याको पहिचान र नियन्त्रणमा पहल भएको हुनेछ। त्यस्तै, शहिद लखन गाउँपालिकामा प्लाष्टिकको प्रयोग न्यून भएको हुनेछ।

# ७.२ प्राकृतिक र मानव सिर्जित  विपद् जोखिम न्यूनीकरण

## १. पृष्ठभूमि

नेपाल विपद् जोखिमको हिसाबले अत्याधिक जोखिममा रहेको मुलुकहरु मध्ये पर्दछ। विपद् सम्वन्धी तथ्यांक अनुसार सडक तथा अन्य दुर्घटना बाहेकका प्राकृतिक तथा गैरप्राकृतिक (मानवसिर्जित) प्रकोपबाट विगत पाँच दशकको अवधीमा वार्षिक औसत नौसय जनाको मृत्यु हुने गरेको छ। सडक दुर्घटनामा मात्रै औसत वर्षेनी दुई हजार जनाको मृत्यु हने गरेको तथ्यांक छ। त्यस्तै आगलागी जस्ता घटनाबाट वर्षेनी ठूलो धनजनको क्षति हुने गरेको छ। त्यसैले यस्ता घटनाबाट हुने जनधनको क्षति र विकासको पूर्वाधारहरुमा पुग्न जाने हानी नोक्सानीले आधारभूत सेवाका साथै जीवीकोपार्जनमा प्रतिकुल असर पर्ने गरेको छ।

## २. वस्तुस्थिति

शहिद लखन गाउँपालिकाले भू-क्षेत्र वर्गीकरण गरी स्थानीय भू-उपयोग योजना तर्जुमा गरेको छ। जस अनुसार वडा ४ का, ढोडेनी, ठेउवाटार सेतो पहिरो, चालिसे पहिरो, जुग्दी खोला, छोक्से खोला, पाङ्दुरे खोला, खानी खोला, सिलापत्थर, चुलीडाँडा, चक्रेआँप, गहिरा पहिरो ठेउवाटार, अर्चले खोला पहिरो, कुलो पहरो, सिमले पाखा तथा वडा नं. ६ का तल्लो खगि, माथिल्लो भाङवारी, तोलाङ्गी गाउँ, अँधेरी नेवार डाँडा, तीनघरे टोल, अँधेरी पारी गाउँ आदि विपद् जोखिमयुक्त स्थान भनी पहिचान गरिएका छन्। वि.सं. २०७२ सालको भूकम्पमा पनि यस गाउँपालिकामा ठूलो क्षति भएको थियो। त्यस्तै, ग्रामीण क्षेत्रमा बढ्दो बसाइसराईले वस्ती तथा खेती लगाइएको क्षेत्रमा बाँदर, वँदेल, दुम्सी, मृग लगायतका अन्य बन्यजन्तुहरुको प्रभाव बढेको छ।

## ३. समस्या र चुनौती

पहाडी भूगोल हुनाका कारण विकास निर्माणका विभिन्न पूर्वाधारहरु निर्माण गर्दा वातावरण जोगाउन र यसका कारण सिर्जना हुन सक्ने पहिरो, भूःस्खलन, डुवान लगायतका विपद् जोखिम घटाउन उचित उपायहरु अवलम्बन गर्ने तथा अन्तरनिकाय समन्वय कायम गर्ने कार्यमा संस्थागत क्षमता कमजोर देखिन्छ। त्यस्तै, कतिपय सडकहरु सडक मापदण्ड अनुसार नबनेकाले सडक दुर्घटनाको जोखिम पनि रहेको छ। त्यस्तै, ग्रामीण क्षेत्रमा जनसंख्या कम हुँदै जाँदा बाँदर, बँदेल लगायतका अन्य वन्यजन्तुहरु मानव वस्तीमा पस्ने हुँदा मानव जीवन र कृषि तथा पशुपालन सुरक्षा जोखिम पनि चुनौतीको रुपमा रहेको छ।

## ४. सम्भावना र अवसर

शहिद लखन गाउँपालिकामा भूवर्गीकरण गरी स्थानीय भूउपयोग योजना लागु हुनु, गाउँ विपद् जोखिम न्यूनीकरण ऐन, २०७६ तथा शहिद लखन गाउँपालिकको पूर्वाधार विकास ऐन, २०७६ तर्जुमा भई कार्यान्वयनमा आउनु, वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड २०७५ लागु हुनु, २०७२ सालको शक्तिशाली भूकम्पपछिको सिकाइ, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ तर्जुमा तथा लागु हुनु, विपद् जोखिम राष्ट्रिय रणनीतिक कार्ययोजना लागु हुनु, विपद् प्रतिरोधी गुणस्तरीय पूर्वाधारसहित विपद् उत्थानशील सहर तथा बस्ती विकास गर्ने, सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधियुक्त संरचना र दक्ष जनशक्तिको विकास गर्ने जस्ता अवसरहरू रहेका छन् । विपद्को लागि पूर्वतयारी गर्ने परिपाटीको प्रारम्भ, विपद् प्रतिकार्य कार्ययोजना तर्जुमा, लगायतका पूर्व तयारीका नीतिगत तथा संस्थागत व्यवस्थाको सुदृढीकरण र कार्यविधिहरूको तयारी तथा केन्द्रदेखि स्थानीय तहसम्मका संस्थागत व्यवस्थाहरूलाई अवसर तथा सम्भावनाको रूपमा लिन सकिन्छ ।

## ५. सोच

विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापनः उत्थानशील शहिद लखन ।

## ६. लक्ष्य

विपद्बाट हुन सक्ने मानवीय, भौतिक, आर्थिक तथा पर्यावरणीय क्षति न्यूनीकरण गर्ने ।

## ७. उद्देश्य

१. जलवायु परिवर्तन, प्राकृतिक र मानव सिर्जित कारणबाट हुनसक्ने विपद जोखिम न्युनीकरण गर्ने ।
२. विपद्मा परेका समुदाय वा व्यक्तिको तत्काल उद्धार, राहत तथा पुनर्स्थापनाको लागि पूर्वतयारी गर्ने ।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य १ः जलवायु परिवर्तन, प्राकृतिक र मानव सिर्जित विपद जोखिम न्युनिकरण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| जलवायु परिवर्तन, प्राकृतिक तथा मानव सिर्जित कारणबाट हुनसक्ने विपद जोखिम न्युनिकरणका कार्यक्रम सञ्चालन गर्ने । | १. विपद् सचेतना, विपद् प्रतिकार्य सम्वन्धी सीप तथा क्षमता विकास र र सुरक्षालाई संस्कारको रुपमा विकास गरिनेछ ।<br>२. सुरक्षित संरचना बनाउन आवश्यक मापदण्ड तयार गरी लागु गरिनेछ ।<br>३. विकास योजना निर्माण गर्दा विपद र वातावरण बारे पुर्ण सचेतना अवलम्वन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड २०७५ कडाइका साथ लागु गरिनेछ।<br>५. प्राकृतिक स्रोतको अनुचित दोहनलाई निरुत्साहित गर्न नीति नियम बनाई कडाइका साथ कार्यान्वयन गरिनेछ। |

**उद्देश्य २: विपदमा परेका समुदाय वा व्यक्तिको तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गर्ने।**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्धार, राहत तथा पुनर्स्थापनाको पूर्वतयारी गर्ने। | १. विपद पुर्व तयारीका योजना तथा आवश्यक उपकरण, मानवश्रोत विकास, तालिम आदिको व्यवस्था गरिनेछ।<br>२. कुनै पनि कारणबाट विस्थापित हुनेहरुको लागि तत्काल अस्थाई बसोबास व्यवस्था गर्न आवश्यक पूर्व तयारी गरिनेछ।<br>३. आपतकालीन कार्यसञ्चालन केन्द्र कार्य सञ्चालन विधि २०७६ अनुसार कार्य गरिनेछ।<br>४. विपद् जोखिम न्यूनीकरणका लागि खोरिया र भिरालो जमिनमा फलफूल, अम्रिसो, निगालो, डाले घाँस जस्ता खेती गर्न प्रोत्साहित गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | पालिका | निजी | सहकारी | गैसस |
| १. | प्रकोप सम्मुखता, संकटासन्नता र जोखिमको आंकलन तथा नक्शांकन तयार गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने। | √ | √ | √ | √ | | |
| २ | समुदायमा आधारित स्वयंमसेवक समुह गठन तथा परिचालन कार्यक्रम। | | | √ | √ | √ | √ |
| ३ | विद्यालयहरुमा सचेतनामूलक कार्यक्रम। | | | √ | √ | √ | √ |
| ४ | आगलागी तथा डढेलो रोकथामको लागि सचेतना कार्यक्रम , | | | √ | √ | √ | √ |
| ५ | आपतकालीन कार्यसञ्चालन केन्द्रहरुबीच सूचना प्रवाह तथा सम्प्रेषणका लागि समन्वय र सहकार्य गर्ने। | √ | √ | √ | √ | | |
| ६ | विपद् राहत तथा उद्धार सामाग्री खरिद तथा भण्डारण। | √ | √ | √ | √ | √ | √ |
| ७ | कुनै पनि कारणबाट बिस्थापितहरुको तत्कालै अस्थाई बसोबासको तयारी गर्ने। | √ | √ | √ | √ | √ | √ |

| क्र.सं. | कार्यक्रमहरु | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | पालिका | निजी | सहकारी | गैसस |
| ८ | बाढी पहिरो रोकथामका कार्य, टेवा पर्खाल, जलाधार व्यबस्थापन, तथा वस्ती स्थानान्तरण गर्न पर्ने स्थान पहिचान गरी व्यबस्थापन गर्ने | | | √ | √ | | √ |
| ९ | लुदीखोला बाढी विनाश न्यूनीकरणका लागि तटवन्ध निर्माण। | √ | √ | √ | | | |

## १०. अपेक्षित उपलब्धी

विभिन्न प्रकारका प्राकृतिक तथा मानवि सिर्जीत प्रकोपबाट हुने धनजनको क्षतिको न्यूनीकरण भएको हुनेछ। विकास निर्माण कार्यमा हुने सम्भावित जोखिम नियन्त्रणका उपायहरु सुरुवाती चरण देखि नै अवलम्बन गरिएको हुनेछ। प्राकृतिक प्रकोपबाट विस्थापितहरुको जीवनयापन सहज भएको हुनेछ। बाढी पहिरो न्यूनीकरण भएको हुने र निर्माण गरिने सार्वजनिक तथा निजी संरचनाहरु भूकम्प प्रतिरोधी बनाइएको हुनेछ।

**परिच्छेद आठ**

# अन्तरसम्वन्धित क्षेत्र

अन्तर सम्वन्धित क्षेत्र अन्तर्गत श्रम तथा रोजगार, गरिबी निवारण तथा खाद्य सुरक्षा तथा पोषण जस्ता उपक्षेत्रहरु समावेश गरिएका छन् ।

## ८.१ श्रम तथा रोजगार

### १. पृष्ठभूमि

नेपालको संविधानमा 'प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने, श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने' उल्लेख छ। यस अतिरिक्त, संविधानमा श्रम तथा रोजगार सम्बन्धी नीति अन्तर्गत सबैलाई श्रमको हक सुनिश्चित गर्ने, श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, वैदेशिक रोजगारीलाई नियमन र व्यवस्थापन गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने उल्लेख छ । संविधानको यिनै मर्मलाई आत्मसात हुने गरी गाउँपालिकाको दोस्रो आवधिक योजनामा श्रम तथा रोजगार क्षेत्रको सोच, लक्ष्य, र उद्देश्य तय गरिएको छ।

### २. वस्तुस्थिति

मुलुकमा वर्षैपिच्छे झण्डै पाँचलाखभन्दा बढी युवा जनशक्ति श्रम बजारमा थपिन्छन् । तर यसरी थपिने अधिकांश श्रमशक्तिलाई देशभित्रै रोजगारीको उचित अवसर नहुँदा ठूलो संख्यामा युवाहरु वैदेशिक रोजगारीमा जान वाध्य छन् । यसरी ठूलो संख्यामा युवा जनशक्ति विदेशिदा पालिकाभित्र कृषि, निर्माण आदि क्षेत्रमा जनशक्ति अभाव हुन गएको छ भने खेतियोग्य जमिन बाँझो रहेको तथा गाउँहरु रित्तिदै गएका छन् । शहिद लखन गाउँपालिकाबाट श्रमको लागि विदेशिनेको संख्या एकीन नभए पनि गाउँपालिकाबाट हजारौँ युवाहरु विदेशिएको अवस्था छ।

### ३. समस्या र चुनौती

दीर्घकालिन जनशक्ति विकास योजना नहुनु, सीप तथा क्षमता विकास तालिम पर्याप्त र गुणस्तरीय हुन नसक्नु, रोजगारी सिर्जनामा अन्तर्निकाय समन्वय कमजोर हुनु, ज्यालामा लैंगिक असमानता विद्यमान हुनु, वैदेशिक रोजगारीमा हुने ठगी, शारिरीक तथा मानसिक शोषण, रोजगारीको क्रममा मृत्यु तथा अंगभंग, पारिवारिक विखण्डन आदि श्रम तथा रोजगार क्षेत्रका समस्या रहेका छन् । यस अतिरिक्त, अधिकांश व्यक्तिहरु अर्धदक्ष र अदक्ष जाने हुनाले गन्तव्यमुलुकमा जोखिमपूर्ण काम गर्न वाध्य हुनु, विदेशबाट प्राप्त ज्ञान, सीपको सही परिचालनको कमी हुनु, विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालन गर्न नसक्नु आदि यस क्षेत्रका समस्या हुन । त्यस्तै, परम्परागत सीप तथा प्रविधिको स्तरोन्नति वृद्धि गर्नु, श्रमिकहरुलाई सामाजिक सुरक्षा प्रणालीमा समेटनु, वैदेशिक रोजगारीबाट फर्केका श्रमशक्तिको सीपको उपयोग गर्नु, आदि यस क्षेत्रका चुनौती रहेका छन् ।

### ४. सम्भावना र अवसर

शहिद लखन गाउँपालिकको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७६, औद्यागिक व्यवसाय ऐन २०७६, सुरक्षित आप्रवासन सम्वन्धी कार्यविधि २०७८ तर्जुमा भई लागु हुनु, व्यवसायिक कृषि उत्पादनका लागि जग्गा भाडा उपलब्ध गराउने कार्यविधि २०७६, पशुपन्छी तथा मत्स्य विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७६ लागु हुनु, संविधानमा नै श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने व्यवस्था हुनु, वैदेशिक रोजगारीबाट फर्केका श्रमशक्तिमा सीप तथा प्रविधिको ज्ञान हुनु, देशमा प्राविधिक विद्यालयहरु खोल्ने क्रमबाट सीपयुक्त जनशक्ति बढ्नु, वैदेशिक रोजगारीबाट फर्केका युवाहरु संगठीत हुनु आदि अवसर हुन् । साथै, वैदेशिक रोजगारबाट फर्केकालाई उद्यमशीलताको तालिम दिई रोजगारमुलक कार्यमा संलग्न गराउनु, गाउँपालिका भित्र ठुलो मात्रामा विप्रेषण भित्रिनु आदि पनि अवसर हुन । विप्रेषणको सही उपयोगको लागि अनुकूल वातावरण सिर्जना भई रोजगारी र व्यवसायको विकास र विस्तारका अवसर हुनु आदिलाई पनि अवसरको रुपमा लिन सकिन्छ । ,

### ५. सोच

सीपसहितको सम्मानित रोजगारः सामाजिक न्यायको आधार ।

### ६. लक्ष्य

श्रमको माग र आपूर्तिबीच समन्वय गर्ने ।

## ७. उद्देश्य

१. श्रमिकहरुको माग र आपूर्तिबीच समन्वय स्थापना गर्ने ।

२. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने ।

## ९. रणनीति र कार्यनीति

**उद्देश्य १: श्रमिकहरुको माग र आपूर्तिबीच समन्वय स्थापना गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| श्रमबजारको आवश्यकता अनुसारको दक्षतायुक्त जनशक्ति उत्पादन गर्ने । | १. गाउँपालिका भित्रका बेरोजगारहरुलाई लक्षित गरी प्राविधिक तथा व्यवसायिक शिक्षा परिषदसँगको सहकार्यमा मध्यमस्तरको प्राविधिक जनशक्ति तयार गर्न सिपमूलक तालिमहरु सञ्चालन गरिनेछ।<br>२. राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम बजारको माग अनुसारको तालिम सञ्चालन गरिने छ।<br>३. स्थानीय तहको रोजगार सेवा केन्द्रहरुको क्षमता विकास गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह गरिने छ। |

**उद्देश्य २: वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने । | १. वैदैशिक रोजगारमा जान चाहने युवाहरुलाई लक्षित गरी अन्तराष्ट्रिय श्रम बजारको माग र उनीहरुको चाहना अनुरुपको सीप तालिमको अवसर प्रदान गरिने छ।<br>२. रोजगारीको क्रममा श्रमिक (आन्तरिक तथा वैदेशिक) तथा तिनका परिवारमा उत्पन्न मानसिक समस्याहरुमा मनोसामाजिक परामर्श सेवा प्रवाहका लागि सम्बन्धित प्रादेशिक तथा संघीय निकायसँग सहकार्य गरिने छ। |

## ९. प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | वैदेशिक रोजगारीमा जानेको निम्ति श्रम क्षेत्र निर्धारण गरी उपयुक्त पूर्वतालिम कार्यक्रम। | | | √ | √ | √ | √ |
| २ | वैदेशिक रोजगारीबाट फर्केकाहरुको ज्ञान र सीपको आधारमा कृषि तथा उद्यम व्यवसाय सञ्चालन गर्न प्रोत्साहन कार्यक्रम। | | | √ | | √ | √ |

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| ३ | श्रम सीप तथा दक्षता अभिवृद्धि तालिम कार्यक्रम । | | | √ | √ | √ | √ |
| ४ | आन्तरिक रोजगार, वैदेशिक रोजगार, घरेलु हिंसा, प्रकोप आदिका कारण उत्पन्न मनोसमाजिक समस्यामा परेका व्यक्ति तथा तिनका परिवारको लागि मनोसमाजिक परामर्श सेवा प्रदान । | | | √ | | | √ |
| ५ | विप्रेषणको आयमुलक क्षेत्रमा अधिकतम् उपयोगको लागि विभिन्न कार्यक्रम सञ्चालन । | √ | √ | √ | | | √ |

## १०. अपेक्षित उपलब्धी

आन्तरिक रोजगारी तथा वैदेशिक रोजगारीमा जानेहरुलाई श्रमबजारको माग अनुसारको सीप तथा तालिम उपलब्ध भएको हुनेछ । त्यस्तै, वैदेशिक रोजगारीबाट फर्केकाहरुको ज्ञान, सीप, पूँजी उत्पादनशील कार्यमा उपयोग गरिएको हुनेछ। श्रमिक र रोजगारदाताहरुबीच समन्वय भई आन्तरिक रोजगारीमा स्थानीय युवाशक्तिलाई अवसर वृद्धि भएको हुनेछ।

# ८.२ गरिबी निवारण

## १. पृष्ठभूमि

मुलुकमा करिब सात दशकदेखिको योजनाबद्ध विकासको अभ्यास एवम् आठौँ योजनादेखि गरिबी निवारणलाई मूल उद्देश्यको रूपमा विकास योजनाको केन्द्रमा राखिएको छ। मानव विकास सूचकाङ्कमा वृद्धि देखिए पनि जीवनस्तरमा देखिने सापेक्ष विषमता बढ्दो छ। साथै, गाउँपालिकाका जनजाति, अल्पसंख्यक, सीमान्तकृत, जातिमा गरिबी दर उच्च छ। गरिबी निवारण तीनै तहका सरकारको प्रमूख दायित्व भएपनि यो अन्तरसम्वन्धित विषय भएकोले विभिन्न आर्थिक-सामाजिक क्षेत्रका नीति, कार्यक्रम तथा उपलब्धीले प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पारेको हुन्छ।

## २. वस्तुस्थिति

नेपाल जीवनस्तर सर्भेक्षण २०७९/८० का अनुसार नेपालको गरिबीको दर २०.३ प्रतिशत रहेको छ भने गण्डकी प्रदेशको गरिबीको दर ८.३ प्रतिशत रहेको छ। गाउँपालिकास्तरीय गरिबी दर प्राप्त हुन नसकेको अवस्था छ।

## ३. समस्या र चुनौती

अनौपचारिक क्षेत्रमा अत्यधिक रूपमा केन्द्रित विद्यमान बढ्दो अदृश्य बेरोजगारीलाई घटाउनु, नयाँ रोजगारीको अवसर सिर्जना गर्नु, स्थानीय सीप र प्रविधि प्रयोगमा दक्ष युवाहरुको निमित्त स्वरोजगार प्रवर्द्धन गर्नु,  गरिब र धनीबीचको असमानता घटाउनु, सहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र समूहहरूबीचको आर्थिक-सामाजिक असमानता कम गर्नु चुनौतीका रूपमा रहेका छन्।

## ४. सम्भावना र अवसर

कृषि उत्पादन लगायत अन्य उत्पादनहरुको बजार सम्भावना उच्च हुनु, पर्यटनको सम्भावना रहनु, कृषि, पर्यटन, निर्माण तथा अन्य सेवा क्षेत्रको विस्तारले आर्थिक वृद्धि एवम् रोजगारी सिर्जना भई गरिबी घटाउने बलियो अवसर प्राप्त छ। त्यस्तै, शहिद लखन गाउँपालिकाले सिमान्तकृत समुदाय लक्षित आय आर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ तथा आर्थिक सहायता व्यवस्थापन तथा वितरण कार्यविधि, २०७८ तर्जुमा भइ कार्यान्वयनमा आएकाले लक्षित वर्ग लाभान्वित हुने अवसर रहेको छ।

## ५. सोच

गरिवीमुक्त तथा समतामूलक शहिद लखन गाउँपालिका

## ६. लक्ष्य

गरिबी न्यूनीकरणमा दिगो विकासको लक्ष्य प्राप्त गर्ने ।

## ७. उद्देश्य

गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको लागि आयमूलक तथा रोजगारीका कार्यक्रम बिस्तार गर्ने ।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य : गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको लागि आयमूलक तथा रोजगारीका कार्यक्रम बिस्तार गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| गरिव घरपरिवार लक्षित आयमूलक र रोजगारीमूलक कार्यक्रमहरु संचालन गर्ने । | १. संघीय सरकारले सुरु गरेको गरिब घरपरिवार पहिचान गरी परिचयपत्र वितरण कार्य पूरा गरिनेछ ।<br>२. लक्षित घरपरिवारका सदस्यहरुको परम्परागत सीप र क्षमता पहिचान गरी सो को आधारमा उपयुक्त आयमूलक व्यवसाय सञ्चालन गर्न आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ ।<br>३. गरिब घरपरिवारलाई समूहमा आवद्ध गराई व्यवसायिकरुपमा कृषि उत्पादन, पशुपालन तथा उद्यम व्यवसायका लागि युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग समन्वय तथा साझेदारीमा सहुलियतपुर्ण कर्जा सहजरुपमा उपलब्ध गराइनेछ ।<br>४. गरिब घरपरिवार लक्षित सीपमूलक तालिम तथा उत्पादनका कार्यक्रमहरु सञ्चालन गर्न गरिवी निवारणमा कार्यरत गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गरिनेछ । |
| शहिद लखन गाउँपालिका विपन्न वर्ग उत्थान कोष खडा गर्ने | १. विभिन्न बैंक तथा वित्तीय संस्थाबाट कर्पोरेट सामाजिक दायित्व अन्तर्गत गर्नुपर्ने खर्चको केही अंश प्राप्त हुने व्यवस्था मिलाइ शहिद लखन गाउँपालिका विपन्न वर्ग उत्थान कोष खडा गरिनेछ ।<br>२. आर्थिक अभावका कारण मेडिसिन तथा इञ्जिनियरिङमा स्नातक तह पढ्न प्रवेश परीक्षा उतीर्ण तर भर्ना हुन नसक्ने विपन्न परिवारका युवाहरुलाई अध्ययनको लागि प्रत्येक वर्ष एक/एक जनालाई कोषबाट सहुलियतपुर्ण कर्जा प्रदान गरिनेछ । |

## ९. प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | विपन्न  दलित सशक्तीकरण कार्यक्रम सञ्चालन। | | | √ | | | √ |
| २ | दलित तथा सीमान्तकृत जातिहरु सशक्तीकरण कार्यक्रम। | | | √ | | √ | √ |
| ३ | व्यावसायिक तथा सिपमुलक तालिम। | | √ | √ | | √ | √ |
| ४ | शहिद लखन गाउँपालिका विपन्न वर्ग उत्थान कोष सञ्चालन कार्यविधि बनाइ सञ्चालन गर्ने। | | | √ | √ | | |

## १०. अपेक्षित उपलब्धी

गाउँपालिकाको गरिबी न्यूनीकरण भएको हुनेछ। विपन्न वर्ग उत्थान कोष सञ्चालन भई प्रत्येक वर्ष गाउँपालिकाका एक/एक जनाले इञ्जिनियरिङ तथा मेडिसिन पढ्ने अवसर पाएका हुनेछन्।

## ८.३ खाद्यसुरक्षा तथा पोषण

### १. पृष्ठभूमि

विश्व खाद्य सम्मेलन १९९६ ले प्रत्येक व्यक्तिको स्वस्थ र सक्रिय जीवनयापनको लागि आवश्यकता र चाहनाअनुरूप सधैँ पर्याप्त, स्वच्छ र पोषणयुक्त खानामाथिको भौतिक र आर्थिक पहुँच पुगेको अवस्थालाई खाद्य सुरक्षा भनेर परिभाषित गरेको छ। नेपालको संविधानले खाद्य तथा पोषण सुरक्षाको आवश्यकतालाई महसुस गरी खाद्य सम्प्रभुताको प्रत्याभूति हुने व्यवस्था गरेको छ। दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने तथा खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने उल्लेख छ। खाद्य सुरक्षाका मुख्य चार स्तम्भहरूमा खाद्य उपलब्धता, पहुँच, उपयोग र स्थायित्व पर्दछन्।

### २. वस्तुस्थिति

मुलुकका सबै प्रदेश तथा स्थानीय तहका महिला, बालबालिका र किशोरीमा हुने कुपोषण अन्त्य गर्न नेपाल सरकारले बहुक्षेत्रीय पोषण योजना (दोस्रो) तयार गरी कार्यान्वयनमा ल्याएको छ। यसै अनुरुप शहिद लखन गाउँपालिकाले पनि पोषण तथा खाद्यसुरक्षा सम्वन्धी कार्यक्रममार्फत महिला, बालबालिका तथा किशोरीहरुमा हुने सबै प्रकारका कुपोषणलाई उल्लेख्यरुपमा घटाउने विभिन्न प्रकारका कार्यक्रमसञ्चालन गर्दै आएको छ।

### ३. समस्या तथा चुनौती

खाद्य सुरक्षाका दृष्टिले जोखिममा रहेका समूह र क्षेत्रको पहिचान गरी उक्त समूह र क्षेत्रको आयस्तर बढाई खाद्यवस्तुमा आत्मनिर्भर बनाउनु, दैनिक निर्धारित क्यालोरीको न्यूनतम मात्रा उपभोग गर्नबाट वञ्चित रहेको अवस्थामा सुधार ल्याउनु, खाद्य सुरक्षाका मुख्य चार स्तम्भहरू खाद्य उपलब्धता, पहुँच, उपयोग र स्थायित्वको व्यवस्था, स्वस्थकर खानपान र व्यवहार परिवर्तन गर्नु, खाद्य गुणस्तर सुधार गर्नु तथा जलवायु परिवर्तनका कारणले खाद्य सुरक्षामा देखिएको जोखिम न्यून गर्नु यस क्षेत्रमा देखिएका चुनौतीहरू हुन्।

### ४. अवसर तथा सम्भावना

संविधानले नै खाद्य सम्प्रभुताको प्रत्याभूति गर्नु, कृषि विकास रणनीतिमा खाद्य सुरक्षालाई उच्च प्राथमिकता दिनु, दिगो विकास लक्ष्यमा विश्वबाट नै भोकमरी अन्त्य गर्ने लक्ष्य लिनु, आमजनताको क्रयशक्ति वृद्धि हुनु, बजारलगायत कृषि पूर्वाधारमा सुधार हुँदै जानु एवम् खाने बानीमा परिवर्तन आउनु यस क्षेत्रका सम्भावना र अवसरका रूपमा देखिन्छ।

## ५. सोच

सबैका लागि दिगोरुपमा पोषणयुक्त खाद्यको उपलब्धता र उपभोग ।

## ६. लक्ष्य

विपन्न, महिला, बालबालिका तथा किशोरीमा हुने कुपोषण हटाई स्वस्थ जनशक्तिको विकास गर्ने ।

## ७. उद्देश्य

१. कृषि तथा पशुजन्य उत्पादन वृद्धि तथा खाद्यवस्तुको आपूर्ति सुनिश्चित गरी खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता कायम गर्ने ।
२. खाद्य सुरक्षाको दृष्टिले जोखिममा रहेका क्षेत्र र समुदायहरूको पहिचान गरी पोषण तथा खाद्य सुरक्षाको सुनिश्चितता गर्ने ।

## ८. रणनीति तथा कार्यनीति

**उद्देश्य १ः कृषि तथा पशुजन्य उत्पादन वृद्धि तथा खाद्यवस्तुको आपूर्ति सुनिश्चित गरी खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता कायम गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकाको पोषण तथा खाद्य सुरक्षा सम्वन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने । | १. पोषण तथा खाद्यसुरक्षा सम्वन्धी विभिन्न तहमा गोष्ठी, सभा, सम्मेलन, बहस तथा पैरवी गरिनेछ ।<br>२. बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको अवस्था बारे समीक्षा गर्ने र उपलब्धीको मुल्यांकन गरिनेछ ।<br>३. आवश्यक पोषणबाट वञ्चित समुदायमा पोषण सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ । |

**उद्देश्य २ः खाद्य सुरक्षाको दृष्टिले जोखिममा रहेका क्षेत्र र समुदायहरूको पहिचान गरी पोषण तथा खाद्य सुरक्षाको सुनिश्चितता गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| खाद्य तथा पोषण असुरक्षित क्षेत्र र समूहमा अल्पकालीन तथा दीर्घकालीन रूपमा खाद्य सङ्कट समाधान गर्न आवश्यक व्यवस्था मिलाउने । | १. पोषण जोखिम क्षेत्रहरूमा सम्भाव्य कृषि वस्तुहरूको उत्पादन र उपभोगमा प्रोत्साहन गरिनेछ । |

| | |
|---|---|
| | २. सीमान्तकृत तथा खाद्य असुरक्षाको जोखिममा रहेका घरपरिवारलाई समूह, सहकारीमा आबद्ध गराई करार खेती गर्न प्रोत्साहन गरिनेछ।<br>३. खाद्य जोखिम क्षेत्रमा उत्पादन हुने स्थानीय बालीनालीका प्रजातिको संरक्षण तथा संवर्द्धन गरिनेछ। |

## ९. प्रमूख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | सीमान्तकृत समुदाय बसोबास गर्ने क्षेत्रमा पोषणको दृष्टिबाट उपयुक्त हुने परम्परागत वाली प्रवर्द्धन कार्यक्रम। | | | √ | | | |
| २ | बजारमा उपलब्ध खाद्यवस्तुको अनुगमन गरी स्वस्थ र स्वच्छ खाद्य वस्तुको आपूर्ति सुनिश्चितता गर्ने। | | | √ | | | |
| ३ | आम जनताको खानेबानी व्यवहारमा सकारात्मक परिवर्तनका लागि चेतनामुलक कार्यक्रम। | | | √ | √ | √ | √ |

## १०. अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा विपन्न, महिला, बालबालिका तथा किशोरीहरुमा कुपोषणबाट हुने रक्त अप्पता, पुड्कोपन, ख्याउटे पन, कम तौल जस्ता स्वास्थ्य समस्यामा कमी आएको हुनेछ। कुपोषणबाट बढी प्रभावित क्षेत्र तथा समुदायमा परम्परागत उत्पादनबाट प्राप्त हुने पोषण सम्वन्धी ज्ञान वृद्धि भई सो को उत्पादन तथा उपभोग गर्ने बानी बढेको हुनेछ।

# परिच्छेद नौ

# सुशासन तथा न्याय

## १. पृष्ठभूमि

नेपालको संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख छ। स्रोत साधनको अभ्यास तथा नीति, योजना र सेवा व्यवस्थापनलाई जवाफदेही बनाएर सुशासन प्रवर्द्धन गर्न संविधानले शासकीय तहहरुलाई निर्देश गरेको छ। जनतामा बढेको चेतना र राज्य संरचनाहरुको नागरिकमैत्री व्यवहार गर्ने रणनीति कार्यान्वयनमा ल्याउनु सुशासन प्रवर्द्धनको उद्देश्य हो। आन्तरिक तथा बाह्य निगरानी प्रणाली व्यवस्थापन, सेवा व्यवस्थापन र निर्णय प्रक्रियामा सूचना प्रविधिको अभ्यास, आर्थिक क्रियाकलापलाई विद्युतीय माध्यमबाट प्रसारण, महत्वपूर्ण कार्यहरुमा नागरिकसंग अन्तरक्रिया गर्ने प्रणालीको विकास आदिबाट सुशासन प्रवर्द्धनमा टेवा पुग्दछ ।

## २. वस्तुस्थिति

शहिद लखन गाउँपालिका सरकारले सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न कार्यहरु गरिरहेको छ। गाउँपालिकाले हालसम्म सहकारी ऐन २०७५, शहिद लखन सीप विकास प्रतिष्ठान ऐन २०७५, गाउँ विपद् जोखिम न्यूनीकरण ऐन २०७६, शहिद लखन गाउँपालिकाको औद्योगिक व्यवसाय ऐन २०७६ लगायतका १५ ऐनहरु, निर्देशिका, मपदण्ड तथा दर्जनौं कार्यविधिहरु तयार भई कार्यान्वयन गरिएका छन्।

## ३. समस्या र चुनौती

कानून कार्यान्वयनमा जटिलता, अन्तर निकाय समन्वय गर्नु र आवश्यक साधन स्रोतको व्यवस्था गर्नु, जनसहभागिता, पारदर्शिता तथा जवाफदेहिता बढाउनु, समग्र सार्वजनिक प्रशासनको नैतिकताको अभिवृद्धि गरी उत्प्रेरणा बढाउनु जस्ता चुनौती रहेका छन्। यसका अतिरिक्त विवादका पक्ष पालिका बाहिरको भएको अवस्थमा म्याद तामेली समयमा हुन नसक्नु, न्यायिक समितिबाट अबलम्बन गर्नु पर्ने प्रक्रियालाई पक्षहरुले गम्भीरताका साथ नलिनु जस्ता कारणले कार्यसम्पादनमा कठिनाई रहनु जस्ता समस्या रहेका छन्। त्यस्तै, पदाधिकारीहरु तथा कर्मचारीको क्षमता अभिवृद्धिको लागि सम्वन्धित निकायहरुबाट प्रयाप्त तालिमको

व्यवस्था नहुनु, गाउँपालिकाको न्याय प्रणाली प्रति विश्वसनीयता अभिवृद्धि गर्न न्याय सम्पादनमा विधि, पारदर्शिता र व्यवसायिकता प्रवर्धन गर्नु तथा उपलब्ध सिमित श्रोत साधनको आधारमा नागरिकको असिमित अपेक्षा सम्वोधन गर्नु जस्ता चुनौती रहेका छन् ।

## ४. सम्भावना र अवसर

गाउँपालिकाले सार्वजनिक खरिद नियमावली २०७६, न्यायिक समिति (गठन तथा सञ्चालन) कार्यविधि २०७५, सार्वजनिक सम्पति संरक्षण कार्यविधि २०७६ तर्जुमा भई कार्यान्वयनमा आएका छन् । सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको व्यवस्था गर्ने भन्ने संविधानको व्यवस्था, सार्वजनिक सेवामा सुशासन प्रवर्द्धन गर्ने विभिन्न ऐन/नियमहरूको व्यवस्था तथा सेवा प्रवाहमा सूचना प्रविधिको बढ्दो प्रयोग अवसरका रूपमा रहेका छन् ।

त्यस्तै, संगठनात्मक संरचानाको सुधार, न्यायिक समितिको क्षेत्राधिकार थप स्पष्ट र फराकिलो पार्न सकिने, सानो तिनो विवादलाई स्थानीय स्तरबाट समाधान एवं निरुपण गर्दा न्याय सम्पादन प्रक्रिया छिटो, सस्तो, सहज र पहुचँयोग्य बन्ने, स्थानीय स्वशासन र संघीयताको बलियो कार्यान्वयन तथा कानूनी जागरुकता र सशक्तिकरण जस्ता अवसरहरु रहेका छन् ।

## ५. सोच

न्यायमा समान तथा सहज पहुँच, पारदर्शी, जवाफदेही तथा सुशासनयुक्त गाउँपालिका ।

## ६. लक्ष्य

सार्वजनिक सेवा प्रवाह निष्पक्ष, पारदर्शी तथा प्रभावकारी बनाउने ।

## ७. उद्देश्य

१. सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, र पारदर्शी बनाई सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

२. न्याय प्रणालीलाई सुदृढ र न्याय पुहँचमा अभिवृद्धि गरी न्याय सम्पादनलाई नतिजामूखी बनाउने ।

## ८. रणनीति र कार्यनीति

**उद्देश्य १. सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, र पारदर्शी बनाई सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु।**

| रणनीति | कार्यनीति |
|---|---|
| सार्वजनिक सेवा प्रवाहलाई जनमुखी तथा प्रभावकारी बनाउने। | १. सार्वजनिक सेवा प्रवाहलाई जनमुखी तथा प्रभावकारी बनाउन कानूनी, नीतिगत, संरचनागत र प्रणालीगत सुधार गरिनेछ।<br>२. सार्वजनिक सेवामा नवीन प्रविधिहरुको प्रयोग गरी सार्वजनिक सेवामा नागरिक पहूँच र गुणस्तरमा वृद्धि गरिनेछ।<br>३. सेवा प्रवाहका क्षेत्रगत मानक तथा मापदण्ड निर्धारण गरी सेवाग्राहीप्रति गरिने व्यवहार शिष्ट र विनम्र बनाइनेछ।<br>४. कर, सेवा शुल्क, दस्तुर तथा दण्ड जरिवानालाई डिजिटल प्रणाली मार्फत समेत भुक्तानी गर्न मिल्ने व्यवस्था मिलाइनेछ।<br>५. सेवा प्रवाह र सुशासनसँग सम्बन्धित कानूनहरुको तर्जुमा र कार्यान्वयनमा सरोकारवालाको सहभागिता सुनिश्चित गरिनेछ। |
| सार्वजनिक आय र खर्च व्यवस्थापन लगायत समग्र सार्वजनिक सेवालाई पारदर्शी र जवाफदेही बनाउने। | १. गाउँपालिकाद्वारा सम्पादन गरिने कार्यको अनुगमन र मूल्याङ्कनमा नागरिक अन्तरक्रिया समावेश गरी नागरिक विवेचना पद्धति अभ्यासमा ल्याइनेछ।<br>२. बेरुजु फर्छ्यौट कार्यलाई प्राथमिकता दिई बेरुजु शुन्य अभियान सञ्चालन गरिनेछ।<br>३. सार्वजनिक खर्च, उपलब्धि र कार्यविधिहरुमा नागरिकलाई सुसूचित गर्ने व्यवस्था मिलाइनेछ।<br>४. सार्वजनिक सुनुवाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ। |

**उद्देश्य २: न्याय प्रणालीलाई सुदृढ र न्याय पुहँचमा अभिवृद्धि गरी न्याय सम्पादनलाई नतिजामूखी बनाउने**

| रणनीति | कार्यनीति |
|---|---|
| संविधानको धारा २१७ ले संवैधानिक रुपमा व्यवस्था गरेको स्थानीय तहको विवादलाई स्थानीय स्तरमा नै समाधान एबं निरुपण गर्न न्यायिक समितिको संस्थगत विकास गर्ने। | १. न्यायिक समिति पदाधिकारी तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ।<br>२. न्याय सम्पादनलाई नतिजामुखी बनाउन समुदाय, टोल र विद्यालयमा कानूनी सचेतना कार्यक्रमहरु संचालन गरिनेछ।<br>३. न्याय सम्पादन प्रक्रियालाई छिटो, छरितो र प्रभाबकारी बनाउन वडा स्तरमा मेलमिलापको दर वृद्धि गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ` | ४. न्यायिक सिमितको माध्यमबाट जनताको घर घरमा न्यायको पहुँचमा वृद्धि गरिनेछ।<br>५. न्यायिक समितिबाट भएका निर्णय, आदेश तथा फैसलाको विद्युतीय अभिलेखीकरण राखिनेछ।<br>६. विवाद समाधान, मानब अधिकार प्रवर्धन र न्याय सम्पादनलाई स्वतन्त्र, निष्पक्ष र विश्वासनीय बनाउन क्षमता विकास तथा संस्थागत सुदृधिकरण गरिनेछ |

## ९. प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | गाउँपालिकाबाट सार्वजनिक सुनुवाइ कार्यक्रम। | | | √ | | | |
| २ | कानूनी साक्षरता कार्यक्रम। | √ | √ | √ | | | √ |
| ३ | गाउँपालिकामा तर्जुमा हुने कानूनहरुमा सरोकारवालाहरुको पहुँच स्थापित गर्ने। | | | √ | | | |
| ४ | कानूनको डिजिटाइजेसन गरी विद्युतीय प्रणालीमा आवद्ध गर्ने। | | | √ | | | |
| ५ | कानूनको आवश्यकता पहिचान गरी कार्यन्वयनयोग्य कानून निर्माण गर्न अध्ययन अनुसन्धान गर्ने कार्यक्रम। | | | √ | | | |
| ६ | समुदायसँग न्यायिक समिति कार्यक्रम | | | √ | | | |
| ७ | न्यायिक क्षेत्र सुधार कार्यक्रम | √ | √ | √ | | | |

## १०. अपेक्षित उपलब्धी

नीति तथा कानून निर्माणमा सहभागितात्मक अभ्यासको पालना भएको हुनेछ। गाउँवासीले गाउँपालिकामार्फत हुने सार्वजनिक सुनुवाई कार्यक्रममा गुनासो तथा आफ्ना अभिमत राख्न पाएका हुनेछन्। गाउँपालिकामार्फत हुने सार्वजनिक खर्चहरुमा पारदर्शिता हुनेछ। सेवा प्रवाह प्रभावकारी हुनेछ र सुशासन अभिवृद्धि भएको हुनेछ। सानातिना विवाद मुद्दाहरु न्यायिक समितिमार्फत विवाद समाधान भई टुङ्गोमा पुग्नेछन्। यसले न्याय प्राप्तिमा लाग्ने खर्च र समय दुवैको बचत हुनेछ।

## परिच्छेद दश

# योजना निर्माण, अनुसन्धान तथा तथ्यांक प्रणाली

### १. पृष्ठभूमि

योजना निर्माण, अनुसन्धान तथा तथ्यांक प्रणाली, यी तीन विषय एक अर्कासँग अन्तरसम्वन्धित छन् र एकले अर्कोलाई पृष्ठपोषण गर्दछन् । आवधिक योजना तर्जुमा सामान्यतः पाँच/पाँच वर्षमा गर्ने अभ्यास रहेको छ भने अनुसन्धान तथा तथ्यांक संकलन नियमित भैरहने कार्य हुन् । आवधिक योजनामा पनि मध्यावधि मूल्यांकनको आधारमा यसका लक्ष्य तथा कार्यक्रममा संशोधन गर्ने अभ्यास रहेको छ। मध्यावधी मूल्यांकनका लागि विभिन्न क्षेत्रसँग सम्वन्धित भरपर्दो तथा अद्यावधिक तथ्यांक एवम् सूचना आवश्यक पर्छ। त्यस्तै, नीति, योजना तथा कार्यक्रम तर्जुमाको लागि पनि अनुसन्धान तथा अद्यावधिक तथ्यांक अपरिहार्य हुन्छन् । तर तथ्यांक भरपर्दो तथा अद्यावधिक भएनन वा अनुसन्धानका नतिजा भरपर्दा भएनन् भने तिनमा आधारित नीति, योजना, कार्यक्रम पनि वस्तुपरक हुदैनन र परिणाममूखी हुन सक्दैनन् ।

### २. वस्तुस्थिति

आवधिक योजनाले गाउँपालिकाको आर्थिक विकासको मार्गचित्र प्रस्तुत गर्ने हुँदा यसको ठूलो महत्व रहन्छ । प्रत्येक नयाँ आवधिक योजनाले गाउँपालिकालाई आगामी पाँच वर्षमा कुन धरातलमा पुऱ्याउने र सो को लागि विभिन्न क्षेत्रमा आवश्यक पर्ने उपलब्धीको खाका प्रस्तुत गर्ने हुँदा योजना तर्जुमा गर्दा गाउँपालिकाको आवश्यकता र उपलब्ध प्राकृतिक स्रोत, विभिन्न आर्थिक-सामाजिक क्षेत्रको वस्तुस्थिति, स्थानीय तहको दृष्टिकोण सम्वन्धी आदि बारे भरपर्दो तथ्यांक तथा सूचना आवश्यक पर्छ। यस अतिरिक्त, विश्वसनीय सूचना तथा तथ्यांक प्रणालीको व्यवस्थापन, अनुसन्धानमा आधारित नीति तथा योजना तर्जुमा, प्रभावकारी अनुगमन तथा मुल्यांकन आदिको आवश्यकता पर्दछ।

### ३. सोच

भरपर्दो तथ्यांक र अनुसन्धानमा आधारित योजन तर्जुमाः योजनावद्ध विकासमा शहिद लखन नमूना

## ४. लक्ष्य

तथ्यांकमा आधारित कार्यान्वयनयोग्य योजना तर्जुमा गर्ने ।

## ५. उद्देश्य

गाउँपालिकामा भरपर्दो र अद्यावधिक तथ्यांक प्रणालीको विकास गर्ने ।

## ६. रणनीति र कार्यनीति

**उद्देश्य १: गाउँपालिकामा भरपर्दो र अद्यावधिक तथ्यांक प्रणालीको विकास गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| भरपर्दो तथा अद्यावधिक तथ्यांक प्रणालीको विकास गर्ने । | १. गाउँपालिकाका आर्थिक तथा सामाजिक क्षेत्रहरु सम्वन्धी विभिन्न किसिमका तथ्यांकहरु संकलन गरी डेटाबेस तयार गरिनेछ तथा हरेक वर्ष अद्यावधिक गरिनेछ।<br>२. आवश्यकता अनुसार विभिन्न क्षेत्रसँग सम्वन्धित गणना (कृषि तथा पशुपन्छी गणना, व्यापार, व्यवसाय तथा औद्योगिक गणना आदि) तथा नमूना सर्वेक्षण गरी बेसलाइन डेटा तयार गरिनेछ।<br>३. गाउँपालिका भित्रका बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केका युवा श्रमशक्ति सर्वेक्षण गरी उनीहरुको सीप, दक्षताको अभिलेखीकरण गरिनेछ।<br>४. अनुसन्धानका नतिजा तथा तथ्यांकमा आधारित रही योजना तथा नीति तर्जुमा र कार्यक्रम तय गर्ने प्रणाली स्थापित गरिनेछ। |

## ७. प्रमूख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| १ | शहिद लखन गाउँपालिकाको समतामूलक समृद्धि तथा विकासको लागि दीर्घकालीन योजना तयार गर्ने । | | | √ | √ | | √ |
| २ | योजना तर्जुमाको लागि आवश्यक तथ्याङ्क तथा सूचनाको लागि अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने । | | | √ | √ | | √ |
| ३ | अनुगमन तथा मूल्याङ्कनसम्बन्धी ऐन र नियमावलीको तर्जुमा । | | | √ | | | |
| ४ | अनुगमन तथा मूल्याङ्कनसम्बन्धी क्षमता अभिवृद्धि तालिम कार्यक्रमहरू सञ्चालन गर्ने । | | | √ | √ | | √ |

| ऋ.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | निजी | सहकारी | गैसस |
| ५ | कार्यक्रम तथा आयोजनाहरूको अन्तिम मूल्याङ्कन तेस्रो पक्षबाट गर्ने । | | | √ | √ | | √ |

## ८. अपेक्षित उपलब्धी

गाउँपालिकाका विभिन्न आर्थिक तथा सामाजिक क्षेत्रका तथ्यांकहरु अद्यावधिक हुनेछन् । योजना तथा नीति तर्जुमा तथा वार्षिक कार्यक्रम निर्माण गर्दा अद्यावधिक तथ्यांकलाई उपयोग गर्ने प्रणाली बसेको हुनेछ । अनुगमन तथा मुल्यांकन पद्दति संस्थागत भएको तथा सूचना प्रविधिमा आधारित भएको हुनेछ ।

## परिच्छेद एघार

# योजना कार्यान्वयन, अनुगमन तथा मुल्यांकन ढाँचा

### १. पृष्ठभूमि

नेपालको प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०१३/१४-२०१७/१८) देखि पन्ध्रौं पञ्चवर्षीय योजना ( आर्थिक वर्ष २०७६/७७-२०८०/८१) सम्म गरी १५ वटा आवधिक योजना मध्ये छैटौं, सातौं र चौधौं योजनाले मात्र आर्थिक विकासको लक्ष्य प्राप्त गरेका छन् । यसले योजनाले राखेका लक्ष्यहरु योजना अवधीको अन्त्य सम्म प्राप्त हुन नसक्ने प्रवृत्ति दोहोरिँदै आएको देखिन्छ । यसो हुनाको प्रमूख कारणहरुमा योजना कार्यान्वयन प्रभावकारी नहुनु, योजना धरातलीय यथार्थमा आधारित नहुनु, अनुगमन तथा मुल्यांकन प्रणाली कमजोर हुनु आदि रहेका छन् । दोस्रो आवधिक योजना उपलब्धीमुलक बनाउन निम्न अनुसारका योजना कार्यान्वयन, अनुगमन तथा मुल्यांकन ढाँचा अवलम्बन गर्नपर्ने आवश्यकता देखिएको छः

१. गाउँपालिकाले वार्षिक बजेट तर्जुमा गर्दा आवधिक योजनाले राखेका सोच, लक्ष्य, रणनीति, कार्यनीति तथा प्रमूख आयोजना/कार्यक्रमहरु आदिका आधार बनाउने ।

२. प्रोजेक्ट बैंक कार्यान्वयनमा ल्याई सार्वजनिक खरिद योजनाअनुसार आयोजना/कार्यक्रम कार्यान्वयन प्रक्रिया तथा प्रभावकारी अनुगमन तथा मुल्यांकन गर्ने/गराउने तथा कार्यान्वयनमा संलग्न पक्षलाई सम्झौता अनुसार समयमै भुक्तानी गर्ने ।

३. मासिकरुपमा आयोजना/कार्यक्रम कार्यान्वयन सम्वन्धमा अध्यक्ष, उपाध्यक्ष तथा अन्य जनप्रतिनिधिसँग अन्तर्कृया गर्ने तथा अनुगमन तथा मुल्यांकनबाट आयोजना/कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या, अवरोधहरुलाई तुरुन्तै समाधानको पहल गर्ने ।

४. आयोजना सम्पन्न भएपछि समयमा नै हस्तान्तरण गर्ने ।

५. निकायगत जिम्मेवारी निम्नानुसारको हुनेछ ः

| निकाय | प्रमुख जिम्मेवारी |
|---|---|
| गाउँसभा | आवधिक योजना अनुमोदन तथा नीतिगत निर्देशन |
| गाउँ कार्यपालिका | योजना कार्यान्वयनको समग्र नेतृत्व |
| अध्यक्ष | समन्वय, निर्देशन तथा अनुगमन |

| | |
|---|---|
| उपाध्यक्ष | सामाजिक तथा समावेशी कार्यक्रमको अनुगमन |
| प्रमुख प्रशासकीय अधिकृत | प्रशासनिक व्यवस्थापन तथा प्रगति प्रतिवेदन |
| विषयगत शाखाहरू | कार्यक्रम कार्यान्वयन |
| वडा कार्यालय | स्थानीय स्तरमा कार्यक्रम सञ्चालन |
| उपभोक्ता समितिरसमुदाय | परियोजना कार्यान्वयनमा सहभागिता |
| नागरिक समाज तथा निजी क्षेत्र | सहकार्य र सामाजिक निगरानी |

गाउँपालिकाको आवधिक योजना कार्यान्वयन, अनुगमन तथा मूल्यांकन ढाँचा नतिजामुखी, सहभागितामूलक तथा उत्तरदायी हुनुपर्छ । स्पष्ट जिम्मेवारी, मापनयोग्य सूचक, नियमित अनुगमन, मध्यावधि तथा अन्तिम मूल्यांकन, सामाजिक उत्तरदायित्व र डिजिटल सूचना प्रणालीको प्रयोगमार्फत योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सकिन्छ । यस ढाँचाले सुशासन, पारदर्शिता र दिगो स्थानीय विकासका लक्ष्य हासिल गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ ।

## परिच्छेद बाह्र

# योजना तर्जुमा विधि

शहिद लखन गाउँपालिकाको दोस्रो आवधिक योजना तर्जुमा गर्दा स्थानीय आवश्यकता, उपलब्ध स्रोत-साधन, जनअपेक्षा तथा दीर्घकालीन विकास लक्ष्यलाई आधार मानेर गरिएको छ। योजना तर्जुमा कार्यको प्रारम्भमा गाउँपालिकाका अध्यक्ष, सम्पुर्ण वडाका वडा अध्यक्षहरु, विषयगत शाखाका कर्मचारीसँग योजना बारे अन्तर्कृया कार्यक्रम सञ्चालन गरिएको थियो । त्यसपछिको चरणमा गाउँपालिकाको सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, कृषि, स्वास्थ्य, वातावरणीय तथा संस्थागत अवस्थाको तथ्याङ्क संकलन गरिएको थियो । तथ्याङ्क संकलनका लागि वडास्तरीय छलफल, गाउँपालिकाका विज्ञहरु, बालबालिका तथा युवाका प्रतिनिधि, व्यवसायी तथा अन्य सरोकारवालासँग अन्तरक्रिया, प्रत्यक्ष अवलोकन तथा उपलब्ध सरकारी अभिलेख अध्ययन गरिएको थियो। यस प्रक्रियाबाट गाउँपालिकाको वर्तमान अवस्था, समस्या, सम्भावना तथा चुनौतीको यथार्थ विश्लेषण गरिएको छ। यिनै छलफल तथा अन्तर्कृयाका आधारमा दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता निर्धारण गरी विषयगत क्षेत्रअनुसार कार्यक्रम तथा आयोजना पहिचान गरिएको छ।

योजना तर्जुमाको अर्को चरणमा वडा तथा गाउँपालिकास्तरीय सार्वजनिक छलफलमार्फत प्राप्त सुझाव समेटेर मस्यौदा आवधिक योजना तयार गरिएको थियो । योजनामा पूर्वाधार विकास, कृषि तथा रोजगार, शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन, विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा सुशासनजस्ता क्षेत्रलाई प्राथमिकतामा राखिएको छ। प्रत्येक कार्यक्रमका लागि सहकार्य गर्ने निकाय, जिम्मेवार निकाय, अनुमानित लागत तथा अपेक्षित उपलब्धि, उल्लेख गरिएको छ।

दोस्रो आवधिक योजना तर्जुमा गर्दा गाउँपालिकाको सन्तुलित विकास, संरचनागत रुपान्तरण, समावेशी तथा समतामुलक आर्थिक वृद्धि र दिगो विकासका लक्ष्यहरुलाई सैद्धान्तिक आधार बनाइएको छ। यी आधारहरु जनप्रतिनिधिहरु, विभिन्न सरकारी अधिकारी, निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रका प्रतिनिधिहरुसँगको अन्तर्कृया छलफलको निचोडबाट सोच, लक्ष्य, उद्देश्यहरु तय गरिएको र सोही अनुरुप रणनीति, कार्यनीति र कार्यक्रमहरु समावेश गरिएको छ। योजना तर्जुमा गर्दा निम्न अनुसारका द्वितीय तथा प्राथमिक स्रोतबाट तथ्यांक तथा जानकारी उपयोग गरिएको छ।

**(क) द्वितीय स्रोत**

योजना तर्जुमा गर्दा निम्नानुसारका द्वितीय स्रोतहरुको अध्ययन गरी आवश्यक तथ्यांक तथा जानकारी उपयोग गरिएको छः

१. नेपालको संविधान, २०७२

२. शहिद लखन गाउँपालिकाको प्रथम आवधिक योजना।

३. गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)।

४. संघीय सरकारको सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)।

५. गाउँपालिकाको २०८२/८३ को नीति तथा कार्यक्रम।

६. राष्ट्रिय तथ्यांक कार्यालयका प्रकाशनहरुः जनसंख्या तथा घरधुरी सर्वेक्षण, औद्योगिक गणना, कृषि गणना, राष्ट्रिय लेखा लगायतका अन्य प्रतिवेदनहरु

७. शहिद लखन गाउँपालिकाको विगत आर्थिक वर्षहरुको अनुभव तथा सिकाइहरु

८. अन्य उपयोगी प्रकाशनहरु

**(ख) प्राथमिक स्रोत**

प्राथमिक स्रोत अन्तर्गत विभिन्न तहमा निम्नअनुसारका अन्तर्कृया तथा छलफल कार्यक्रमहरु गरिएका थिएः

१. शहिद लखन गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष।

२. प्रत्येक वडाका वडाध्यक्षहरु तथा राजनीतिक दलका प्रतिनिधि तथा समाजका अगुवाहरु।

२. शहिद लखन गाउँपालिका प्रमूख प्रशासकीय अधिकृत, शाखा प्रमूखहरु तथा अन्य कर्मचारीहरु।

३. सबै वडाका वडा सचिवहरु।

४. निजी क्षेत्र तथा सहकारी क्षेत्रका प्रतिनिधिहरु।

५. अन्य राजनीतिक दलका प्रतिनिधिहरु

६. शहिद लखन गाउँपालिका क्षेत्रमा बसोबास गर्ने Randomly छानिएका केही आम जनताहरु।

यसरी उपलब्ध द्वितीय स्रोत तथा प्राथमिक स्रोतहरुको उपयोग गरी योजना दस्तावेजको मस्यौदा तयार गरिएको थियो। गाउँपालिका कार्यालयमा मस्यौदामा आधारित प्रस्तुतीकरण र छलफलबाट प्राप्त सुझावहरु समेटी दोस्रो आवधिक योजनाको अन्तिम दस्तावेज तयार गरिएको छ।

# शहिद लखन गाउँपालिका

गोरखा